# नेपाल समाचारपत्र

नेपाली मनका नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» शनिबार, साउन २१, २०७४ » Saturday, August 5, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला थ्वः १३ » वर्ष २३, अंक २०७ » पृष्ठ १२ » मूल्य रू. १०/–



२ { प्रयास निरन्तर

५ { ३६ सहसचिवको सरुवा

८ { जर्मनीमा दूषित अण्डा फालिए

९ { भरतपुर-१९ मा हिजैबाट गणना


# पहिरोबाट ६ को मृत्यु

## १५० घर उच्च जोखिममा



सिर्जना पन्त, बागलुङ

बागलुङ जिल्लाको पश्चिम क्षेत्रमा शुक्रबार गएको छुट्टाछुट्टै पहिरोमा पुरिएर ६ जनाको मृत्यु भएको छ। बिहीबारबाट परेको अविरल वर्षाका कारण निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकाको विभिन्न स्थानमा गएको पहिरोमा पुरिएर एकै घरका चार जनाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।


सरखाप हुँदै खेतीयोग्य जमिन

पृष्ठ ९


मृत्यु हुनेमा निसीखोला गाउँपालिका देवीस्थान-६ का एकै परिवारका ६८ वर्षीय मनिमान छन्त्याल, उनकी पत्नी ६३ वर्षीया नन्दिकला छन्त्याल, बुहारी २२ वर्षीया बिन्दु छन्त्याल र छोरी १८ वर्षीया गीता छन्त्याल रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

## तीन बेपत्ता, हजारौं घर डुबानमा

नवलपरासी, (नेस)

बाढीका कारण नदी र खोलामा डुबेर तीन जना बेपत्ता भएको छन्। तीनै जनाको खोजी जारी रहेको प्रहरीले जनाएको छ। बाढीका कारण नवलपरासीमा शुक्रबार एक बालकसहित दुई जना र बिहीबार एक पुरुष बेपत्ता भएका थिए। पाल्हीनन्दन-३ स्थित नहरमा बालक डुबेको देखेर उद्धार गर्न जाँदा सोही स्थानका ६० वर्षीय वृजलाल गुप्ता पनि बेपत्ता भएका हुन्। दुवैको खोजी भइरहेको प्रहरीले जनाएको छ। बिहीबार भने प्रतापपुरस्थित खजुरा खोलाले बगाएर इब्राहिम मिया बेपत्ता भएका थिए।

यसैबीच बुधबारदेखि लगातार परेको वर्षाका कारण जिल्लाका विभिन्न क्षेत्रका करिब २ हजार घर डुबानमा परेका छन्। बाढीबाट सदरमुकाम परासीसहित ग्रामीण तथा सीमावर्ती क्षेत्रका चार गाउँपालिकामा बढी क्षति हुन पुगेको छ।

जिल्लाको पहाडी क्षेत्र हुँदै बगेका झरही, रायपुरवा, खजुरा, भलुही र पानभार खोलाको बाढी ती क्षेत्रमा बसेको बताइएको छ।

# आयल निगममा अब अख्तियार

## लेखासमितिले छानबिनको जिम्मेवारी अख्तियारलाई दियो।

बीपी साह, काठमाडौं

नेपाल आयल निगमको जग्गा खरिद प्रकरणमा भएको अनियमितताको छानविन अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने भएको छ। निगमको जग्गा खरिद प्रक्रियामा अनियमितता भएको ठहर गर्दै व्यवस्थापिका संसद्को सार्वजनिक लेखा समितिले अनुसन्धानका लागि अख्तियारलाई जिम्मेवारी दिने निर्णय गरेको छ।

*नेपाल समाचारपत्र*सँग कुराकानी गर्दै लेखा समितिका सभापति डोरप्रसाद उपाध्यायले जग्गा टेन्डरमार्फत खरिद गरिएकाले विधि र प्रक्रिया मिचिएको बताउनुभयो। जग्गा प्राप्ति ऐनलाई बेवास्ता गरी टेन्डरमार्फत खरिद गर्दा व्यापक अनियमितता भएको देखिएकाले अख्तियारलाई अनुसन्धानका लागि पत्र पठाउन लागिएको उपाध्यायले बताउनुभयो।

समितिको शुक्रबार बसेको बैठकमा अख्तियारलाई अनुसन्धानका लागि पत्र पठाउने निर्णय भएको र पत्र पनि तयार भइसकेको सभापति उपाध्यायले बताउनुभयो। समितिको सचिवालयका अनुसार शुक्रबार ढिलो भइसकेकाले आइतबार मात्र पत्र अख्तियार कार्यालयमा पुग्नेछ।

(क्रमशः पृष्ठ ९ मा)

## कहाँ हराउँछन् सांसद ?

काठमाडौं, (नेस)

शुक्रबारको व्यवस्थापिका संसद्को दर्शक दीर्घामा अपाङ्गता भएका व्यक्तिहरू ठूलो संख्यामा बसेका थिए। निकै खुसी अनुहार लिएर संसद् भवन पुगेका अपाङ्गता भएका व्यक्तिहरू निरास भएर फर्के। कारण थियो 'अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी विधेयक, २०७४' शुक्रबार पारित हुनुपर्ने थियो।

कार्यसूचीमा उक्त विधेयक भएकाले उनीहरू सदनमा पुगेका थिए। तर सांसदहरू नै बेपत्ता भएपछि विधेयक पारित भएन र उनीहरू निरास भएर घर फर्के।

(क्रमशः पृष्ठ ९ मा)


## नेपाल आयल निगम लि.को विज्ञप्ती

नेपाल आयल निगम

नेपाल आयल निगमले पेट्रोलियम पदार्थहरूको भण्डारण क्षमता बढाउनको लागि प्रादेशिक संरचना बमोजिम विश्लेषण गरी नयाँ ठाउँहरुमा खरीद गरेको जग्गाको सम्बन्धमा विभिन्न संचार माध्यमहरुमा आएका टिकाटिप्पणीहरू प्रति निगमको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको नयाँ संविधान, २०७२ जारी भएपछि उत्पन्न नाकाबन्दी लगायतको विषम परिस्थिति तथा निगमसंग न्यून भण्डारण, क्षमता भएको कारण पेट्रोलियम पदार्थहरुको दैनिक आपूर्तिमा असहज अवस्था सृजना भई आम उपभोक्ताहरुलाई धेरै नै असुविधा भए पश्चात् २०७२ सालमा नै तत्कालीन नेपाल सरकारले मुलुकका विभिन्न प्रदेशमा तीन महिना (९० दिन) को पेट्रोलियम भण्डारण क्षमता विकास गर्ने निर्णय गरी सोही मुताबिक आवश्यक कार्य गर्न आपूर्ति मन्त्रालय मार्फत निगमलाई निर्देशन प्राप्त भएको थियो। ततः पश्चात गत आ.व.२०७३।७४ मा पनि नेपाल सरकारको नीति तथा कार्यक्रम मार्फत पनि सो नीतिलाई निरन्तरता दिए पछि निगम संचालक समितिले स्वीकृत गरेको कार्यक्रम एवं जग्गा खरीदको स्वीकृत लागत बजेटको परिधि भित्र रही निगमले प्रचलित खरीद ऐन, २०६३ तथा निगमको आर्थिक प्रशासन तथा खरीद सम्बन्धी विनियमावली, २०६४ बमोजिमको प्रकृया पूरा गरी ३५ दिनको समय दिई प्रादेशिक संरचना बमोजिम पेट्रोलियम पदार्थको थप भण्डारण क्षमता विकास गर्न स्वीकृत नयाँ क्षेत्रहरुको प्रस्ताव माग्ने खण्ड तथा जग्गाको प्राविधिक मापदण्डहरु यकिन गरी सार्वजनिक सूचना जारी गरी (**E-Bidding**) सहितको बोलपत्र प्रकाशित गरी बोलपत्र साथ प्राप्त भएका प्रस्तावहरु संचालक समितिले निगम व्यवस्थापनलाई दिएको निर्देशन र अख्तियारी बमोजिम कानूनी, प्राविधिक र आर्थिक रुपले उपयुक्त सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्र दाताको प्रस्ताव स्वीकृत गरी आवश्यक खरीद सम्झौता गरेर निगमले केही जग्गा झापा, सर्लाही, चितवन र रुपन्देहीमा खरिद गरिसकेको तथा सम्झौताका शर्तनामा तथा कार्य सम्पादन जमानत बमोजिम अझै प्रस्तावदाताले सम्पन्न गर्नुपर्ने कार्यहरु बाँकी भएको अवस्था छ। त्यसैगरी व्यवस्थापिका-संसद उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पनि प्रत्येक प्रदेश भित्रै ९० दिनको भण्डारण क्षमता वृद्धि गर्ने विषयमा निगमलाई समय समयमा आवश्यक निर्देशन दिई सोबारे पटक-पटक ताकेता एवं प्रगति विवरण लिदै आईरहेको स्थिति थियो।

हाल निगमसँग भएको मुलुकभरको जम्मा भण्डारण क्षमताले मागको पेट्रोल करीव ५-६ दिन, डिजेल करीव ७-८ दिन र हवाई इन्धन करीब १३ दिनको मात्र खपत धान्ने अवस्था छ भने निगमसँग एल.पि. ग्यासको कुनै भण्डारण क्षमता नभएको स्थिति छ। निजी ग्यास उद्योगीहरूसँग भएको कुल जडित क्षमताले मागको करिव ३ देखि ५ दिनको आपूर्ति मात्र धान्न सक्दछ। यस अवस्थामा चाँडोभन्दा चाँडो भण्डारण क्षमता वृद्धि गरी मुलुकको नयाँ प्रादेशिक संरचना बमोजिम प्रत्येक प्रदेश भित्रै ९० दिन खपत धान्ने क्षमता हुनेगरी भण्डारण क्षमताको विकास गर्न अधिकतम रुपमा करीव ४-५ वर्षको समय लाग्न सक्ने भएको र यो अवधि चुनौतीपूर्ण रहेकाले सो चाँडोभन्दा चाँडो सम्पन्न गर्न नेपाल सरकारको प्रधानमन्त्री कार्यालय, आपूर्ति मन्त्रालय लगायत व्यवस्थापिका-संसद उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पनि पटक पटक सोबारे प्रगति माग गर्दा निगमले ७ महिना अघि जग्गा खरीद गर्न जारी गरेको बोलपत्र सहितका विवरणहरु बारे पटक पटक आवश्यक प्रस्तुतीकरण तथा छलफल भइरहेकै अवस्था हो।

पेट्रोलियम पदार्थको रणनीतिक भण्डारण तथा संचालन केन्द्र बनाउने सम्बन्धमा निगमको अनुभव बमोजिम आपूर्ति हुने बिन्दू सुरक्षा व्यवस्था, उपलब्ध सुविधा (पानी, बिजुली र संचार) तथा बजार क्षेत्र आदि लोकमार्ग मै सटेको वा दोहोरो मालवाहक सवारी चल्न सक्ने सहायक मार्ग वा नीजि बाटो प्रस्ताव गरेको, गाउँ र बस्तीबाट टाढा हुनुपर्ने, पानीको प्रशस्त मात्रामा उलब्धता हुनुपर्ने, नजिकै अरु कलकारखाना नभएको आदि मुख्य मापदण्ड पूरा भएका हुनुपर्ने भएको हुँदा सोही मुताविक सकेसम्म सरकारी जग्गा खोजी गर्न निर्देशन संसदीय समितिबाट प्राप्त भएपछि उक्त मापदण्ड बमोजिम, छनौट भएका अन्य खण्डमा निगमको आन्तरिक श्रोतबाट खोजी गर्दा उपयुक्त सरकारी जग्गा उपलब्ध हुन नसकेपछि खोजी कार्यलाई थप प्रभावकारी बनाउन निगमले आपूर्ति मन्त्रालय मार्फत जग्गा उपलब्ध गराई दिन पत्राचार गरी मन्त्रालयले पनि पहल गरेको र सो प्रकृया अझै जारी रहेको छ। हालसम्म खरिद ऐन, २०६३ आइसकेपछि तथा सोभन्दा अघि पनि निगमका खरीद विनियमावली बमोजिम नै निगमले बोलपत्र मार्फत जग्गा खरिद गरिरहेको अवस्था पनि हो।

आगामी पाँच वर्षभित्र ९० दिनसम्म धान्ने पेट्रोलियम पदार्थहरूको थप भण्डारण क्षमता विकास गर्न करिब पाँच लाख तीस हजार किलो लिटर पेट्रोल तथा १ लाख ३५ हजार मेट्रिक टन एल.पि. ग्यासको भण्डारण क्षमता विकास गर्नुपर्ने हुन्छ भने यसको लागि करिव ३५० विगाहा भन्दा बढी जग्गा आवश्यक पर्दछ। त्यसैगरी एल.पि. ग्यासको ९० दिनको भण्डारण क्षमता विकास गर्न थप ८० विगाहा जग्गा जरुरी पर्दछ। हाल निगमसँग भएका डिपोहरू अधिकांश शहर, बस्ती नजिक भएको कारण उक्त क्षेत्रभित्र थप भण्डारण क्षमता विकास गर्न नयाँ अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम जग्गा अपुग तथा सुरक्षाको दृष्टिले खतरा देखिएको हुँदा नयाँ लोकेशनहरूमा जग्गाको व्यवस्था गर्नुपर्ने बाध्यता निगमको रहेको छ।

बोलपत्र मार्फत् प्राप्त प्रति कठ्ठा मूल्य उल्लेखित क्षेत्रको चलनचल्ती मूल्य हो वा होइन भनी निगमले प्रत्येक लोकेशनहरूको स्थानीय निकायसँग पत्राचार गरी लिखित रुपमा प्राप्त भएको मूल्यलाई आधार मानी टेण्डर मूल्यांकन गरिएको र कानूनी, प्राविधिक र आर्थिक रुपले उपयुक्त पाइएको आधारमा मात्र खरिद गर्ने निर्णय भएको हो। यसमा कुनै मिलोमतो वा अनुचित संलग्नता निगमका कुनै पदाधिकारीहरूको कुनै जग्गा उपलब्ध गराउने वा विक्री गर्ने व्यक्तिसँग नभएको व्यहोरा स्पष्ट पार्न चाहन्छौं। टेण्डरमा भाग लिने ठेकेदार वा सप्लायरले जग्गा खरीद व्यवस्था गर्दा को-कोसँग के-कति मूल्य दिए तथा जग्गाधनीले के-कति प्राप्त गरे भन्ने विषय कानूनी तथा व्यवहारिक दुवै हिसावले निगमको पहुँचभन्दा वाहिरको विषय भएको स्थिति स्पष्ट पार्न चाहान्छौं।

तसर्थ, सरकारको निर्देशन बमोजिम भण्डारण क्षमता वृद्धि गरी आम उपभोक्ताहरूलाई सर्वसुलभ रुपमा पेट्रोलियम पदार्थ उपलब्ध गराउने जिम्मेवारी वहन गर्न निगम हरदम प्रयत्नशील रहने विश्वास दिलाउन चाहन्छौं।


# शव जलाउनै धौधौ

- आफन्त बितेर आर्यघाट पुग्नेहरु शव जलाउने पालो कुर्नका लागि ३ घण्टा सम्म लाइनमा बस्न बाध्य
- विद्युतीय शवदाह गृहको मर्मत समयमा नहुँदा मृतकका आफन्त यसरी पीडित हुनुपरेको हो।



मधुसूदन रायमाझी, काठमाडौं

पशुपतिस्थित आर्यघाटमा शव जलाउन तीन घण्टा लाइन बस्नुपर्ने भएको छ। आफन्त गुमाएको पीडासँगै मृतकका आफन्तले शव जलाउने ठाउँमा तीन घण्टा कुर्नुपर्ने अवस्था सृजना भएको हो। पशुपतिस्थित आर्यघाटमा दाउराबाट दैनिक रुपमा ३० देखि ४० जनाको शव जलाउने गरिएको पशुपति क्षेत्र विकास कोषले बताएको छ।

हाल आर्यघाटमा ११ वटा शव जलाउने स्थान रहेका छन्। जसअनुसार १ नम्बरमा पनि विशिष्ट व्यक्तिहरूको मात्र शव जलाउने गरिन्छ। दाउराबाट शव जलाउन महँगो र वातावरणीय दृष्टिकोणबाट पनि प्रदूषण हुने भएकाले पशुपति क्षेत्र विकास कोषले दुई वर्षबाट इलेक्ट्रोनिक शवदाह गृह सञ्चालनमा ल्याएको थियो। तर इलेक्ट्रोनिक शवदाहगृह विगत एक महिनादेखि बिग्रिएका कारण आर्यघाटमा मृतकका आफन्तले तीन घण्टासम्म कुर्नुपरेको हो।

पशुपति क्षेत्र विकास कोषका एक कर्मचारीले *नेपाल समाचारपत्र*सँग भने- 'इलेक्ट्रोनिक शवदाह गृह बन्द भएको छ। कोषले बनाउन पर्याप्त ध्यान दिएको छैन, जसका कारण मृतकका आफन्तहरूलाई शव जलाउन तीन घण्टासम्म कुनुपर्ने अवस्था सृजना भएको छ।' आफन्त गुमाएको पीडासँगै आर्यघाटमा ठाउँ नपाउँदाको पीडा थपिएको भन्दै कोषको क्रियाकलापप्रति त्यहाँ पुग्ने जो कोहीले असन्तुष्टि जनाउने गरेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

राजेशले एसएलसी दिन पाएनन्। राम्रो पढथे। जाँच दिन दुई महिना बिदामा बसौ भन्दा उनका बुबाले यसो भनेछन्। 'दुई महिना बिदाले तेरो जिन्दगी पास हुँदैन ,यता मुर्ति बनाउनेतिर लागिस भने जिन्दगी पास हुन्छस बाबै।' बाबुको यो कुरा उनलाई विश्वविद्यालयका धुरन्धर गुरुभन्दा राम्रो लाग्यो। राजेशले एसएलसी दिएनन्। मुर्ति बनाउनै लागे। ५२ वर्षपछि आज पनि उनी यो कुरा सम्झदै भन्थे। 'साँच्चै बाबुले मलाई आर्शीवाद पो दिएका रहेछन् ।

Go Ahead

# प्रयास निरन्तर

कमल ढकाल
dhakal_kamal@hotmail.com

रमाइलो भएको थियो। घोष्ट राईटिगले आयोजना गरेको सृजनात्मक तालिम प्रशिक्षणमा। केयुका प्राध्यापक र सृजनात्मक लेखन दोस्रो ब्याचका प्रशिक्षार्थी डक्टर नवराज खतिवडाले सृजना भनेको के हो ? भन्ने बारे चर्चा चलाउदा ।

एक बच्चा चित्र कोरिरहेको थियो। शिक्षकले देखे। सोधिहाले। 'बाबु के गरिरहेको ?' बच्चाले भन्यो 'भगवान बनाउन लागेको।' शिक्षक चित खाए। सोचे। आफैंले नदेखेको भगवान उसले कसरी देख्यो। फेरि सोधे 'मैले त नदेखेको भगवान तिमीले कसरी देख्यौ ?' बच्चाले भन्यो 'नदेखेको भए म बनाउँदै छु एकै छिनमा देख्नुहुन्छ।' सृजना भनेको त्यही हो जो देखिदैन र देखिन्छ पनि। यो कथा सुनेको केही दिनपछि पाटनका राजेश अवालेसंग भेट भयो। बुद्धका मुर्ति भटाभट बनाउदै गरेका उनले पनि त्यही फुच्चेले भनेजस्तो भगवान बनाइराखेका छन्। लाग्यो उनी त भगवान बनाउने कारखानामा पो छन्। उनले बनाइरहेको बुद्ध जसलाई उनका कामदार खुट्टाले थिचेर बुट्टा भर्दैछन। त्यो केही दिनपछि सबैले पुज्ने बुद्ध बन्नेछ। मान्छे पनि भगवानकै कारखानाको एक रुप हो। त्यहि मान्छेले भगवान बनाउछ। अनि भगवानले मान्छे। जिन्दगी यसरी नै चलेको छ। राजेश पनि मेटल बुद्ध मुर्ति बनाउछन्। बेच्छन। पैसाले केही भौतिक सुख भोगका काम गर्छन् र बुद्ध बनाउने समान किन्छन्। बुद्ध, पैसा र बुद्ध। उनको जिन्दगीको राउन्ड यसरी नै बनेको छ।

केही भएन र हुन सकेन भनेर देशलाई र नेतालाई गाली गर्ने फुर्सद उनलाई छैन। खत्तम भयो बर्बाद भयो भन्ने बीच राजेश ५० वर्षदेखि बुद्धका मुर्तिहरु बनाइरहेका छन्। आफ्नो परिवारलाई सान सौकतले पालिरहेका छन्। हस्तकलाअन्तर्गत पर्ने यो बुद्धको मुर्ति बाटै उनले नाम दाम र ईनाम कमाइरहेका छन्।

एकै फिल्डमा ५ दशक कसैले लाग्छ भने उसले पनि राजेश जस्तै बन्न सक्छ। आफ्नो काम पनि नगर्ने। अरुलाई गर्न पनि नदिने बाँदर संस्कृतिसंग उनको लेनादेना केही छैन। उनी मुर्ति बनाएरै संसार डुलेका छन्। उनलाई अरु के भइरहेको छ बुझ्ने फुर्सद पनि छैन।

गरिरहेको काममा अलिक आइडिया र मेहनत हुने बित्तिकै त्यो काम कला बन्छ। उनको बाबुले पनि माटाको भाँडा बनाइरहने पाटनमा थोरै नयाँ काम गरे। राजेशका बाबु कालु कुम्हालेले माटाको सुँगा, मयुर, परेवा, बसेको कुकुर बनाउन थाले। कालुले त्यो काम पाटनका प्रथम आर्टिस्ट चिरी काजी शाक्यसंग सिकेका थिए। थोरै भिन्न काम गरेका कारण बाबुले आर्थिक उपार्जन गरे।

सानैमा राजेशले पनि त्यस्तै काम गरेको बताउछन्। भन्दैथे 'बुबाले ठूलो सुगा बनाए म स्यानो बनाउथे त्यसैले मेरो पकेटमा पैसा भयो।' उनी जन्मेको पाटनको ओकुबहाल नजिकै महाबौद्ध थियो। त्यहाँ टुरिस्ट पनि आउथे। उनीहरु कहिलेकाही राजेशको घरसम्मै आइपुग्थे। उनीहरुले हौस्याउँथे। त्यसले झनै जिन्दगीमा रस भर्थ्यो।



राजेशले एसएलसी दिन पाएनन्। राम्रो पढथे। जाँच दिन दुई महिना बिदामा बसौ भन्दा उनका बुबाले यसो भनेछन्। 'दुई महिना बिदाले तेरो जिन्दगी पास हुँदैन ,यता मुर्ति बनाउनेतिर लागिस भने जिन्दगी पास हुन्छस बाबै।' बाबुको यो कुरा उनलाई विश्वविद्यालयका धुरन्धर गुरुभन्दा राम्रो लाग्यो। राजेशले एसएलसी दिएनन्। मुर्ति बनाउनै लागे। ५२ वर्षपछि आज पनि उनी यो कुरा सम्झदै भन्थे। 'साँच्चै बाबुले मलाई आर्शीवाद पो दिएका रहेछन्, एसएलसी पास गरेको भए म पढनेतिर जान्थें कहाँ पुग्थें, पुग्थें।' भन्दैथे- 'पास हुन यता आए, जिन्दगीमा पास भएँ।'

तेलकोटमा राखिएको ठूलो बुद्धको मुर्ति होस वा सल्लाघारी। ठुला-ठुला बुद्धको मुर्ति उनैले बनाएका हुन्। मुर्ति बनाउन पारंगत छन् राजेश। काम गरिरहेपछि कामले नै मान्छे बनाउनेरहेछ। उनले अहिलेसम्म विदेश ब्यापार गरौं भनेर कही निवेदन हालेका छैनन्। प्रपोजल लेखेका छैनन्। ग्वार्कोको एक कुनामा उनी आफ्नो काम गरिरहेका हुन्छन्। विदेशबाट कहिले को आएर यो हयाग्रिभ हयान्डिक्राफ्ट हो ? राजेश हो ? हामी त्रिभुवन विमानस्थलमा छौ लिन आउनुस न भन्छन्। उनी लिन जान्छन्। वर्षौसम्म उसैसंग काम गर्ने बा ? कहिलेसम्म गर्ने ? भनेर सोधिरहन्छन्। नातिनातिना डक्टर, र इन्जिनियर पढने भइसके। उनी भने काममै लागिरहेछन्। भाग्यमा लेखिएको जति छ त्यति पाउने हो भनेर उनी चुप बस्नै सक्दैनन्। भाग्यमै कोशिस गरे मिल्छ भनेर लेखिएको छ कि भनेर उनी कोशिस गरिरहन्छन् ।

२ सय ५० भेराईटीका मुर्ति बनाइसके उनले। उनका छ दाजुभाइ सबै मुर्तिकै ले सम्पन्नताको झलक दिएको थियो। सम्पन्नता र बैभवता बीच अनुशासित राजेश आफ्नो जिन्दगीदेखि खुसी देखिन्थे। ६३ वर्ष भए। काम गर्न छाडदैनन्। काम गर्दा गर्दै पुक्लुक्क मरुँ भन्ने चाहना रहेछ उनमा।

'भविष्य आफै बन्छ, समयलाई सिस्टममा चलाउन सक्नुपर्छ।' यो भनाइ कतै नसुने पनि उनी सुने झै काम गरिरहेका छन्। समयलाई सिस्टममा चलाउन अहिले हुन्छ। स्विजरल्यान्ड , हङकङ, जर्मन, अमेरिका सबैतिर उनले बनाएको मुर्ति पुगेको छ। यसै गरी।

> कसैले खोजोस नखोजोस लुरुलुरु आफ्नो काम गरिरहेका छन्। नेपालको बुद्ध मुर्ति भनेर संसारभर चिनाइरहेका छन् । काम आफ्नो गरे पनि त्यसको बास्ना संसारभर छरिएको छ। एकाग्रता नै बुद्धत्व हो भनेर मट्ठनन्छ । उनको एकाग्रता ५० वर्षदेखि बुद्ध मुर्तिमै छ। धेरै कुरा छन् उनका। यो अट्ठर्टकल त एक झिल्को मात्र हो। धेरैले नदेखेको नसुनेको एक अनसंग हिरो राजेशसंग बस्दा बुद्ध मुर्तिको बारे मात्र हैन बुद्धको बास्ना आफैंले लिएर आएजस्तो लाग्यो।

काममा सधैं सुख मात्र हुँदैन। उनले पनि पटकपटक दु:ख ब्यहोरेका छन्। कहिले काम गर्दा गर्दै मूल्य आकासिन्छ। कहिले मुर्ति बनाउँदाबनाउँदै बिग्रिएर हैरानी हुन्छ। सफा सुग्घरी काम हैन। धुँवाधुलोले त्यस्तै हैरानी पार्छ। एक जमानामा ८२ जना कामदार भएको उनको कम्पनीमा अहिले २२ जना छन्। लाखौं घाटा भएको कारण एकपल्ट कामै छाडछु भन्ने पनि लागेछ उनलाई। फेरि कामलाई कामले नै सम्झायो र उनी यही काममा लागे।

छोरा राजु, छोरी अन्जु र कान्छो छोरा बिजु पनि उनलाई कति काममा लागेका छन्। सबै आ-आफनै तवरले सम्पन्न छन। दुई दिदीबहिनीको पनि राम्रै व्यवस्था छ। उनको कामको सम्मान बापत सरकारले राष्ट्रिय प्रतिभा पुरस्कार, गोरखा दक्षिण बाहुलगायत थुप्रै पुरस्कार दिएको छ।

भुटानका बीसवटै जिल्लामा उनले बनाएको बुद्धका मुर्ति छन्। भुटानी राजाको फोटोसंगै आफ्नो ठुलो फोटोमुनि बसेर अन्तवार्ता दिँदै उनले भने- 'भुटानको जुन जिल्लामा गए पनि त्यहाको प्रमुखले मलाई जुनसुकै बेला फोन गरे पनि हुन्छ कामका लागि भन्छ , आफ्नै देशमा भने आफ्नो काम गर्न बाह्र बज्छ।' कोठाभरि मानसम्मान र पदक टाँगिएका छन्। कोठामा रहेको बडेमानको टिभी ( सायद चउत्तर ईन्च) उनी आर्ट भिलेजको कन्स्पेटमा लागिरहेका छन्। देशभरिका मुर्ति कलालाई चिनाउने गरी उनले गरेको आर्ट भिलेजको काममा कुनै दिन राष्ट्रले गर्व गर्नेछ।

कसैले खोजोस नखोजोस लुरुलुरु आफ्नो काम गरिरहेका छन्। नेपालको बुद्ध मुर्ति भनेर संसारभर चिनाइरहेका छन् । काम आफ्नो गरे पनि त्यसको बास्ना संसारभर छरिएको छ। एकाग्रता नै बुद्धत्व हो भनेर मानिन्छ। उनको एकाग्रता पचास वर्षदेखि बुद्ध मुर्तिमै छ। धेरै कुरा छन् उनका। यो आर्टिकल त एक झिल्को मात्र हो। धेरैले नदेखेको नसुनेको एक अनसंग हिरो राजेशसंग बस्दा बुद्ध मुर्तिको बारे मात्र हैन बुद्धको बास्ना आफैंले लिएर आएजस्तो लाग्यो।

# बलिउडका चर्चित ५ अभिनेत्री



## तनुश्री दत्त

सन् १९८४ मा जन्मिएकी तनुश्री दत्त मोडल र अभिनेत्रीका साथै २००४ को *मिस इन्डिया युनिभर्स*को विजेता पनि हुन्। *आशिक बनाया आपने*, *वीरभद्रा*, *चकलेट*जस्ता फिल्ममा अभिनय गरेकी तनुश्री पनि बलिउडबाट टाढा भएकी छिन्।



## रिना रोय

सन् १९७२ र १९८५ को बीचमा रिना रोय बलिउडमा चलेको नाम बन्न पुगिन्। १९९८ मा *फिल्मफेयर लाइफटाइम अचिभमेन्ट* हात पारेकी रोयले *जरुरत*, *बारुद*, *नागिन*, *जानी दुश्मन*, *रिफुजी*जस्ता फिल्ममा अभिनय गरेकी थिइन्। सन् १९५७ मा उनी जन्मिएकी हुन्।



## ममता कुलकर्णी

सन् १९७२ मा जन्मिएकी पूर्वअभिनेत्री तथा मोडल ममता कुलकर्णीले *आशिक आवारा*, *वक्त हमारा है*, *क्रान्तिवीर*, *करन अर्जुन*, *सबसे बडा खिलाडी*जस्ता व्यवसायिक रुपमा सफल चलचित्रका काम गरिन्। एक सिरियलमा देवीका रुपमा प्रस्तुत भएका कारण दर्शकबाट पुजिने उनले फिल्म खेल्ने क्रममा नग्न छातीलाई हातले छोपेर तस्वीर खिचेपछि ठुलो विवादको सामना गर्नुपर्‍यो। सन् २००३ बाट भने उनी फिल्मी क्षेत्रमा निष्क्रृयजस्तै देखिइन्।



## महिमा चौधरी

बलिउड फिल्ममा अर्को चर्चित अभिनेत्रीको नाम हो, महिमा चौधरी। सन् १९७३ मा जन्मेकी चौधरीले मोडलिङ र फिल्ममा राम्रो छाप छोड्न सफल भइन्। चौधरीले डेब्यु फिल्म *परदेश* बाट *वेस्ट फिमेल डेब्यु अवार्ड* जितेकी थिइन्।



## अनु अग्रवाल

सन् १९६९ मा जन्मिएकी अनु अग्रवाल जम्मा ६ वर्षजति बलिउडमा सक्रिय देखिइन्। त्यस अवधिमा अनुले *आशिकी*, *जन्म कुण्डली*जस्ता फिल्ममा अभिनय गरिन्।

# ९ आईजीपीसँग डीएसपी कलाकारको अनुभूति




नेपाल प्रहरीका पूर्वनायब प्रहरी उपरिक्षक तथा टेलिभिजन र रेडियो कार्यक्रम प्रहरी अनुरोधका पूर्वसञ्चालक आनन्द पुरीले प्रहरी संगठनमा आफूले भोगेका अनुभवहरुलाई पुस्तकका रुपमा तयार पारेका छन्।

९ आईजीपीसँगका अनुभूति शीर्षक दिइएको पुस्तकमा पुरीले प्रहरी संगठनमा देखेका र भोगेका सुख, दु:ख, मिलन विछोड, न्याय, अन्याय, आकृति, विकृतिजस्ता पक्षलाई उजागर गरेका छन्। प्रहरी संगठनमा रहेका बेला रेडियो र टेलिभिजनका लागि निर्माण गरिएको कार्यक्रममार्फत कलाकारिता र निर्देशनसमेत गरेका पुरीले पुस्तकमा पञ्चायतकालदेखि लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था लागू हुँदासम्मको प्रहरी नेतृत्व चयनका बारेमा समेत खुलाएको बताए। असईबाट प्रहरी सेवा शुरु गरी ३१ वर्षे सेवा अवधिमा प्रहरी नायब उपरीक्षकसम्म भई संगठनबाट अवकाश लिएका पुरीले आफ्नो पुस्तकमा देशमा पटकपटक भएका राजनीतिक परिवर्तनले प्रहरी संगठनमा पारेको प्रभाव, तत्कालीन राजा वीरेन्द्रसँगको भीभीआईपी सेक्युरिटीमा रहँदाको रोमाञ्चक अनुभव, हिमाल चढ्दाको रोचक र चुनौतिपूर्ण यात्रा, संयोग र वियोग, ड्युटीमा खटिँदाको चुनौती र सहजता, दुर्गम र सुगम स्थानको अनुभव, अपराधीसँगको जम्काघेट र कारवाही, जनताबाट पाएको हाईहाईलगायतको विषयलाई समेटेका छन्।

प्रहरी र प्रहरी संगठनप्रति रुचि राख्नेहरु तथा पुरीका शुभचिन्तकहरुका लागि रोचक यो पुस्तक आगामी साता विएन पुस्तक संसारले बजारमा ल्याउने भएको छ। पुरीद्वारा यसअघि लिखित हिमालको स्वच्छ जल प्रवाह र भक्तिमाला बजारमा आइसकेका छन् भने दर्जनौं कथा र कविता प्रकाशन हुँदै आएका छन्।



# एमटिभीमा नेपाली चेली

नेपाली चेली पनि कोहीभन्दा कम छैनन्। यसको पछिल्लो उदाहरण बनेकी छिन् मोडल ईशा खड्का चौधरी।

इशा भारतीय टेलिभिजन च्यानल एमटिभीबाट प्रशारण हुँदै आएको मनोरञ्जनप्रधान शाहसिक रियालिटी शो *स्प्लिटसभिल्ला१०* मा चयन भएकी छिन्। विभिन्न देशबाट भएको अडिसनमा हजारौंमध्येबाट ईशा उत्कृष्ट १५ मा परी तीन सातादेखि स्प्लिटसभिल्लाको यो दशौं शृंखलामा आएर ईशा नेपालबाटै पहिलोपटक चयन भएकी हुन्।

अभिनेत्री सन्नी लियोन र रणबिजयले सञ्चालन गर्दै आएको *स्प्लिटसभिल्ला* एमटिभीकै लोकप्रिय रियालिटी शो मानिन्छ। एमटिभीको *रोडिज* र *स्प्लिटसभिल्ला* सर्वाधिक लोकप्रिय रियालिटी शो मानिँदै आएको छ। जसमा आफू पहिलोपटक नेपालको प्रतिनिधित्व गर्दै अघि बढिरहेको बिहीबार मात्र काठमाडौं आएकी मोडल ईशाले जानकारी गराइन्।

दुई साता अघिबाट हरेक आइतबार बेलुका ७:१५ एम टिभीमा प्रशारण भइरहेको यो रियालीटी शोमा भारतका चर्चित मोडल, गायक तथा सेलिब्रेटीहरु सहभागी छन्। उनीहरुसँग समूहमा ईशाले प्रतिस्पर्धा गर्दै उत्कृष्ट १२ को स्थान बनाइसकेकी छिन्।

ललितपुरको भैंसेपटी निवासी ईशाले विभिन्न फेसन शोमा भाग लिँदै आएकी छिन्। ललितपुरको सेन्ट मेरिज र भारतको देहरादुनबाट प्लस टु पूरा गरेकी ईशाले भारतकै नयाँ दिल्लीबाट मिडियामा डिप्लोमा गरेकी छिन्। उनी केही समयदेखि मुम्बईमा अभिनय सिकिरहेकी थिइन्।





# केट हेलिकोप्टरमा नग्न सवार





हलिउड सुपरमोडल केट मोस नग्न रूपमा देखिएकी छिन्। इटालीको क्याप्रीमा हेलिकप्टरभित्र उनलाई यस्तो अवस्थामा देखिएको एजेन्सीले जनाएको छ।

एजेन्सीका अनुसार हेलिकोप्टरमा सवार ४३ वर्षीया मोडल मसलाई माथिल्लो भाग नग्न रुपमा देखिएको हो। हेलिकप्टरमा उड्दै गरेको अवस्थामा उक्त नग्न तस्बिर खिचिएको एक मनोरञ्जनात्मक वेवसाइटले जनाएको छ। केटले मोडलिङका क्रममा थुप्रै टपलेस फोटोहरु खिचाएकी छिन्, जसका कारण उनलाई निकै खुसी र आत्मविश्वास मिलेको थियो।

हेलिकोप्टरमा सवार उक्त तस्बिरमा भने उनलाई कालो जिन्स पाइन्ट, कालो बुट र सेतो रंगको ज्याकेटजस्तो देखिने कपडामा देख्न सकिन्छ। जसमा उनले ज्याकेट साइडबाट खोलेर उत्तेजकरुपमा तस्वीर खिचाएकी छिन्।

# शुशीलाको तीज गीत

गायिका शुशिला पाठकले तीजलाई लक्षित गर्दै तीज गीत सार्वजनिक गरेकी छिन्।

उनले गीतमा *सबले गाउँछन एउटै मात्र गीत*

*म पनि त बर माग्छु भगवान शिवसित* भन्दै तिजैमा ब्रत बसेर शिबजीसँग बर मागेकी छिन्। यस गीतको म्युजिक भिडियोमा शुशिला आफैं छमछमी नाचेकी छिन्। पत्रकार शान्ति प्रियको शब्द रहेको यस गीतमा संगीत भने राज सागरले भरेका छन्। सुन्दरी गायिका तथा मोडल शुशिला पाठक र मोडल बिनिताले अभिनय गरेको यस म्युजिक भिडियोको निर्देशन भुवन स्याङबो तामाङले गरेका छन्।



# कार्टुन्ज क्रु सिक्वेल गीतमा

कार्टुन्ज क्रुलाई फिचरिङ गरिएको नयाँ गीत *जता जता पिरतीको बाटो* सार्वजनिक गरिएको छ। गीतको भिडियो सामाजिक सञ्जाल युट्युबमार्फत सार्वजनिक गरिएको हो। सार्वजनिक गीत गत वर्ष सार्वजनिक भएको पल शाह तथा सीताराम कट्टेल 'धुर्मुसु र कुञ्जना घिमिरे 'सुन्तली' अभिनित *तिमीलाई देखेपछि आई लभ यु भन्न मन लाग्यो* गीतको सिक्वेलको रुपमा आएको हो।

शुभ मिडिया होमको प्रस्तुति रहेको गीतमा सरोज ओलीको स्वर रहेको छ। गीतमा दिनेश थपलियाको शब्द तथा चर्चित संगीतकार बसन्त सापकोटाको संगीत रहेको छ। उदयराज पौडेलको एरेन्जमा तयार भएको गीतको भिडियोलाई चर्चित सिनेम्याटोग्राफर सञ्जय लामाले खिचेका हुन्।

पोखराका रमणीय स्थानहरुमा सुटिङ गरिएको भिडियोमा पल शाहलाई पनि फिचरिङ गरिएको छ। भिडियोमा कार्टुन्ज क्रुको मेम्बरहरुको कमेडी पाटो देखाइएको छ।

कार्टुन्ज क्रुका सरोज अधिकारीले यो भिडियो आफूहरुका लागि कमब्याक भिडियो रहेको बताएका छन्।



**म यस्तो फिलिम बनाउँछु** : फिल्म क्षेत्रको यथार्थ गाईजात्रे अवस्था दीपकराज गिरीबाट

**फेसबुक ज्योतिष** : फेसबुकबाटै भविष्यवाणी गर्नेहरूको नालीबेली मनोज गजुरेलबाट

**गीता र समानता सम्बन्धी - विधेक** : शैलेन्द्र सिंखडँको चोटिलो व्यग्य कविता

**हौ लाखे है जवाफ देउ बा** : देशका बा प्रधानमन्त्रीलाई विल्सनविक्रम राई (तक्मे बूढा) को सवाल

**माग्ने शास्त्र** : माग्ने बुढा केदार धिमिरेको आफ्नै शास्त्र

**आधा सवाल, आधा जवाफ** : जितु नेपालबाट

**...किनकि म यो देशको नागरिक हुँ** : सीताराम कट्टेल (धुर्मुस)

**कुम हल्लिने रोग** : कृष्ण उफान

**उखानका बादशाह ओली !** : पेशल आचार्य

**आऊ प्रिये, नयाँ नेपाल बनाऔं !** : गाउँले बलदेव

**साथमा हास्यव्यंग्य लेखकहरूका चोटिला तथा खितखिते व्यंग्य लेख, कविता, मुक्तक, ठोक्तक र गजलहरू ।**

कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, राजमान, कार्टुनानन्द, गंगादेवी, सानुराज डंगोल, पदम घले, राजु नेपाल र आएरमबीका काउकुती लगाउने व्यंग्य चित्रहरु ।




कामनाको हरेक अंक विशेष अंक

पृष्ठ ९२,
मूल्य रू. १५०/ मात्र

कामनाको गाईजात्रे विशेष अंक अब बजारमा

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस् !

# साहित्य

शब्दहरुसँग खेल्दा आनन्द आउँछ, जसबाट कामको थकावट टाढा जान्छ।
-अलेक्सेई तोलस्तोय

लेखकहरु हो ! आफ्नो शक्तिअनुरुप विषयको छनोट गर, तिम्रो काँधले बोक्न सक्ने र नसक्ने विचारहरुमाथि गम्भीरतापूर्वक विचार गर।
-होरेस

यात्रा प्रसंग

## जीवन एक यात्रा हो

मोहन दुवाल

जीवन बाँच्नुको क्रममा आफूले सोचेजस्तो धेरै थोक हुँदैन पनि, धेरै थोक भएजस्तो पनि हुन्छ। म बरोबर जीवन बुझ्ने क्रममा जीवनलाई मनमा राखेर गुनिरहन्छु। मैले जीवनलाई एक यात्राकै रुपमा परिभाषित गर्दै आएको र जीवन वास्तवमा यात्रा नै रहेको मेरो ठम्याइ छ। त्यसैले त मलाई यात्रा गर्न मन लाग्छ। यात्रा धेरै खालका हुन्छन्। कसैको खुशीमा आफूलाई समर्पित गर्नु पनि त यात्रा हो। कसैको सुखलाई खोस्न चाहनु पनि आफ्नो यात्रा बनाउनेहरु पनि छन्। यात्रा सुखद खालका पनि हुन्छन्, दुःखद देखिँदा पनि हुन्छन्। भोग्नु, स्पर्श गर्नु र अथ्र्याउनु, प्रयोग गर्नु आ-आफ्ना ढङ्ग र प्रकारका छन्। मैले धेरै खालका मान्छेसँग आफ्नो मन उनीहरुसँग साटेर जीवनको अर्थ खोजेको छु। नेपालका सबैजसो ठाउँमा पुगेर जीवनका स्पर्शहरु यात्रामा भुलेको छु। भारतका धेरै प्रान्तहरु घुमेको छु। चीन र उत्तर कोरिया पुगेर पनि जीवनलाई एक यात्राको रुपमा स्पर्श गर्न पाएको छु।

जीवन वक्ररेखा भएर गुज्रिरहन्छ, जीवन भोग्नु सरल ढङ्गले सम्भव छैन। उकालो-ओरालो, घुम्ती बाटो हुँदै गुज्रिनु नै जीवन हो। र, सोझो ढङ्गले मात्र बाँच्न जीवन सोचेर जीवनलाई म खियाउँदै छु। मलाई दह्रो बनाउन पाउँदाको अनुभूति कति मीठो हुँदो रहेछ। म मनलाई दह्रो बनाउने जीवनको यात्रामा छु। जस्तै दुःखमा पनि दुःखको अनुभूति हुँदैन। सक्दो गरेर बाँच्ने हो जीवन, त्यसैले धेरैजसो मेरो समय र क्रमहरु यस्तै अनुभूतिमा दह्रो भएर बाँच्ने गर्छन्। समाज, देश र अरु जनमनका हितका खातिर बाँच्ने गर्दाको मेरो जीवनका यात्रा सुखमय नै छन्। मलाई त्यस्तो यात्रा मन पर्छ पनि। बिहानै श्रीमती भारतीसँग घुम्ने गरेको पनि जीवनको एक खालको यात्रा हो। निकै मन पर्ने समय भइदिएको छ त्यो यात्रा। यस्तै महसुस गर्छिन् भारती पनि।

नयाँ काम, सिर्जना, सम्पर्क गर्न मन पराउने म। नयाँ-नयाँ ठाउँमा जान मन पराउँछु। कहिलेकाहीँ दोहोर्‍याएर पनि जान बाध्य हुन्छु। नयाँ काम गर्न पाउँदा, नौलो सिर्जना गर्न रमाउँदा, नयाँसँग सम्पर्क राख्न पाउँदा मलाई एकखालको नौलो अनुभूति मिल्छ मात्र होइन नयाँ खालको ऊर्जा पनि मिलेको जस्तो हुन्छ। तर यो शनिबार नौलो अनुभूति नमिले पनि, नयाँ ढङ्गको स्पर्श नजुटे पनि, पारिवारिक चाहनाअनुसार धेरै पटक पुगिसकेको मनकामना माईको दर्शन गर्न केबलकार चढेर मनकामना डाँडामाथि चढियो। कान्छी छोरी सोनीकै अनुरोधमा मनकामना गइयो। भारतीको पनि विशेष अनुरोधमा भुलेर चौथोपटक मनकामना पुगेँ। रिजर्भमा एउटा कारको बन्दोबस्त भयो, जावलाखेलबाट सोनी र नातिनी न्यूमि आभा हामीसँग खुशी भएर कार चढिन्। ५:१५ तिर कार हुइँकियो। नेपालका बाटाहरु व्यवस्थित गर्न नसकेकै कारणले सडकमा मोटरहरु जाममा पर्नु स्वाभाविकै थियो। तर आज नौबिसेसम्म पुग्दा पनि जाम भोग्नुपरेन, अनौठो लाग्यो। चिया पिउने मत मिल्यो। पार्किङ गर्न मिल्ने ठाउँ रोजेर होटेल रोजियो। हामीसँगै एउटा अर्को कार रोकियो। श्रीमान्/श्रीमती, दुइटा स-साना छोराहरुसँग यिनीहरु पनि होटेलभित्र छिरे। श्रीमान्भन्दा श्रीमतीको तुजुक हेरिनसक्नु छ। होटेलमा अंग्रेजी बोलेर आफ्नो शान प्रदर्शन गरे। र, म ती पात्रा आँखामा राखेर नेपाल दुःखेको स्थिति मनमा राख्न बाध्य भएँ। पुरी, तरकारी र कालो चियासँग मन गाँसियो। ३५०।- भन्यो, रकम तिर्‍यौं। हामी हुइँकियौं मनकामना मनमा राखेर। कतै मूल्यको किटान छैन, व्यापारीहरु मनलाग्दी मूल्य उठाउँछन्। कुनै पनि पसलको भाउमा एकरुपता छैन। मनोमालिन्य आ-आफ्नो ढङ्गले बोल्छन् र क्षुद्र व्यवहार देखाउँछन्। प्रशासन नाम मात्रको छ, कतै र कुनै पनि क्षेत्रमा मनपरितन्त्र हाबी रहनु यहाँको संस्कार नै मानिन्छ।

९:३० बजेतिर नै केबुलकारको कार्यालयअगाडि मोटर रोकिदिए ड्राइभरले। दुइटी नातिनीहरु बालटिकटमा, भारती र म ज्येष्ठ नागरिक सहुलियत टिकटमा र सोनी युवा टिकटमा केबुलकारको टिकट लिएर स्टेसनभित्र छिर्‍यौं। ७ वर्षीय नातिनीहरु केबुलकार चढ्न पाउँदा खुशी हुन्छिन्- आज पनि तँछाडमछाड गरे उनीहरुले। चन्द्रागिरीमा जस्तो रमणीय नभए पनि, मनकामनाको साइनो जोडेर रमाइलो मान्दै हामी सबै केबुलकारबाट उत्रियौं। २ मिनेटको हिँडाइमा नै मनकामना आसपास पुग्यौं। मिलाएर राखेको बोहोताभरिका पूजासामग्री बेच्ने धुनमा रहेका व्यापारीहरुको हानथापको ठूला-ठूला स्वरहरु सुनिनसक्नु छ- 'लौ लिनुस् पूजा सामग्री।' आवाजहरु बाटोभरि छरपस्ट छन्। मनकामना मन्दिर परिसरभित्र नपुगेसम्म नै पूजासामग्री बेच्नेहरुको गनगन, मनकामनाको चिन्ह खिच्नुस् भनी फोटोग्राफीका लागि अनुरोध गर्नेहरुको अनुरोधको भनभन र खाना खान अनुरोध गर्दै आफ्नो होटेलबाहिर रहेर डाक्नेहरुको 'आउनुहोस् यता-यता आउनुहोस्' का ठूला-ठूला स्वरहरु यत्रतत्र थर्किएका छन्। मन्दिर परिसरभित्र पनि कराउँदै छन् फोटो खिच्न अनुरोध गर्दै कामदार भाइहरु।

नेपालमा बेकारी समस्याको कुरा गरेर साध्य छैन। श्रमको भाउ सस्तो र हचुवा ढङ्गले क्रय-विक्रय गर्छन्। कानुनको राज देखिँदो छैन। मनपरीतन्त्र जतातत्तै पनापिएको छ। त्यसैले त नेपालीहरु विदेशमा दास बन्न पनि मञ्जुर हुन्छन्। यही दास हुने क्रममा लागेर नेपाललाई भुल्ने नजानिदो रोग नेपालीहरुमा लागेको छ। मनकामनामा पनि धेरै खालका नेपाली युवा बेकारीहरु भोगियो।

मन्दिर बन्दै गरेको छ। माथिल्लो भाग सेटिङ हुन लागेको छ। सबै निर्माण पूरा हुन त वर्षौं लाग्लाजस्तो छ। साउन महिना भएकै कारणले भक्तजनको 'हुल' त्यति देखिँदो छैन। भारती, सोनी र नातिनीहरु पूजा गर्न र मनभित्रका मनका भावनाहरु साट्न नबोल्ने तथाकथित देवता र ईश्वरको पाउमा दर्शन चढाउन भक्तजनहरुसँगसँगै पछि लागेका छन्। म बाहिर नै बसेर 'ईश्वर' र 'देवता'का तथाकथित रुपरङ्गहरु मनमा राखी 'नेपाल'लाई कल्पनामा राखेर छामिरहेछु। हिन्दू देवमन्दिर नेपालमा त्यति सुन्दर र सफा देखिँदा छैनन्। धूप, दीप बालेर तेलसँगसँगै बलेर कुरुप तुल्याउँछन् यहाँका मान्छेहरु देवमूर्तिहरुलाई। यहाँ पनि त्यस्तै खालको चलनचल्ती देखिँदो छ। फोहोर छ यत्रतत्र, आ-आफ्नो ढङ्गका छन् भक्तजनहरु। पूजा सिध्याएर आइपुगे परिवारजनहरु। हामी बिस्तारै मन्दिर परिसरबाहिर लम्कियौं। खाना खाने समय नाघिसकेको छ। खाना खाने 'मूड' मा हामी तल झर्दै आयौं।

थकाली खानाको बोर्ड झुन्ड्याएका तामाङजस्तो देखिदा साहूजीको खाना-घरमा खाना खाने निधो गर्‍यौं। बगैंचाको यत्रतत्र मेचहरु छरपष्ट राखिएका छन्। ५ वटा मेच भएको टेबुल मिलाउन दियौं। फापरको ढिँडो खाने रहर भयो। सोनी र मैले फापरको ढिँडो खाने भयौं। भारती र नातिनीहरु भात खान तम्सिए। लोकल कुखुराको मासुसँगसँगै भात-ढिँडो ल्याइपुर्‍याए। २ भाग मासु फिर्ता गरिदियौं। मेन्यू मागेको, दिँदैन। भाउ के-कस्तो छ, बुझ्नै पाइएन। खानापछि रकम तिर्दा थाहा लाग्यो, रु. १८२०।- लाग्यो खाना खर्च। यहाँ पनि मनपर्दी छ, भाउको टुङ्गोपाङ्गो छैन। साहूजी भनाउँदाहरु व्यापारका नाममा लुटपाट गर्न तम्सिएका सेठजीहरुजस्ता देखिँदा छन्। मनमा घृणा राखेर यात्रा गरिरहेछु। केबुलकार परिसरभित्र पुग्यौं। हामी पाँचैजना फर्किन पुनः केबुलकार चढ्यौं। नातिनी इराले जिस्क्याउँदै भनिन्, 'बालाई डर लाग्यो कि क्या हो ?' भनेर। अबोध प्रश्नको जवाफ दिन मन पराइनँ। केबुलकारबाट हरियाली जंगल, नदीको बहाव, गाउँको सुन्दर र चोखो देखिँदो बस्ती हेर्दा भन्न मन लाग्यो- 'यस्तै सुन्दर नेपाल कहिले हेर्न पाउने हो ?' देश कल्पना गर्दागर्दै केबुलकार बिसौनीमा पुगेँ। हामी होर्लियौं।

दिउँसोको १:०० बज्न लाग्यो। हामी फर्किने भयौं। राजकुमारले मोटर ल्याए। हामी पाँचैजना मोटर चढ्यौं। यसपल्ट कतै जाम भोग्नुपरेन। बाटोको ठाउँ-ठाउँमा चर्पीको व्यवस्था भएकाले अप्ठ्यारो कतै भोग्नुपरेन। फर्किंदा देखियो- एउटा बस तलको खोँचतिर जोल्टिँदै खसेको। अनकन्टार र सुनसान ठाउँमा बस खसेकाले कसरी के भएको हो भन्ने अत्तोपत्तो भएन। ड्राइभर, कन्डक्टरलगायत बसका यात्रुहरु कोही थिएनन्। यात्रा कहिले मनोरम हुन्छ, कहिले दुःखमय हुन्छ। मनकामनाको यात्रा भोगेर हामी पाँचैजना बनेपा फर्क्यौं। ४:३० बजिसकेछ, घरमा छिर्‍यौं।

*यात्रा न हो जीवन*
*रम्न सिक्नुपर्छ यात्रामा*
*सुखको पनि हुन्छ यात्रा*
*दुःखको पनि हुन्छ*
*मलाई त लाग्छ*
*जीवन भन्नु नै यात्रा हो*
*यात्रामा नै जीवन खोज्ने हो*
*जीवनमा यात्रा गर्न सिक्नु हो।*
*यात्रा गर्न नजाँदा हार्नुपर्छ*
*यात्रा गर्न जान्नु नै जीवन हो।*



पुस्तक चर्चा

## जलनको अचानोमा दिल

अरुण नदी खत्री



कवि एवम् गजलकार दीपक आचार्य 'जलन'को 'अचानोमा दिल' नामक गजलसङ्ग्रह हालै निस्केको छ। यसभित्र उनीद्वारा लेखिएका ७२ वटा गजलहरू समावेश गरिएका छन्। नेपाली भाषा-साहित्यमा गजल लेखेर उनले अक्षरका बीउहरूलाई रोपाइँ गर्न सफल भएका छन्। उनका गजलहरू साहित्यप्रेमी पाठकहरूले मन नपराऊलान् भन्न सकिन्न।

*मुटुमा राखेर तिमीलाई म सधैँ*
*ताला लगाउँछु*
*यी कुटिल नजरहरूबाट तिम्रो सुरक्षाको*
*लागि।*

जलनका अधिकांश गजल कोमल भावका छन्। साथै सशक्त पनि छन्। दीपक आचार्य जलन नेपाली साहित्यमा त्यति नयाँ नाम होइन। लामो समयदेखि साहित्य साधनामा तल्लीन युवा पुस्ताका सशक्त गजलकार जलन जीवनको यथार्थ, समयको आवाज, प्रेमका उतारचढाव, चिन्तन र विचारका अनेक लोभलाग्दा तरंगित सन्देश बोकेर उभिएका देखिन्छन्। आँसु, हाँसो, प्रेम, दिल, परदेश, समाज र जिन्दगीभित्र 'अचानोमा दिल' घुमेको छ। हरेक कुराको सीधा र सबैभन्दा पहिलो असर दिलमा पर्छ। लामो समयपछि प्रकाशनका दृष्टिले उनको यो दोस्रो गजलसङ्ग्रह हो। यिनका गजलमा जिन्दगीका विवशता, उमंग-उत्साह, उपदेश पनि रहेका छन्। केही गजलले सूक्ष्य व्यङ्ग्य धारणा पनि गरेका छन्।

*मुटुमा काँढा राखेर कान्छो गएको छ*
*म पनि कमाउँछु भनेर कान्छो गएको छ।*

गजलमा अलग-अलग विषयवस्तुहरूको उठान गरेर आफ्नो काव्यिक योग्यता र क्षमता जलनले प्रस्तुत गरेका छन्। गजल रचनाको परम्परागत संरचनालाई सफलतापूर्वक पालना गरी तयार गरिएको यस सङ्ग्रहभित्रका गजलहरू ग्रामीण क्षेत्रमा रोग, भोक, अशिक्षा, बेरोजगारी, शोषण, उत्पीडन, विभेद आदिबाट पिल्सिएका निमुखा नेपालीहरूको आवाज हो भन्न सकिन्छ। नेपाली समाज, संस्कृति, राजनीति र जनजीवनलाई यस सङ्ग्रहका गजलले प्रतिविम्बित गरेका छन्।

नेपाली साहित्यमा गजल पचासको दशकदेखि निकै प्रचारप्रसारमा आएको देखिन्छ। गजलको शुरूवात शृङ्गारिकताबाट शुरू भए पनि गजलमा समय लेखिनुपर्छ, माटोको दुखाइ उतारिनुपर्दछ, समाजका वास्तविक भोगाइ र जीवन प्रतिविम्बित हुनुपर्छ। जीवनका अनुभूतिहरू प्रेम-विछोडका समसामयिक घटनाक्रमहरूलाई गजल लेखेर जलनले चित्रण गरेका छन्।

*मनमा केही न केही हलचल भएको होला*
*उसैलाई पाउने इच्छा प्रबल भएको होला।*

२०६० को दशकदेखि शुरू भएको मध्यपश्चिमी गजलको काव्यिक अभियानका अग्रणी प्रतिभा हुन् दीपक आचार्य जलन। २०६० का दशकमा उनले बर्दियाका गाउँ-गाउँ र स्कुल-स्कुलमा पुगी गजलका गतिविधि गरेर गजलको अभियान शुरू गरे। मध्यपश्चिम र देशभरका गजल स्रष्टाका बीचमा सम्पर्क र सम्बन्ध जोडेर उनले गजलको सिर्जनशील परिवेश निर्माण गर्नमा जोड दिएको सदा स्मरणीय रहेको छ। २०७३ साल कार्तिकमा बुलबुल पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित यो गजलसङ्ग्रहको मूल्य रू.१५०।- राखिएको छ भने पृष्ठसंख्या ९४ छ। गजलकारबाट पुनः यस्तै स्तरीय कृतिहरू निरन्तर आइरहुन्।

## गजल

हुक्के ढोके हजुरेको अडान कहाँ हुन्छ
मागी गुजारा गर्नेको शान कहाँ हुन्छ !

देश अनि जनताको आउनै पर्छ तस्वीर
सकी नसकी गाएर राष्ट्र गान कहाँ हुन्छ !

सबै कुरा ठीकठाक छ भनी हिँडे पनि
भुइँमा गुड्ने मेसिनको उडान कहाँ हुन्छ !

अरुलाई ङ्याक्ने अनि कुल्चन खोज्ने माथि
सधैंभरि फूलमालाले सम्मान कहाँ हुन्छ !

परोपकार र सेवाभावमा लागौं अब साथी
मन्दिर अनि ढुंगामा भगवान कहाँ हुन्छ !

- **लीलाराज दाहाल**
बागमती-४, कर्मैया, सर्लाही

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

ज्यो. चन्द्रेश शर्मा

साउन २१ दखि २७ गतेसम्म

**मेष**
यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**वृष**
यो साताका धेरैजसो दिनहरु फलदायक नै छन्। साताको शुरु शनिबार रोगव्याधिको भय, धननाश हुने देखिए पनि त्यसपछिका दिनहरुमा आफ्नो बोली बिक्ने हुँदा कार्य सफल हुने देखिन्छ। साथै केही आर्थिक लाभ एवम् सहयोग प्राप्ति हुने देखिन्छ। प्रतिष्ठा बढ्ने, नवीन कार्यको शुरुवात हुने, प्रतिष्ठित जनहरुसँग भेटघाट हुने सम्भावना छ। बुधबारदेखि तपाईंको भाग्य चम्कनेछ।

**मिथुन**
तपाईंका लागि यो साता त्यति शुभ फलदायक देखिँदैन। मान-सम्मानमा आघात पर्ने सम्भावना छ। गरेका कार्यहरु सफल हुन कठिन होला। निरर्थक खर्च, अनावश्यक हैरानी बेहोर्नुपर्ला। रुघाखोकीले सताउन सक्छ। परिश्रम धेरै तर प्रतिफल कम प्राप्त हुनेछ। तर आज शनिबार र साताको अन्त्य शुक्रबार भने सुख-सन्तोष हुने, स्वास्थ्य तन्दुरुस्त हुने, आर्थिक लाभ हुने सम्भावना छ।

**कर्कट**
साताको मध्य अर्थात् मंगलबारसम्म तपाईंको भाग्य चम्किनेछ। अधुरा रहेका वा थालनी गरिएका कार्यहरु पूरा होलान्। आर्थिक लाभ हुनाले परिवारमा सुखशान्ति हुने, उत्तम भोजन पाइनेछ। स्वास्थ्य चुस्त-तन्दुरुस्त भएको अनुभूति हुने, पढाइ-लेखाइ वा पेसा व्यवसायमा सफलता हात पर्नेछ। तर बुधबारबाट भने साथीभाइसँग विवाद पर्ला, धन-सम्पत्तिको नोक्सानी हुने देखिन्छ।

**सिंह**
यो साता तपाईंका लागि धेरै उपलब्धिमूलक छ। गरेका काम सफल हुने, कहीँ कतै वंशवृद्धिको सम्भावना, रिसाएका व्यक्तिहरु खुसाएर नजिकिन खोज्ने, मुद्दामामिला भएमा विजयको सम्भावना, पठनपाठनमा सफलता, राम्रै आम्दानी हुने प्रबल सम्भावना, साथीभाइ-इष्टमित्रबाट सहयोग, नेतृत्वदायी भूमिकामा सफलता हुनेछ। तर शुक्रबार भने स्वास्थ्य समस्या, कार्य बाधा हुने प्रबल सम्भावना छ।

**कन्या**
साता मिश्रित फलदायक छ। शुरुको दिन शनिबार लफडा आइलाग्न सक्छ। त्यसपछि भने दिनहरु उपलब्धिमूलक नै छन्। आँटेका काम सफल होलान्। केही आर्थिक लाभ होला। मित्रजनबाट सहयोग मिल्ला। मान-प्रतिष्ठा बढ्नेछ। काममा सफलता मिल्ला। साताको अन्त्यमा ठूला कामहरु बन्ने सम्भावना छ। मंगलबारचाहिँ दिन अनुकूल नभएकाले कसैको वशमा परिएला। सतर्कता अपनाउनुहोला।

**तुला**
तपाईंका लागि यस हप्ताका धेरैजसो दिनहरु शुभ छन्। आँटेको र अधुरा काम पूरा होलान्। एकपछि अर्को गर्दै सफलताका सिँढीहरु उक्लिने सम्भावना छ। भोजनादि खाद्यान्न सामग्री प्राप्ति होला। साथीभाइ, इष्टमित्रसँग भेटघाट हुने र सो भेटघाटबाट राम्रै उपलब्धि होला। मंगलबारदेखि बिहीबारसम्म भने बढी नै परिश्रम गर्नुपर्ला। आर्थिक नोक्सानी हुने र तनाव सृजना हुने देखिन्छ।

**वृश्चिक**
यो साताका धेरैजसो दिन उपलब्धिमूलक छन्। खेलकुद, परीक्षाजस्ता प्रतिस्पर्धात्मक प्रतियोगिताहरुमा सफलता मिल्ला। आर्थिक लाभ हुनाले खर्चको सन्तुलन मिलाउन सहज हुनेछ। प्रेमी-प्रेमिकामा प्रगाढता, विपरीतलिंगीबाट सहयोग एवम् सुख-सन्तोष पाइनेछ। बुधबारबाट भने त्यति राम्रो देखिँदैन। रोगव्याधिको भय, आर्थिक नोक्सानी, व्यवसाय वा जगिरमा बाधा व्यवधान प्रतिष्ठामा आँच आउन सक्छ।

**धनु**
तपाईंका लागि साताका धेरैजसो दिन फलदायक देखिन्छ। शुरुका दिनहरु उत्तम फलदायक छन्। खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापार व्यवसायबाट समेत आशातीत सफलता मिल्ला। परिवारमा हर्षोल्लास बढ्नेछ। खुशीको खबर आउला। तर मंगलबार र शुक्रबार भने झमेला आइलाग्न सक्छ। सफलता हासिल गर्न बढी नै परिश्रम गर्नुपर्ला। स्वास्थ्यमा समस्या आउन सक्छ।

**मकर**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। आज शनिबार समय अनुकूल देखिँदैन भने आइतबारदेखि तीन दिनसम्म समय बलियो छ। गरेका काम सफल हुनेछन्। भोजभतेरमा सहभागी भइएला। कतैबाट केही भए पनि आम्दानी होला। तर बुधबार र बिहीबार स्वास्थ्यमा समस्या आउन सक्छ। हुन लागेको काममा बाधा आइपर्न सक्छ। सजगता अपनाउनुपर्ला।

**कुम्भ**
यो साता तपाईंका लागि त्यति फलदायक देखिँदैन। हुन लागेका काम पनि रोकिने सम्भावना छ। आफन्तजनबाट धोका मिल्न सक्छ। आर्थिक भारले गर्दा तनाव झेल्नुपर्ला। स्वास्थ्यले समेत साथ नदिन सक्छ। तर आइतबार, बुधबार र बिहीबार भने तपाईंले सफलता हासिल गर्न सक्नुहुनेछ। प्रयास गरेमा कतैबाट केही आम्दानी हुनसक्छ। साथै सम्मान एवम् पुरस्कार प्राप्तिको सम्भावना छ।

**मीन**
साताको धेरैजसो दिनहरु शुभ छन्। शारीरिक स्फूर्ति बढ्नेछ। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति, हर्षविभोर हुनेछ। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। घरमा वा अन्यत्र भए पनि शुभकार्यममा सरिक भई मिष्ठान्न भोजन पाइनेछ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्न सक्छ।

उपाध्यक्ष ढुंगेलले नेपालमा पर्याप्त युवा शक्ति भए पनि सदुपयोग हुन नसकेको बताउँदै युवा शक्तिको परिचालन गर्न सके देश चाँडै समृद्धिको मार्गमा लम्किने विश्वास व्यक्त गर्नुभयो।

## ३६ सहसचिवको सरुवा

काठमाडौं, (नेस)

सरकारले ३६ जना सहसचिवको सरुवा गरेको छ। सरुवा भएका सहसचिवमध्ये ११ जनालाई गृह मन्त्रालयमा पदस्थापन गरिएको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीलाई शिक्षा मन्त्रालयमा पठाइएको छ। प्रधानमन्त्री कार्यालयमा रहेका बाबुराम श्रेष्ठलाई गृहमा र दामोदरप्रसाद रेग्मीलाई वाणिज्य मन्त्रालयमा पठाइएको छ।

गृहका यादव कोइराला र अर्थका बलराम रिजाललाई प्रधानमन्त्री कार्यालयमा सरुवा गरिएको छ। सरुवा भएका अन्य सहसचिवमा केदारनाथ शर्मा गृह मन्त्रालय, चक्रबहादुर बुढा गृह मन्त्रालय, रमेशकुमार केसी गृह मन्त्रालय, बाबुराम श्रेष्ठ गृह मन्त्रालय, सीताराम कार्की गृह मन्त्रालय, रामकृष्ण सुवेदी गृह मन्त्रालय र नारायणप्रसाद भट्टराई गृह मन्त्रालय (पदस्थापन) गरिएको छ।

त्यस्तै रामप्रसाद आचार्य गृह मन्त्रालयमा, श्यामप्रसाद भण्डारी गृह मन्त्रालय, ऋषिराम तिवारी गृह मन्त्रालय, तारानाथ अधिकारी गृह मन्त्रालय, बलराम रिजाल प्रधानमन्त्री कार्यालय, उत्तरकुमार खत्री अर्थ मन्त्रालय, राजकुमार श्रेष्ठ अर्थ मन्त्रालय, जगदिश रेग्मी अर्थ मन्त्रालय, रुपनारायण भट्टराई अर्थ मन्त्रालय, केशवराज घिमिरे शिक्षा मन्त्रालय, बालकृष्ण पन्थी शिक्षा मन्त्रालय, कृष्ण प्रसाद ज्ञवाली श्रम तथा रोजगार देवराज ढकाल श्रम तथा रोजगार, शंकरप्रसाद खरेल अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ध्रुव घिमिरे अख्तियार, विश्व प्रकाश सुवेदी लोकसेवा आयोग, ताराप्रसाद भट्टराई लोकसेवा आयोगमा सरुवा गरिएको छ।

जनार्दन गुरागाईं स्वास्थ्य मन्त्रालय, मनमाया भट्टराई सामान्य प्रशासन मन्त्रालय, यज्ञराज कोइराला सूचना तथा सञ्चार मन्त्रालय, दामोदर रेग्मी वाणिज्य मन्त्रालय, हरिप्रसाद बस्याल आपूर्ति मन्त्रालय, रबिलाल पन्त सार्वजनिक खरिद अनुगमन कार्यालय, मुकुन्द निरौला भौतिक पूर्वाधार तथा यातायात, रविशंकर ध्वजु राष्ट्रिय सतर्कता केन्द्र र डा. नारायणप्रसाद रेग्मीलाई निर्वाचन क्षेत्र निर्धारण आयोगमा सरुवा गरिएको छ।

# नेपालमा नथाकेका यी कोरियन

नेपाल समाचारपत्र

काठमाडौं

१५ वर्षअगाडि कोरियाबाट नेपाल आउँदा जंग जे हुङलाई एक्लोपन महशुस हुन्थ्यो। उनी नेपालको अन्नपूर्ण, लुम्बिनीलगायतका पर्यटकीय एवम् धार्मिक स्थानमा घुमे र ती क्षेत्रमा रहेका ग्रामीण वस्तीहरूलाई नजिकैबाट नियाल्ने प्रयास गरे। उनलाई महशुस भयो न त्यहाँ राम्रो स्कुल छ न त उपर्युक्त वातावरण नै। अनि बिस्तारै नेपालका विभिन्न ठाउँहरू घुमे। घुम्दै जाँदा उनले निष्कर्ष निकाले- 'नेपालमा सामाजिक कामलाई गति दिन्छ।'

कोरियाका जंग जे हुङ उमेरले ५६ वर्ष पुगे पनि २३ वर्षीय ठिटो जस्तो देखिन्छन्। तन बुढो भए पनि मन बुढो हुँदैन भनेझैं हुङको सामाजिक कार्यमा सकृय रहने तन अझै बुढ्यौली भएको छैन। नेपाल बुझेर कोरिया पुगी तेस्रो पटक नेपाल फर्किंदा हुङको नेपाली ठिटो गोर्खाका एकप्रसाद ढकालसंग काठमाडौंको एक होटेलमा भेट भयो। हुङलाई नेपाल आएको बेला नेपालको पश्चिम भू-भाग जुम्ला पुग्ने रहर जागेर आयो र जुम्लामा एउटा स्कुल बनाइदिने सोच पलायो तर, उनलाई त्यहाँ ठीक लागेन। किनकि ठाउँ निकै टाढा र विकट लाग्यो।

काठमाडौं झरे र गोर्खाका ढकालले आजभन्दा ७ वर्ष अगाडि गोर्खाको मसेल ६ मा रहेको विन्द्रावति माध्यमिक विद्यालयको अवलोकन गराए जंग जे हुङलाई। सो विद्यालयमा भौतिक संरचनाको अभावमा ७ सयभन्दा बढी विद्यार्थीहरूले पढिरहेको देखे। अनि उनको मनमा विद्यालयको भवन बनाइदिने भावना जागृत भयो। लगत्तै ८० लाख रुपियाँ खर्च गरेर विद्यालयको पक्की भवन बनाइदिए। २०७२ सालमा भूकम्प गएको बेला गोर्खामा हजारौं बस्ती ढले तर, सो विद्यालय अहिलेसम्म केही भएको छैन।

यस्तै गोर्खा मसेलकै वडा नम्बर २ जहाँ निकै विपन्न वर्गका व्यक्तिहरूको वस्ती छ। त्यहाँ पनि पुगे जंग जे हुङ। जुन ठाउँमा खानेपानी लिन जान एक घण्टा लाग्छ। अहिले सो वस्तीमा सरकारको केही रकम र आफ्नो ३० लाखको लागतमा चार ठाउँमा रिजर्भ ट्याङकी राखी मिटरमार्फत पानी तान्ने व्यवस्था मिलाइएको छ। अहिले १ सय ७० घर परिवार खानेपानीबाट प्रभावित भएका छन्।

काठमाडौं दक्षिणकाली नजिकै रहेको तत्कालीन छविमाल्य गाविसमा श्री पञ्चकन्या स्कुलका विद्यार्थीहरूको सहजताका लागि



क्यान्टिनको हल निर्माण गरिदिए २०६७ सालतिर। जसबाट १ सय ५० जना विद्यार्थी प्रभावित भएका थिए।

उनले काठमाडौं नर्भिक अस्पताल नजिकै रहेको सुकुम्बासी वस्तीमा विपन्न परिवारका लागि झोला वितरण गरे। त्यति मात्रै होइन सुकुम्बासी वस्तीमा विपन्न परिवारका लागि ४ हजार डलरको लागतमा यसै वर्ष रेनकोट, छाता र विन्टर प्रुफ कपडा किनिदिने प्रतिबद्धता व्यक्त गरेका छन्। धादिङको पातलेमा पानी वितरणका लागि जडान गरीएको मेसिन बिग्रिएपछि उनले ट्रान्समिटर बनाउन भन्दै २ लाख रुपियाँ उपलब्ध गराए।

उनले भने,- 'गरेपछि हरेक कुरा सम्भव छ। त्यसका लागि आँट, साहस र धैर्यता चाहिन्छ। कसरी पैंसा जम्मा हुन्छ भन्ने जिज्ञासामा उनले थपे- 'केही पैसा मेरो हो। अहिले नेपालमा सामाजिक उत्तरदायित्व सम्बन्धी काम गर्न थालेको भनेपछि आफन्त तथा साथीहरूले समेत सहयोग गर्नुभएको छ।' आगामी योजनाका बारेमा नेपाल समाचारपत्रले जिज्ञासा राख्दा उनले यसरी सुनाए -'नेपाल सरकारले जग्गा उपलब्ध गरायो भने सिपमूलक शिक्षालय स्थापना गर्ने योजना छ। जसमा गरिब, विपन्न, पिछडिएका, एकल परिवार र बेचबिखनमा परी उद्धार भएकाहरूलाई अध्यापन गराइनेछ। जसले गर्दा रोजगारी दिलाउन सकियोस र रोजगारीका लागि भन्दै विदेशीने समस्या हल हुन सकोस्।'

जंग जे हुङले सामाजिक काम र विभिन्न भौतिक संरचनाहरू निर्माण गरे पनि आफ्नो नाम ती संरचनाहरूमा लेख्दैनन्। उनको तर्क छ,- 'सहयोग गर्दै जाँदा बीचमा काम रोकियो वा सहयोग गर्न सकिएन भने अप्ठेरो हुन्छ। नामभन्दा पनि ठूलो सामाजिक सेवा हो। राम्रो काम गरेपछि नाम आइहाल्छ। किन लेख्नुपर्‍यो र नाम ?' उनीलगायत उनको समूहले क्याम्बोडिया, नेपालसहितका केही देशका विकट वस्तीहरूमा सहयोगका हातहरू फैलाइरहेका छन्।

### वडा सचिव अख्तियारको नियन्त्रणमा

काठमाडौं, (नेस)। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस रकमसहित एक वडा सचिवलाई नियन्त्रणमा लिएको छ। सर्लाहीको विष्णुपुर गाउँपालिका-१,२ र ४ का वडा सचिव संजयकुमार देवलाई ५३ हजार घुस रकमसहित अख्तियारले शुक्रबार नियन्त्रणमा लिएको हो।

जिल्लाको कच्ची सडक बाटो ग्राभेल गर्ने कार्य सम्पन्न भए पश्चात बाँकी रकम फर्छ्यौट गर्ने प्रयोजनका लागि सेवाग्राहीसँग घुस मागेको आरोपमा पक्राउ गरेको अख्तियारले जनाएको छ। उनलाई आयोगको कार्यालय, इटहरीबाट खटेको टोलीले नियन्त्रणमा लिएको हो। वडा सचिव देवलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

### अमेरिकी युवती मृत फेला

ललितपुर, (नेस)। ललितपुर महानगरपालिका-१९ स्थित विगत ६ महिनादेखि डेरा गरी बस्दै आएकी अमेरिकन युवती ३२ वर्षीया कृस्टना निकोल कोठामा बिहीबार मृत फेला परेका छिन्। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

# १ सय ८१ प्रहरी अधिकृतलाई दर्ज्यानी चिन्ह

नेपाल समाचारपत्र

काठमाडौं

प्रहरी महानिरीक्षक प्रकाश अर्यालले विभिन्न मितिमा पदोन्नती भएका प्रहरी अतिरिक्त महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्म १ सय ८१ जना प्रहरी अधिकृतहरूलाई प्रहरी प्रधानकार्यालयमा शुक्रबार आयोजित विशेष समारोहबीच दर्ज्यानी चिन्ह प्रदान गर्नुभयो।

दर्ज्यानी चिन्हबाट सुशोभित हुनेहरूमा प्रहरी अतिरिक्त महानिरीक्षक ११, प्रहरी नायब महानिरीक्षक १४, प्रहरी वरिष्ठ उपरीक्षक २४, प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक १, प्रहरी उपरीक्षक ३४, प्राविधिक प्रहरी उपरीक्षक १, प्रहरी नायब उपरीक्षक ८४, प्राविधिक प्रहरी नायब उपरीक्षक २ र प्राविधिक प्रहरी निरीक्षक १० जना रहेका छन्। साथै उक्त मितिमा पदोन्नती हुनेमध्ये प्रहरी नायब महानिरीक्षक १, प्रहरी वरिष्ठ उपरीक्षक २, प्रहरी उपरीक्षक १ र प्रहरी नायब उपरीक्षक ८ जना हाल संयुक्त राष्ट्र संघीय मिसनमा कार्यरत रहेका छन्।

पदोन्नतीसँगै संगठनको हरेक सदस्यमा पुन: नवीन उर्जा सञ्चार भएको अनुभूति गरेको बताउँदै प्रहरी महानिरीक्षक अर्यालले यस उर्जाले संगठन सुदृढीकरण तथा संगठनलाई अझ व्यावसायिकताको कसिमा खरो उतार्दै नयाँ उचाइ हासिल गर्न बल पुग्ने बताउनुभयो।

नेपाल प्रहरीलाई व्यावसायिक र जनमुखी संस्थाको रूपमा स्थापित गर्दै यसको साख थप उचाइमा पुर्‍याउन संगठनका हरेक सदस्यमा जिम्मेवारीबोध, दृढ इच्छाशक्ति र भ्रातृत्वभावसहितको इमानदार प्रयासको आवश्यकता रहेको चर्चा गर्दै प्रहरी महानिरीक्षक अर्यालले आ-आफ्नो सिर्जनशीलता प्रर्दशन गर्न उपस्थित सबै प्रहरी कर्मचारीहरूलाई निर्देशनसमेत दिनुभयो। सबै सकल दर्जाका प्रहरी कर्मचारी मिलेर आलोचनामुक्त प्रकृया र पद्धतिको निर्माण गर्नुपर्नेमा समेत उहाँले जोड दिनुभयो।

विभिन्न अलंकार तथा



पदकहरूद्वारा विभूषित प्रहरी कर्मचारीहरूलाई बधाई दिँदै प्रहरी महानिरीक्षक अर्यालले आँउदा दिनहरूमा समेत सबै प्रहरी कर्मचारीहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा अझ उत्कृष्ट कार्य सम्पादन गर्न थप प्रेरणा मिलिरहोस् भन्ने कामनासमेत गर्नुभयो।

समारोहमा पदोन्नती भएका प्रहरी अधिकृतहरूको तर्फबाट मन्तव्य व्यक्त गर्दै प्रहरी अतिरिक्त महानिरीक्षक बमबहादुर भण्डारीले संगठनले दिएको जिम्मेवारी उच्च व्यावसायिक ढंगले पूरा गर्दै संगठनलाई थप उचाइ दिने कार्यमा लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भावी चुनौतिको सामना गर्न, अझ बढी प्रभावकारी प्रहरी सेवा दिन र संगठनको हित तथा सुदृढीकरणका लागि सबै सकल दर्जाका प्रहरी कर्मचारीहरूको साझा प्रयासको आवश्यकता रहेको उहाँले चर्चा गर्नुभयो।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षक डा. दिनेशचन्द्र पोखेल, प्रहरी नायब महानिरीक्षकहरू, प्रहरी वरिष्ठ उपरीक्षकहरू, प्रहरी उपरीक्षकहरूलगायत अन्य प्रहरी अधिकृत तथा जवानहरूको समेत उपस्थिति रहेको थियो।

# युवा सशक्तिकरण गर्नुपर्नेमा जोड

नेपाल समाचारपत्र

भक्तपुर

राष्ट्रिय युवा परिषद्ले भक्तपुरको नगरकोटमा युवा लक्षित कार्यक्रम निर्माण तथा कार्यान्वयनमा स्थानीय तह र सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रममा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेलले युवा परिषद् र स्थानीय निकायहरूको सहकार्यमा युवालक्षित कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तहका जननिर्वाचित पदाधिकारीहरूबीच अन्तरक्रिया गरिएको बताउनुभयो। उहाँले पोखरा लेखनाथ महानगरपालिका, धुलिखेल, पनौती, वनेपा नगरपालिकामा उक्त कार्यक्रम सम्पन्न भएको बताउनुभयो।

युवा प्रतिभा पहिचान तथा युवा उद्यमीहरूको खोजी र उनीहरूलाई सम्मान गर्ने कार्यक्रम जिल्ला जिल्लामा सम्पन्न भएको बताउँदै जिल्ला र केन्द्रीय स्तरमा युथ भिजन प्रतियोगिता, गायन प्रतियोगिता र वक्तृत्वकला प्रतियोगिता सञ्चालन हुनगइरहेको बताउनुभयो। अन्तर्राष्ट्रिय युवा दिवस (अगस्ट १२) मा यसको पुरस्कार वितरण गरिने तथा युवा तथा खेलकुद मन्त्रालयबाट समेत युवा प्रतिभा तथा उद्यमीहरूलाई सम्मान गर्ने कार्यक्रम रहेको उल्लेख गर्नुभयो।

राष्ट्रिय युवा परिषद्मार्फत सञ्चालन गरिने युवा सिर्जना केन्द्रका लागि काभ्रे जिल्लास्थित होक्से गाविस हाल पाँचखाल नगरपालिकामा रहेको ११३ रोपनी सार्वजनिक जग्गा युवा परिषद्को नाममा दर्ता गर्ने सम्पूर्ण प्रक्रिया पूरा गरिएको बताउँदै उहाँले नेपाल सरकार मन्त्रीपरिषद्बाट निर्णय हुन मात्र बाँकी रहेको जानकारी दिनुभयो। प्रत्येक गाउँ/नगरको वडा तहमा युवा क्लब स्थापना र परिचालन, वाग्मती सफाइ महाअभियानको २१७ औं शृङ्लाबाट राष्ट्रिय युवा परिषद्समेत औपचारिक रुपमा उक्त अभियानको एक अभिन्न सहयात्री बनी सहभागी बन्दै आएको बताउनुभयो।

उहाँले नेपाल चिनाऔं अभियान, राष्ट्रपति महिला उद्यम कार्यक्रम, युथ पार्लियामेन्ट स्थापना र परिचालन, उद्यमशीलता र वित्तीय साक्षरता कार्यक्रम, पुरष्कृत युवाको सञ्जाल निर्माण र परिचालन र उपराष्ट्रपति युवा पुनस्थापना कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

वातावरण संरक्षण तथा हरियाली अभियानअन्तर्गत परिषद् र शंखरापुर नगरपालिकाको सहकार्यमा उक्त नगरपालिकाको वडा नं. ३ चौकीभञ्ज्याङ स्थित करिब ३८ रोपनी जग्गामा औषधीय गुणयुक्त ३५० थान लौठसल्लाको बिरुवा रोपी सोको संरक्षणको जिम्मा स्थानीय युवालाई नै दिई स्थानीय तहसंग सहकार्य गर्दै अघि बढ्ने कार्यलाई निरन्तरता दिइएको जानकारी दिनुभयो।

संघीय ढाँचामा राष्ट्रिय युवा परिषद्को संरचना (केन्द्रदेखि स्थानीय तहसम्म) कस्तो रहने भन्ने वारेमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन तयार गरिएको र यस बारेमा विभिन्न सरोकारवाला युवा तथा सम्बद्ध संघसंस्थाहरूसंग पनि छलफल तथा राय सुझाव लिइएको बताउनुभयो।




उपाध्यक्ष ढुंगेलले नेपालमा पर्याप्त युवा शक्ति भए पनि सदुपयोग हुन नसकेको बताउँदै युवा शक्तिको परिचालन गर्न सके देश चाँडै समृद्धिको मार्गमा लम्किने विश्वास व्यक्त गर्नुभयो। एक शैक्षिक संस्था एक उद्यमको धारणा परिषद्ले अघि सारेको बताउँदै युवा शक्तिलाई कृषिजन्य सामग्री उत्पादनमा प्रेरित गरेर नेपाललाई आत्मनिर्भर बनाउने अभियान शुरु गरिने उल्लेख गर्नुभयो।

उहाँले गुणस्तरीय र व्यवसायिक शिक्षा ,रोजगारी, उद्यमशीलता र सीप विकास, स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास र खेलकुद तथा मनोरन्जन युवा विकासका लागि दीर्घकालीन रणनीति भन्ने ५ स्तम्भ परिषद्ले अघि सारेको बताउनुभयो।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्र, सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेत, मन्त्रालयका सहसचिव मुक्तिसिंह ठकुरी र रामप्रसाद थपलिया, उपसचिव दामोदर फुयाल, जिल्ला युवा समितिका प्रमुख पदमराज जोशी, पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी, परिषद्का सदस्य, नगरका विभिन्न वडाका वडाध्यक्षलगायतले परम्परागत सीप र संस्कृतिको संरक्षण र युवा पुस्तामा हस्तान्तरण गर्दै युवालाई समृद्धिको यात्रामा सक्षम बनाउँदै सशक्तिकरण गर्नुपर्नेमा जोड दिनुभयो।

## सिनेमा कर्नर

TODAY'S MOVIES
Jab harry met sejal 8:20, 11:20 2:20, 5:20
Mubarakan 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
प्रेम गित-२ 8:20, 11:20 2:20, 5:20
Docter Khate 8:20, 11:20 2:20, 5:20
रुद्र 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jab Harry Met Sejal
Munna Micheal
तारेभिर
प्रेम गीत २
रुद्र
सायद-२
म यस्तो गित गाउछु




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : राजनीतिमा सफलता, मान-सम्मान, फलदायी यात्रा।
**वृष** : रोगव्याधि, गर्न लागेको काममा बाधा, आर्थिक समस्या।
**मिथुन** : धन प्राप्ति, विपरीतलिंगीबाट सहयोग, शुभ यात्रा।
**कर्कट** : धनलाभ, खेलकुद-परीक्षामा विजय, सुख-सन्तोष।
**सिंह** : गरेका काममा सफलता, आर्थिक लाभ, सुख-सन्तोष, स्फूर्ति।
**कन्या** : अपच, विनाकाममा दौडधुप, विभिन्न अल्झन आइलाग्दा तनाव।
**तुला** : आर्थिक उन्नति, पराक्रम वृद्धि, आवश्यक वस्तु वा सेवा प्राप्ति।
**वृश्चिक** : बौद्धिकता वृद्धि, कूटनीतिमा सफलता, धनलाभ, शुभ समाचार।
**धनु** : मिष्ठान्न भोजन, पेसा-व्यवसायबाट आम्दानी, गरेका कार्य सफल।
**मकर** : धन हानि, स्वास्थ्य समस्या, विवाद, नैराश्यता एवम् चिन्ता।
**कुम्भ** : धन-सम्पत्ति-खाद्यान्न प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**मीन** : काममा सफलता, हर्षोल्लास, नवीन कार्यमा जोश-जाँगर।

# नेपाल

मेस्सीको सहयोगमा बनेका तीन स्वास्थ्य चौकी निर्माणमा प्रत्येकको करिब ६० लाख रुपियाँ खर्च भएको युनिसेफका स्वास्थ्य तथा पोषण अधिकृत नितेन्द्र चौरासियाले जानकारी दिए। तीनवटै स्वास्थ्य चौकी अत्याधुनिक प्रिफेब जडित रहेका छन्।

## नगर प्रमुखको छड्केमा १३ शिक्षक

**सरिता चलाउने, सल्यान**

सल्यानमा नगर प्रमुखद्वारा विद्यालयमा उपस्थित नहुने १३ जना शिक्षकको हाजिरी गएल गराइएको छ। बागचौर नगरपालिकाका नगर प्रमुख लोकमान बुढाथोकीले नगरभित्रका केही शैक्षिक संस्था र विभिन्न सरकारी कार्यालयहरूमा छड्के निरीक्षण गर्ने क्रममा जनकल्याण माध्यमिक विद्यालय थारमारे सल्यानमा छड्के निरीक्षण गर्दा बिहान सवा दश बजेसम्म विद्यालयमा उपस्थित नहुने १३ जना शिक्षकको हाजिरी गयल गर्नुभएको हो।

३० जना शिक्षकशिक्षिकाहरू कार्यरत रहेको उक्त विद्यालयमा प्रार्थनाको समयमा आफू त्यहाँ पुग्दा करिब छ जना शिक्षकशिक्षिकाको उपस्थिति रहेको र सवा दश बजेपछिसम्म पनि आफू विद्यालयमै रहँदा १३ जना शिक्षकशिक्षिका विद्यालयमा उपस्थित नभएपछि आफूले उनीहरूको हाजिरी गयल गर्नुपरेको बुढाथोकीले बताउनुभएको छ।

**विद्यालयका प्रधानाध्यापक नै अनुपस्थित**

पछिल्लो समयमा विद्यार्थीको पढाइमा चरम लापरबाही भएको गोप्य सूचनाको आधारमा आफू त्यहाँ पुग्दा विद्यालयका प्रधानाध्यापक पूर्णबहादुर भण्डारीसमेत विद्यालयमा अनुपस्थिति रहेको उहाँले बताउनुभयो। नगरको मुख्य विद्यालयका प्रधानाध्यापक नै नगरपालिका प्रमुख वा उपप्रमुखलाई कुनै पनि जानकारी नदिई बेलाबेलामा बाहिर बस्नु र कुनै पनि शिक्षकले बिदा नलिएकै दिनमा १३ जना शिक्षकशिक्षिकाहरू विद्यालयमा उपस्थित नहुनुले विद्यालय प्रशासनको चरम लापरबाही भएको कुरा प्रमाणित गरेको र अनुपस्थित शिक्षकहरूलाई स्पष्टीकरणका लागि नगरपालिकाले विद्यालयलाई पत्र काट्ने समेत बुढाथोकीले बताउनुभयो।

**इलाका कृषि कार्यालयमा समेत अनुगमन**

विद्यालयको हाजिरी रजिस्टर आफ्नो नियन्त्रणमा लिई दिउँसो करिब ३ बजेतिर विद्यालयलाई फिर्ता गरेका नगर प्रमुख बुढाथोकीले थारमारे बजारको यातायात जामलाई व्यवास्ता गरेर बसेका ट्राफिक प्रहरीलाई समेत आगामी दिनमा आफ्नो डिउटी पारदर्शी रूपले गर्न निर्देशन दिनुभएको थियो। डिउटी नगर्ने सल्यान रुकुम यातायात व्यवसायी समिति थारमारे काउन्टरका ३ जना कर्मचारीको पनि हाजिरी गयल गर्नुभएको छ भने बागचौर नगरपालिकाको कार्यालय र इलाका कृषि कार्यालयमा समेत अनुगमन गरेको र ती कार्यालयहरूमा भने त्यस्तो कुनै पनि गल्ती नदेखिएको उहाँले जानकारी दिनुभयो।

## मेस्सीको सहयोगमा तीन स्वास्थ्य चौकी बने

**सन्तोष अधिकारी, गोरखा**

विश्व चर्चित अर्जेन्टिनी फुटबलर लियोनल मेस्सीको सहयोगमा भूकम्पले ध्वस्त गोरखाका तीनवटा स्वास्थ्य चौकीको पुनर्निर्माण भएको छ। भूकम्पको कारणले पूर्णरूपमा ध्वस्त भएर टेन्टमार्फत स्वास्थ्य सेवा दिइरहेका गोरखाका दर्बुङ, फुजेल र देउरालीको स्वास्थ्य चौकी निर्माणमा लियोनल मेस्सी फाउन्डेसनले युनिसेफमार्फत् सहयोग गरेको हो। देउरालीको स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएपछि शुक्रबार मात्रै स्वास्थ्य चौकी सञ्चालक समितिलाई हस्तान्तरण गरिएको हो।

मेस्सीको सहयोगमा बनेका तीन स्वास्थ्य चौकी निर्माणमा प्रत्येकको करिब ६० लाख रुपियाँ खर्च भएको युनिसेफका स्वास्थ्य तथा पोषण अधिकृत नितेन्द्र चौरासियाले जानकारी दिए। तीनवटै स्वास्थ्य चौकी अत्याधुनिक प्रिफेब जडित रहेका छन्। सामान्य उपचार मात्र हुने तीनवटै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरसहित निर्माण गरिएको हो। 'अब गाउँका महिलाहरू उपयुक्त स्वास्थ्य चौकी नभएकै कारणले सुत्केरी गराउन अन्यत्र जानु पर्दैन', चौरासियाले भने- 'लियोनल मेस्सी फाउन्डेसनबाट आएको रकमको सदुपयोग गर्दै स्वास्थ्य चौकी निर्माण गरेका छौं। अब समुदायले यसलाई निरन्तरता दिन सहयोग गर्नुपर्दछ।' २०१५ को सेप्टेम्बरमा नेपाल सरकारसँग सम्झौता गरी २०१६ को सेप्टेम्बरमा ठेक्का लगाई अहिले सम्पन्न गरिएको हो। मेसिमेमोरियल



फाउन्डेसनको सहयोगबाहेक जिल्लाका अन्य नौवटा स्वास्थ्य चौकी पनि युनिसेफले निर्माण गरिरहेको छ। युनिसेफले भूकम्पको केन्द्र विन्दु बारपाक, लाप्राक, गुम्दा, माछाखोला, नाम्जुङ, छोप्राकलगायतका ठाउँमा पनि स्वास्थ्य चौकी निर्माण गरिरहेको छ। केही स्वास्थ्य चौकीहरूको निर्माण सकिएकाले केही समयभित्रै समुदायलाई हस्तान्तरण गर्ने चौरासियाले जानकारी दिए।

तीनवटै स्वास्थ्य चौकीमा खानेपानीको समेत व्यवस्था गरिएको छ। देउराली र दर्बुङमा धारामा पानी झरिसकेको छ भने फुजेलमा धारा बनिसकेको र पानी ल्याउने विषयमा स्थानीयहरूसँग छलफल भइरहेको युनिसेफका सरसफाइ अधिकृत सूर्य थापाले जानकारी दिए। स्वास्थ्य चौकीमा पानी ल्याउने काम युनिसेफको सहयोगमा स्थानीय साझेदारी संस्था स्वाँरा सघन गाउँ विकास केन्द्रले गरेको छ। देउरालीको स्वास्थ्य चौकी भवन गोरखा नगरपालिकाका प्रमुख राजनराज पन्त, युनिसेफका गोरखा प्रमुख मोहम्मद इद्रिस खान र स्वास्थ्य चौकी प्रमुख हरिमानसिंह बस्नेतले संयुक्त रूपमा रिबन काटेर उद्घाटन गरेका हुन्। दर्बुङ स्वास्थ्य चौकी अप्रिलमा र फुजेल स्वास्थ्य चौकी जुन महिनामा हस्तान्तरण गरिएको थियो।

## विश्वकर्मा मृत भेटिइन्

संखुवासभा, (नेस)

संखुवासभाको भोटखोला गाउँपालिकाबाट बेपत्ता भएकी वाड नं ५ की निर्वाचित दलित सदस्यको शव मृत अवस्थामा भेटिएको छ। नेपाली कांग्रेसबाट निर्वाचित कमला विश्वकर्मा गत असार २४ गते दिउँसोदेखि बेपत्ता भएकी थिइन्।

उनको शव अरुण नदी र ठगमखोला दोभानभन्दा ५० मिटरमाथि ढुंगाको चेपमा सडेको अवस्थामा कंकाल मात्र भेटिएको संखुवासभा डीएसपी सन्तोष खड्काले बताउनुभयो। उहाँले शव रहेको स्थानमा सेती रुखको हाँगामा जमिनभन्दा करिब ६ फिटमाथि हरियो सल गाँठो पारेर चुँडिएको अवस्थामा भेटिएको छ। उनको कपाल र सल सडेको कंकाल छेउमा भेटिएको बताउनुभयो।

उनको अस्थिपन्जर पोस्टमार्टमका लागि खाँदबारी अस्पताल ल्याइए पनि निर्वाचन भएलगत्तै घटना घट्नुले विभिन्न शंका उत्पन्न भएकाले अनुसन्धान प्रभावकारी र चाँडो रिपोर्ट लिनका लागि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको नेपाली कांग्रेस संखुवासभा पार्टी सभापति दिपनकुमार श्रेष्ठले बताउनुभयो।

भोटखोला गाउँपालिका वाड नं. ५ बाट निर्विरोध दलित सदस्य निर्वाचित भएकी विश्वकर्मा असार २५ गते हुने गाउँपालिका सदस्यको निर्वाचनमा सहभागी हुन आएकी थिइन्। उनी निर्वाचन हुने अघिल्लो दिन दिउँसोबाटै बेपत्ता भएपछि प्रहरी, आफन्त र स्थानीयबासीले खोजतलास गरेका थिए।

## विद्यालयको तीनकोठे भवन भत्कियो

सल्यान, (नेस)

अविरल वर्षाका कारण सल्यानको एक विद्यालयको तीनकोठे भवन भत्किएको छ। बन्गाड कुपिण्डे नगरपालिका-१२ मा रहेको सिद्धेश्वरी माध्यमिक विद्यालयको तीनकोठे भवन भत्किएको हो।

भवन भत्किँदा विद्यालयमा पठनपाठनमा समस्या भएको शिक्षक विमलराज डिसीले जानकारी दिनुभएको छ। तीनकोठे भवन भत्किँदा विद्यार्थी खुला आकाशमा बस्न बाध्य भएका छन्। उक्त विद्यालयमा ५० जना विद्यार्थी अध्ययन गर्दै आइरहेका छन्।

### जिससका प्रतिनिधिद्वारा शपथग्रहण

## जोखिममा परेका ३० घरको संरक्षण गर्ने पहिलो निर्णय

**नेपाल समाचारपत्र**

गोरखा

जिल्ला समन्वय समिति गोरखाका प्रमुख तथा उपप्रमुखसहित नौ जना नै जनप्रतिनिधिले शुक्रबार शपथ ग्रहण गरेका छन्। जिल्ला समन्वय समितिका प्रमुख अशोक गुरुङ र उपप्रमुख जानुका अधिकारीले मुख्य निर्वाचन अधिकृत वसन्तराज पौडेलबाट शपथग्रहण गरेका हुन्।

प्रमुख गुरुङले अन्य सात जना सदस्यहरूलाई शपथ खुवाएको सहायक निर्वाचन अधिकृत गोविन्द घिमिरेले जानकारी दिए। नौ जना नै नेपाली कांग्रेसको तर्फबाट स्थानीय तहको निर्वाचनमा विजयी भएर आएका हुन्।

स्थानीय तह निर्वाचन ऐन २०७३ दफा २५ बमोजिम चाहिने पदमा १ भन्दा बढी उम्मेदवारी नपरेपछि मुख्य निर्वाचन अधिकृतलाई प्रमुखमा सिरानचोक गाउँपालिका-१ का अशोककुमार गुरुङ, उपप्रमुखमा शहीद लखन गाउँपालिका-८ की जनुका अधिकारी, तीन महिला सदस्यमा सुलिकोट-५ की उजेलीमाया रानामगर, अजिरकोट-३ की इन्द्रा गुरुङ र गोरखा



नगरपालिका-२ की लक्ष्मी थापामगर निर्विरोध निर्वाचित भएका हुन्। खुला सदस्यमा चुमनुब्री गाउँपालिका-२ का छेवाङ ग्याल्जेन लामा, आरुघाट-२ का राजु गुरुङ र अजिरकोट-२ का मानप्रसाद धिताल निर्वाचित भएका थिए।

दलित तथा अल्पसंख्यक सदस्यमा भने सुलिकोट गाउँपालिका-८ का तेजबहादुर बराम निर्वाचित भएका छन्। उनीहरू सबैले शुक्रबार जिल्ला समन्वय समितिको आफ्नो आफ्नो कार्यकक्षमा पदभार ग्रहणसमेत गरेका छन्। निर्वाचित सबै पदाधिकारीहरूलाई स्थानीय विकास अधिकारी नारायणप्रसाद आचार्यलगायत सम्पूर्ण समन्वय समितिका कर्मचारीहरूले स्वागत गरेका थिए।

जिल्ला समन्वय समितिका प्रमुख गुरुङले शपथ ग्रहणपछि आफ्नो कार्यकक्षमा एक निर्णय गरी पदभार ग्रहण गरेका छन्। उनले अजिरकोट गाउँपालिकाको वडा नं. ३ स्थित काप्रेखोलाको कटानले जोखिममा परेको ३० घर रहेको बस्ती संरक्षणका लागि तारजाली उपलब्ध गराउने भन्दै निर्णय गरेका छन्।

जिल्ला समन्वय समिति गोरखामा धादिङघराका स्थानीय जसबहादुर श्रेष्ठले गाउँ जोखिममा परेको भन्दै साउन १७ गते निवदेन पेस गरेअनुसार र भच्चेक प्रहरी चौकी, अजिरकोट गाउँपालिकाको सिफारिसका आधारमा सो निर्णय गरिएको हो। सिफारिसपत्रमा उल्लेख छ- 'उक्त बस्ती संरक्षणका लागि माग भएअनुसार ३० थान जाली उपलब्ध गराउन निर्णयार्थ पेस गरेको छु।'

## पश्चिम क्षेत्रमा भारी वर्षा

**प्रकाश पन्त, वीरेन्द्रनगर**

मध्य तथा सुदूरपश्चिम क्षेत्रीय हावापानी कार्यालय सुर्खेतले सुर्खेतमा पछिल्लो २४ घण्टामा यो वर्षकै ठूलो वर्षा भएको जनाएको छ। पछिल्लो २४ घण्टामा सुर्खेतमा १७० मिलिमिटर पानी परेको कार्यालयले बताएको छ।

लगायतार वर्षा भइरहेकाले तथा खोला किनार आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन पनि कार्यालयले सुझाव दिएको छ। बिहीबार रातिबाट परेको अविरल वर्षाले वीरेन्द्रनगर उपत्यकाको तल्लो तटीय क्षेत्र जलमग्न भएको छ। बस्ती डुबानमा परेपछि स्थानीय सर्वसाधारण घर छाडेर अग्लो स्थानतर्फ सरेका छन्। उपत्यकाबाट बाहिरिने इत्राम र खोर्केखोलामा पानीको बहाव क्रमिक रूपमा बढ्दै गएको क्षेत्रीय हावापानी कार्यालयका प्रमुख निराजन सापकोटाले बताउनुभयो।

यस्तै सुर्खेतको छिमेकी जिल्ला बर्दियाको बबई चेपाङमा पनि भीषण वर्षा भएकाले स्थानीय बासिन्दालाई सुरक्षित स्थानमा जानका लागि जल तथा मौसम विज्ञान विभागले मोबाइल सन्देशमार्फत् आग्रह गरेको छ। हावापानी कार्यालयको चेपाङस्थित स्टेसनका अनुसार अहिले बबई नदीमा पानीको बहाव ६ मिटर माथि पुगेको छ। चेपाङ आसपासमा मात्रै २३३ मिलिमिटर वर्षा भएको कार्यालय



प्रमुख सापकोटाले जानकारी दिनुभयो।

यता जाजरकोटको त्रिवेणी नलगाड नगरपालिका-५ ऐरारीको सिर्केमा आएको भीषण बाढीले सयौं रोपनी खेतबारी कटान गरेर बगाएको स्थानीय शिक्षक ओमजंग शाहले जानकारी दिनुभयो। बाढीले लगातार कटान गर्न थालेपछि घरबाट स्थानीयहरूले सामानहरू अग्लो स्थानतिर सार्न थालेको पनि उहाँले बताउनुभयो। जाजरकोटका डीएसपी भावश घिमिरले थप क्षति हुन नदिनका लागि घटनास्थलतर्फ प्रहरी टोली पठाएको उल्लेख गर्नुभयो।

## सिक्टाले सुटुक्क गऱ्यो परीक्षण

**नेपाल समाचारपत्र**

बाँके

सिक्टा सिँचाइ आयोजनाले सुटुक्क नहरमा पानी छोडेको छ। गत वर्ष पानी छोड्दा मूल नहर नै भत्किएर संसद्मा समेत हंगामा भएपछि आयोजनाले यसपालि परीक्षणका लागि नहरमा 'अति कम' पानी छोडेको हो।

लामो समयसम्म पानी नपरेर धान रोप्न नपाएका किसानले चर्को दबाब दिएपछि सिक्टाले नहरमा पानी छोडेको थियो। गत वर्ष मूल नहर नै भत्किएर हच्चिएको आयोजनाले परीक्षणका लागि छोडेको पानी किसानको खेतमा भने पुऱ्याउन पाएन। आयोजनाका सूचना अधिकारी प्रकाशबहादुर कार्कीले किसानले चर्को दबाब दिएपछि नहरमा पानी छोडेको बताउनुभयो। उहाँले अति कम मात्रमा छोडिएको पानी डुडुवा नालामा खसाइएको बताउनुभयो।

शुक्रबार जिल्लामा ठूलो पानी परेकाले सिक्टाको नहरमा पानी छोड्न बन्द गरेको छ। 'किसानको खेतमा पानी पुऱ्याउनका लागि अलिअलि गर्दै अगाडि बढाएका थियौं, ठूलो पानी पऱ्यो, आजदेखि हामीले रोकेका छौं', सूचना अधिकारी कार्कीले भन्नुभयो- 'अब आकाशे पानी नपरेको बेलामा



सिक्टाले नहरको पानी किसानको खेतमा पुऱ्याउँछ।' एकैपटक धेरै पानी छोड्दा दुर्घटना व्यहोरिसकेको आयोजनाले यसपालि नहर सफा गर्दै थोरै पानी छोडेको थियो।

मूल नहरको ३५ किलोमिटर खण्डमा पर्ने सिंधनिया शाखा नहर तथा डुन्डुवा सिँचाइ प्रणालीअन्तर्गतको डुन्डुवा मूल नहरबाट खजुरा शाखा नहर, मानपुर शाखा नहर तथा पुरैना, पुरैनी उपशाखा नहरहरूमा पानी सञ्चालन गर्न थालेको आयोजनाले जनाएको छ। आयोजनाले यी नहर खण्डमा आवश्यकताअनुसार पानी छोड्ने भएकाले आफू तथा आफ्ना बालबालिका एवं पशु चौपायालाई भित्र पस्न नदिन सार्वजनिक अपिल गरेको छ। यी नहरबाट जिल्लाको दुई हजार एक सय हेक्टर जमिनमा सिँचाइ पुऱ्याउने आयोजनाले जनाएको छ।

गौरवको आयोजना सिक्टा सम्पन्न भएमा जिल्लाको ४३ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्छ। आयोजनालाई आर्थिक वर्ष २०७६/०७७ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। २०६१/०६२ मा नेपाल सरकारको आन्तरिक स्रोतबाट सिक्टाको काम थालिएको थियो। २०७१/०७२ मा संशोधित गुरुयोजनाअनुसार आयोजनाको लागत २५.०२ अर्ब रहेको छ। अहिलेसम्म सिक्टाको भौतिक प्रगति आधा बढी रहेको छ।

बाँकेमा ३६ हजार ५ सय हेक्टरमा धान रोपाइँ हुने गर्दछ। यो वर्ष पूरै क्षेत्रफलमा रोपाइँ हुने सम्भावना कम छ। साउनको मध्य कटिसक्दा आधा रोपाइँ भएको छैन, जिल्लामा। शुक्रबार मात्रै ठूलो वर्षा भएकाले किसानहरू खेतबारीमा जुटेका छन्। यद्यपि, अहिलेसम्ममा बिउ बूढो भइसकेको छ। समयमा पानी नपर्ने र अन्तिममा बाढी आउने समस्या रहँदै आएको छ। खडेरी, अति वर्षाले गर्दा बाँके खाद्यान्न उत्पादनमा परनिर्भर हुँदै गएको छ।

## फिल्डको काम देखाएर कार्यालय प्रमुख बेपत्ता

**नेपाल समाचारपत्र**

रौतहट

सरकारले 'उज्यालो नेपाल' अभियानलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको भए पनि नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहपुर शाखाका कर्मचारी भने आफूखुसी मनलाग्दी गरिरहेका छन। दैनिक हाजिर गरेर नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहपुर शाखा कार्यालयका प्रमुख नै फिल्डको काम देखाएर बेपत्ता हुने गरेपछि उनी मातहतका कनिष्ठ कर्मचारीहरू झनै सम्पर्कविहीन रहेका छन्।

नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहपुर शाखा कार्यालयका प्रमुख मक्सुद आलमले फिल्डको काम भन्दै कार्यालय समयमै बेपत्ता हुने गरे पनि उनको निगरानी भने हुन सकेको छैन। उनी कहिले क्षेत्रीय कार्यालयको बैठक त कहिले फिल्ड भन्दै कार्यालयमा हाजिर गरेर अनुपस्थित हुने गरेका छन्। शुक्रबार उनको अनुपस्थितिको विषयमा जानकारी लिँदा क्षेत्रीय बैठकमा गएको बताए। उनी मात्र हैन सो कार्यालयका सिनियर मिटररिडर दिलीप तामाङ र चालक रमेश कल्वार दुई सातादेखि कार्यालयको सम्पर्कमा छैनन् तर पनि कार्यालय प्रमुख मक्सुद आलमले सबै कर्मचारी कार्यालयमा हाजिर भएको दाबी गरेका छन्।

कार्यालय प्रमुखकै संरक्षणमा ती दुवै कर्मचारी कार्यालयसँग सम्पर्कविहीन बनेका छन्। उनीहरूको अनुपस्थितिले नेपाल विद्युत् प्राधिकरणलाई क्षति समेत व्यहोर्नुपरेको छ। उता कार्यालयको हाजिरकपी समेत लुकाइने गरिएको छ। यस विषयमा कार्यालयका प्रशासन फाँटका रमेश हुमागाईंले भने प्रमुखको आदेशमा हाजिरकपी लुकाइएको बताए। मध्य तराईका बारा र रौतहटमा अझै पनि हुकिङ प्रयोगले विद्युत् चुहावट रोकिएको छैन। चुहावट गर्ने दोषीलाई कर्मचारीकै संरक्षण रहने गरेको छ, यसको नियन्त्रणमा उनीहरूको उदासिनता रहने गरेको छ।

विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालय हेटौंडाका अनुसार रौतहटमा ४७ प्रतिशत विद्युत् चुहावट अझै रहेको छ। सरकारले ऊर्जा क्षेत्रमा ठूलो धनराशी खर्चे पनि मातहत कार्यालयका कर्मचारीको कारण राज्यले वर्षेनी घाटा व्यहोर्नुपरेको छ। जिल्लाका सरकारी कार्यालयमा कर्मचारी बस्ने नबस्ने विषयमा जिल्ला प्रशासन कार्यालयसमेत मौन रहने गरेको छ। उता प्रमुख जिल्ला अधिकारी उद्धव थापाले भने विद्युत् प्राधिकरणमा कर्मचारीहरू नरहेको विषयमा कुनै जानकारी नरहेको बताए।

२०७४, साउन
शनिबार
२१

महोत्तरीको जलेश्वरस्थित बस स्ट्यान्ड चोकमा जलेश्वरका स्थानीय युवाहरूले जलेश्वर-जनकपुर-भिठामोड सडक खण्डमा १ बजेर १५ मिनेट देखि २ बजेर १५ मिनेटसम्म एक घण्टा चक्काजाम गरी सडक अवरुरद्ध पारेका छन्।

# नेपाल

# स्थानीय युवाद्वारा सडक अवरुद्ध

नेपाल समाचारपत्र

महोत्तरी

सर्वोच्च अदालतको आदेशको कार्यान्वयनको माग गर्दै जलेश्वरका स्थानीय युवाहरूले जलेश्वर-जनकपुर-भिठामोड सडक अवरुद्ध पारेका छन्।

महोत्तरीको जलेश्वरस्थित बस स्ट्यान्ड चोकमा जलेश्वरका स्थानीय युवाहरूले जलेश्वर-जनकपुर-भिठामोड सडक खण्डमा १ बजेर १५ मिनेट देखि २ बजेर १५ मिनेटसम्म एक घण्टा चक्काजाम गरी सडक अवरुरद्ध पारेका छन्। जलेश्वरका स्थानीय युवाहरूले सडक डिभिजन कार्यालय र ठेकेदारहरूले सर्वोच्च अदालतको आदेशको अवहेलना गरेको तथा आदेशपश्चात् पनि सो सडक खण्डमा काम सुचारु नगरेको भन्दै सडक अवरुद्ध पारेका छन्।

महोत्तरी र धनुषा जोड्ने मूल भिठामोड-जलेश्वर-जनकपुर सडक खण्ड निर्माण कार्य सुस्त गतिमा भइरहेकाले तोकिएकै मितिमा सम्पन्न गर्न



सर्वोच्च अदालतले सरकारका नाममा अन्तरिम आदेश दिएको थियो। मंगलबार न्यायाधीश ओमप्रकाश मिश्रको एकल इजलासले समयमै गुणस्तरयुक्त सडक निर्माण गर्न सरकारका नाममा अन्तरिम आदेश दिएको थियो।

भिठामोड-जलेश्वर-जनकपुर सडक हुलाकी राजमार्गको चार लेन कालोपत्रसमेत हुने गरी निर्माण गर्न सरकारद्वारा निर्णय भएकोमा तत्काल एक लेन ग्राभेल सम्पन्न गर्न समेत आदेशमा उल्लेख छ। सो आदेशमा तोकिएकै समयमा सडक निर्माण कार्य सम्पन्न गर्नको साथै एक वर्ष बितिसक्दा पनि उक्त सडक निर्माण हुन ढिलासुस्ती हुनका कारण देखाउन समेत उल्लेख गरिएको छ।

# प्रदेश २ मा पनि एमाले पहिलो पार्टी बन्ने ज्ञवालीको दाबी

नेपाल समाचारपत्र

सिरहा

असोज २ गते हुने प्रदेश नम्बर २ को चुनावमा पनि नेकपा एमाले पहिलो पार्टी बन्ने नेकपा एमालेका सचिव प्रदीप ज्ञवालीले दाबी गर्नुभएको छ।

प्रेस चौतारी सिरहाले शुक्रबार लहानमा आयोजना गरेको पत्रकार सम्मेलनमा सचिव ज्ञवालीले यस्तो बताउनुभएको हो।

प्रतिकूलतामा पनि एमाले पहिलो र दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा पहिलो पार्टी भइसकेको भन्दै तेस्रो चरणमा पनि एमाले पहिलो पार्टी नै बन्ने दाबीसमेत गर्नुभएको छ। एमालेको पहिलो एजेन्डा भनेको समृद्धि र विकास रहेकाले तराई मधेसको विकास, हुलाकी सडक निर्माण कार्य, चुस्त मजबुत संगठन, शान्ति, समृद्धि र सुन्दर तराई मधेस बनाउने योजना रहेको र एमाले मधेसी र पहाडीलाई भावनात्मक रूपमा जोड्ने नारा अघि सारेकाले पार्टीमा ऊर्जा थपेको जिकिर गर्नुभयो।

तेस्रो चरणको निर्वाचनमा कुनै पार्टीसँग तालमेल हुन्छ कि भन्ने पत्रकारहरूको जिज्ञासामा सचिव ज्ञवालीले नेपाली कांग्रेसबाहेक अरू दलहरूसँग तालमेल गर्न एमाले स्थानीय पार्टीको माग र आवश्यकताअनुसार तयार रहेको प्रस्ट्याउनुभयो। तराई मधेसका जनताले अहिले निर्वाचन चाहेकाले राष्ट्रिय जनता पार्टीलाई पनि चुनावमा सरिक हुन आग्रह गर्नुभयो। एमाले संविधान संशोधनको विरोधी नरहेकाले प्रदेश र संसद्को चुनाव सम्पन्न गरिसकेपछि औचित्यता र आवश्यकताको अधारमा संविधान संशोधन गर्न एमाले तयार रहेको धारणासमेत राख्नुभयो।

हार्दिक श्रद्धाञ्जली

जन्म मिति
१९८२ आश्विन १३



स्वर्गारोहण
२०७४ श्रावण ९

स्व. कृष्ण देवी मानन्धर

यस संस्थाका संचालक **श्री समन मानन्धर**की ममतामयी माता **श्रीमती कृष्ण देवी मानन्धर**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडिमा सम्पूर्ण परिवारजनमा श्री पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

बेनी इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट प्रा. लि.
नक्साल, काठमाडौं

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# देखिन थाले डेंगुका बिरामी

बाँके, (नेस)

बाँकेमा डेंगुका बिरामी देखिएका छन्। बर्दियाका ५३ वर्षीय नारायणदेव आचार्यमा डेंगु देखिएको हो।

आचार्यको १७ गतेदेखि नेपालगन्ज नर्सिङहोममा उपचार भइरहेको छ। आचार्यमा प्रारम्भिक डेंगु देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेका फोकलपर्सन रत्न शर्माले बताउनुभयो। 'आईजीएम पोजिटिभ' देखिएको छ, यो प्रारम्भिक डेंगु हो', शर्माले भन्नुभयो- 'एकपटक डेंगु भइसकेका व्यक्तिमा यो देखिरहन्छ।'

बाँकेमा गत वर्ष सय बढी डेंगुका बिरामी आएका थिए। तीमध्ये ३८ जना जिल्ला निवासी नै थिए। अस्पतालहरूले डेंगुका बिरामीलाई झुलभित्र राखेर उपचारको व्यवस्था मिलाएका थिए। यो वर्षका पहिलो बिरामी आचार्यको नर्सिङहोमको आईसीयू कक्षमा उपचार भइरहेको छ।

डेंगु हुन नदिनका लागि सरकारले विविध गतिविधि गर्ने गर्दछ। प्रचण्ड गर्मी, लामखुट्टेको बिगबिगी र फोहोरले गर्दा डेंगुलगायतका रोग फैलिन गरेको छ। आचार्यमा डेंगु देखिएकाले उनको घरआसपासमा सतर्कता अपनाउन खबर गरिएको छ।

बाँके, बर्दिया जिल्ला डेंगुको उच्च जोखिममा रहेका छन्। भारतमा काम गरेर फर्किनेले पनि डेंगु बोकेर आएको पाइन्छ। गत जेठमा भारतबाट काम गरेर फर्किएका सुर्खेतका एक जनामा कडा खालको डेंगु देखिएको थियो। कोहलपुर मेडिकल कलेजमा उपचार गरेर उनी घरतर्फ लागेको जनस्वास्थ्य कार्यालयका फोकलपर्सन शर्माले जानकारी दिनुभयो।

वर्षात्को समय भएकाले यति बेला भाइरल ज्वरोका बिरामी बढेका छन्। कतिपयमा स्वाइनफ्लुको आशंका गरिएको छ। भेरी अञ्चल अस्पतालमा भने स्वाइनफ्लु जाँच गर्ने किट उपलब्ध हुन सकेको छैन। पटकपटक माग गर्दा पनि केन्द्रले पठाइदिएको छैन। ज्वरोका बिरामी बढिरहे पनि भेरीमा अहिलेसम्म डेंगु देखिएको छैन। भेरीमा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, दाङका बिरामी रिफर हुने गर्दछन्।

# बन्चरो प्रहारले छोरा घाइते

भद्रपुर, (नेस)

झापाको मेचीनगर नगरपालिका-७ स्थित प्यारीभिट्टामा शुक्रबार बिहान बाबुले आफ्नै छोरालाई बन्चरो प्रहार गरी घाइते बनाएका छन्।

घाइते हुनेमा १२ वर्षीय मनीष खडिया रहेको छन्। मनीषलाई उनका ६० वर्षीय बाबु बण्डा खडियाले सुतिरहेको अवस्थामा एक्कासि टाउकोमा बन्चरोले हानेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

गम्भीर घाइते बालकको बिर्तामोडस्थित बीएन्डसी अस्पतालमा उपचार भइरहेको छ भने बन्चरो प्रहार गर्ने बाबु बण्डा खडियालाई प्रहरीको नियन्त्रणमा राखी थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय काँकडभिट्टाले जनाएको छ।

# विश्व स्तनपान दिवस शुरू

भद्रपुर, (नेस)

विश्व स्तनपान सप्ताह दिवस झापामा पनि विविध कार्यक्रमका साथ शुरू गरिएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय झापाले शुक्रबार बिहान पत्रकार सम्मेलन गरी सप्ताह अवधिभर गरिने कार्यक्रमका बारेमा जानकारी गराएको हो।

जिल्लाका ५० ओटा स्वास्थ्य चौकीमार्फत् जनचेतना गराउने, १५ ओटा स्थानीय तहमा प्रचारप्रसारसम्बन्धी विभिन्न पोस्टर टाँस गर्ने, नागरिक समाजसँग अन्तरक्रियालगायतको कार्यक्रम गरेर सप्ताह सफल पार्ने जिल्ला जनस्वास्थ्य कार्यालयका कार्यक्रम अधिकृत कुलबहादुर पौडेलले जनाएका छन्। अगस्ट १ देखि ७ सम्म मनाउने कार्यक्रममा यो वर्ष 'सब मिली स्तनपानलाई दिगो बनाऊ' भन्ने नाराका साथ सप्ताह मनाइरहेको अधिकृत पौडेलले बताए।

स्तनपान गराएको वा नगराएको कुनै तथ्यांक नेपाल सरकारसँग न रहेको समेत उनले बताए। हरेक बार खाना चारलाई अनिवार्य गरेमा बालबालिकाको दुई वर्ष भित्रमा ८० प्रतिशत वृद्धि विकास हुने पुष्टि भएकाले यो सूत्र जरुरी रहेको उनको भनाइ छ। शिशुलाई २४ घण्टामा कम्तीमा १० देखि १२ पटकसम्म स्तनपान गराउने र ६ महिना पूरा भएपछि पूरक खानाका साथै अतिरिक्त कम्तीमा दुई वर्ष पूरा नभएसम्म आमाको दूध खुवाउनुपर्ने उनले बताए।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिराटनगर, मोरंग
१ नं.प्रदेश, नेपाल

**बिद्युतिय सामान खरिद सम्बन्धि बोलपत्र आव्हानको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति:२०७४।०४।२१

आ.व. २०७४।०७५ कालागि आवश्यक पर्ने बिजुलीका सामान यस विराटनगर महानगरपालिका कार्यालय लाई आवश्यकत्तानुसार खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सले प्रथम पटक सूचना प्रकाशित भएको मितिले (३०औं दिन) मा कार्यालय समय सम्म रु.१०००।००(एकहजार) मा (फिर्ता नहुने गरि) यस कार्यालय बाट बोलपत्र फाराम खरीद गरी आफुले दिन सक्ने मूल्य अभिबृद्धि कर (भ्याट) बाहेकको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि न.पा. व्यवसायिक इजाजत प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र समेतको छा¡याप्रति साथ यस कार्यालयको कृषी विकास बैंक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता.नं. ०६०१६०११४५९७३०३२ मा रु.२०००००। (दुईलाख मात्र) जम्मा गरेको सक्कल भौचर संलग्न राखी निम्न समय र मिति भित्र विराटनगर महानगरपालिकाको नाउंमा शिलबन्दी बोलपत्र पेश गर्न हुन सार्वजनिक खरिद नियमावली,२०६४को परिच्छेद ५ को नियम ३१ बमोजिम यो ३० दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) बोलपत्र दर्ता गर्ने सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे सम्म न.पा. कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ । पर्न आएको बोलपत्र सोही दिन दिनको १.०० बजे पछि न.पा. कार्यालयमा खोलिने छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलीपल्ट दर्ता गर्ने मिति कायम रहने छ । सो समयमा प्रतिनिधि उपस्थित हुनुपर्ने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
२) बोलपत्र खरिद गर्दा न.पा. व्यवसाय इजाजत प्रमाणपत्र, भ्याट र कर क्लियरेंन्सको प्रमाणित प्रतिलिपी देखाई मात्र खरीद गर्न सकिनेछ ।
३) बोलपत्रमा आफ्नो दररेट (भ्याट) बाहेक प्रष्ट बुझिने गरी अंक र अक्षरमा लेख्नु पर्नेछ ।
४) दरमा फरक पर्न गएमा अक्षर अंकित भएको दरलाई मान्यता दिइनेछ ।
५) बोलपत्र साथ आयकर दर्ता प्रमाणपत्र, न.पा. व्यवसायिक इजाजत प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (भ्याट) दर्ता प्रमाणपत्र समेतको छायाप्रति साथ धरौटी वापत कृषी विकास बैंक मुख्य शाखा कार्यालय बिराटनगरमा रहेको धरौटी खाता.नं. ०६०१६०११४५९७३०३२ मा रु. रु.२०००००।०० (दुईलाख मात्र) जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ । यस्तो प्रमाणहरु चालु आ.व.को लागि नवीकरण समेत भएको हुनुपर्नेछ ।
६) बोलपत्रको दररेट स्वीकृत भइसकेपछि कवुलियत अनुसार गुणस्तरयुक्त सामान सप्लाई गर्नुपर्ने छ । तोकिएको समयमा सप्लाई नगरेमा वा आलटाल गरेमा राखेको धरौटी जफत गरी कवुलियत बदर गर्न सकिने छ ।
७) वीचमा मूल्य वृद्धि भएमा सो को दावी गर्न पाइने छैन र उल्लेख गरेको दररेट यस आ.व.०७१।०७२ भरिको लागि मात्र कायम हुनेछ ।
८) रकम भुक्तानी गर्दा १.५% प्रतिशत आयकर, १.५% प्रतिशत न.पा.शुल्क, र ५% प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने बिलको रकम वाट कट्टा गरी भुक्तानी गरिनेछ ।
९) बोलपत्र फारम साथ राखेको धरौटी र बिलमा कट्टी भएको धरौटी रकम अवधि समाप्त भएपछि नियमानुसार फिर्ता दिइनेछ ।
१०)पर्न आएका बोलपत्रको दररेट छानविन गरी घटी वा बढीलाई स्वीकृत गर्ने वा आंशिक स्वीकृत गर्ने वा कुनै पनि स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११)उल्लेखित परिमाणमा थपघट गरी खरिद गर्न सकिने छ । यस सम्बन्धमा कार्यालयले गरेको निर्णय अन्तिम हुने छ ।
१२)रित नपुगेको, म्याद नाघी आएको बोलपत्र स्वीकृत गरिने छैन ।
१३)वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्र दाताको फर्म, कम्पनी, सप्लायर्सको नाम ठेगाना एंव निश्चित कारोवार स्थल भएको नपाइएमा कार्यालयले नियमानुसार वैकल्पिक फर्म, कम्पनी, सप्लायर्सको बोलपत्र स्वीकृत गर्ने कारवाही चलाउनेछ ।
१४)अन्य जानकारीको लागि महानगरपालिकाको भण्डार तथा सम्पती व्यवस्था उपशाखामा सम्पर्क राखी जानकारी लिन सकिने छ ।

Government of Nepal
Ministry of Energy
**Department of Electricity Development**
Thapagaun, Anamnagar, Kathmandu

**Invitation for Bids for the Procurement of Hardtop 4WD SUV and Motorcycle/Scooter**

**Date of publication: 2074-04-21**

1. Department of Electricity Development (DoED) intends to procure (i) Hardtop 4WD SUV (1No.) (ii) Motorcycle (14 No.)/ Scooter (7 No.) using fund allocated from GoN and invites sealed bids from eligible bidders for procurement of these goods. The bidder should be authorized dealer/distributor/manufacturer.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of DoED (Procurement Unit-Room No C- 303), Thapagaon, Anamnagar, Kathmandu, Tel: 4474852, 4480326, 4480276; Fax: 4480257; Email: info@doed.gov.np
3. Bidding documents may be purchased from the above address of DoED Thapagaon, Anamnagar, Kathmandu by eligible bidders on submission of a written application, along with the notarized copy of renewed/valid company/firm registration certificate; VAT certificate; Income Tax Clearance Certificate for FY 072/73 or Income Tax Clearance Certificate for FY 073/74 (If bidders wishes to submit Income Tax Submission Certificate for FY 073/74, they must submit Income Tax Clearance Certificate for FY 072/73); self-deceleration as per clause 40 – 2 (e) of Public Procurement Regulation, 2064 and payment of a non-refundable fee as mentioned below on or before 30th days from first date of publication during office hour. In addition the bidder must submit certificate of dealership / distributorship / manufacturers. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost required for postal Charge. However, the DoED will not be responsible for delay or non-delivery of the documents so sent.
4. Sealed Bids along with necessary documents must be submitted to the office of DoED (Procurement Unit-Room No C- 303) on or before 12.00 noon on 2074-05-19 Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend bid opening at 13.00 noon on 2074-05-19 at the meeting hall of DoED. Bids must be valid for a period of ***90 days*** counting from the day of bid opening and must be accompanied by the bid security, amounting to of amount mentioned below which shall be ***valid for minimum 30 days*** beyond the bid validity period of the bid. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No. 1201200001002524 (Ko. Le. Ni. Ka. Samanwaya Karyalaya, Thapathali in name of Office Code – 27-308-02 with beneficiary name Department of Electricity Development) in Nepal Rastra Bank, Thapathali and submit the original receipt of the deposited amount of cash along with the Sealed Bid. Absence of the bidder or their authorized representatives, however, shall not obstruct or prevent the opening of the bid in any way.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. The DoED reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. Others terms and conditions will be in accordance with Public Procurement Act, 2063, Public Procurement Regulation 2064 and the prevailing laws of Government of Nepal.

| S. N. | Package No | Contract Identification No | Description of procurement | Tender Document Fee NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | 1 | DoED/G/NCB/074/75-1 | Procurement of Hardtop 4WD SUV | 3,000/- | 1,25,000/- |
| 2 | 2 | DoED/G/NCB/074/75-2 | Procurement of Motorcycle/Scooter | 3,000/- | 95,000/- |

# विश्व

## अन्तरिक्ष सान

अमेरिकाले अन्तरिक्षमा यात्राका लागि पठाएका दुई अन्तरिक्ष यान भ्वयजरमध्येको एक प्रक्षेपण गर्नु केही महिनाअगाडि सन् १९७७ अप्रिलको फाइल तस्वीर। प्रक्षेपण गरेको ४० वर्षपछि अर्बौं माइल दूरी तय गरिसकेपछि पनि ती यानले डाटा पठाइरहेका छन्।



## अल्छी केटो

न्युजविकको नयाँ संस्करणको कभर पेजमा छापिएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प। उक्त तस्वीरमा उनलाई अल्छी केटाका रूपमा चित्रण गरिएको छ।




2017, AUG Saturday 5

विश्व २ मिनेट

### चीन

## सैनिक घटेको दाबी

बेइजिङ, (एजेन्सी)

चीन सरकारले विवादास्पद डोकलाममा भारतले सैनिक संख्या घटाएको दाबी गरेको छ। १५ पृष्ठको एक प्रतिवेदनमा चिनियाँ विदेश मन्त्रालयले उक्त दाबी गरेको हो। डोकलाम सीमामा पहिला करिब ४ यस भारतीय सैनिक रहेको जनाइएको छ। भारतले चीनको उक्त दाबीलाई अस्वीकार गरेको छ। त्यस क्षेत्रमा दुवै देशका करिब ३ सय ५० देखि ४ सय सैनिक आमनेसामने रहेको नयाँदिल्लीले बताएको छ। चिनियाँ प्रतिवेदनमा सन् २०१७ जुन १६ मा चीनले डोकलाम इलाकामा सडक बनाइरहेका थिए। उक्त सडक निर्माण रोक्न भारतीय सैनिक सय मिटर चिनियाँ भूभागमा प्रवेश गरेको प्रतिवेदनमा उल्लेख छ।

### भारत

## रहस्यमय घटना

नयाँदिल्ली, (एजेन्सी)

उत्तरी भारतको हरियाणा र राजस्थानमा ५० भन्दा धेरै महिलाले बेहोस गरी रहस्यमयी तरिकाले उनीहरूको कपाल काटिदिएको उजुरी दिएका छन्। उक्त रहस्य पत्ता लगाउन प्रहरी अहिलेसम्म सफल हुन सकेको छैन। तर त्यस क्षेत्रका महिलामा यसबाट डर फैलिएको छ। हरियाणामा गुडगावँका भिगढ इलाका ५३ वर्षीया सुनिता देवीले तेजिलो फ्ल्यास लाइट देखेपछि आफू बेहोस भएको, एक घण्टापछि होस खुलेको र कपाल काटिएको थाहा पाएको बताएकी छिन्। यस घटनाबाट पीडित महिलाहरूले फरक फरक विवरण बताइरहेका छन्। यस प्रकारको घटनाका बारेमा अनुसन्धान गर्ने टोली राजधानी दिल्लीबाट पनि आइरहेको जनाइएको छ।

### जापान

## माछा बजारमा आगलागी

टोक्यो, (एजेन्सी)

विश्वमै सबैभन्दा ठूलो तथा पर्यटकको आकर्षणको केन्द्रका रूपमा रहेको जापानको लोकप्रिय तसुकिजी माछा बजारमा लागेको आगलागी अग्निनियन्त्रकहरूले नियन्त्रणमा लिएको जापानी सञ्चारमाध्यमले शुक्रबार जनाएको छ। राजधानी टोक्योस्थित करिब ८० वर्ष पुरानो यस बजार टुना माछा लिलामका लागि प्रख्यात छ। यहींबाट टोक्योका प्रमुख सुसी रेस्टुरेन्टहरूमा माछा आपूर्ति हुने गरेको छ। बिहीबार राति अचानक लागेको सो आगलागी नियन्त्रणका लागि दर्जनौं दमकल प्रयोग गरिएको थियो। यस घटनामा थुप्रै माछा पसल क्षतिग्रस्त भए पनि मानवीय क्षति नभएको बताइएको छ।

### अमेरिका

## क्षेप्यास्त्र प्रक्षेपण

क्यालिफोर्निया, (एजेन्सी)

अमेरिकी वायु सैनिक फौजले स्थानीय समयअनुसार बुधबार बिहान सबेरै हातहतियार नराखिएको मिन्युटम्यान तृतीय नामक एउटा अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र क्यालिफोर्नियामा परीक्षण गरेको अमेरिकी सरकारी सूत्रले जनाएको छ। उक्त क्षेप्यास्त्र लस एन्जेल्सदेखि झण्डै १ सय ३० माइल उत्तर पश्चिममा पर्ने वायु सेनाको नर्थ भ्यान्डेन्वर्गको वायु सैनिक अखडाबाट बिहान २ बजेर १० मिनेट जाँदा प्रक्षेपण गरिएको बताइएको छ। उत्तर कोरियाले हालै अन्तर महादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रहरू परीक्षण गर्न थालेपछि शक्ति प्रदर्शनका लागि अमेरिकाले यो कदम उठाएको हो।

# उत्तर कोरियाको क्षेप्यास्त्र यात्रुवाहक विमानको नजिक

टोक्यो, (एजेन्सी)



उत्तर कोरियाले प्रक्षेपण गरेको एक अन्तरमहाद्विपीय ब्यालेस्टिक क्षेत्रप्यास्त्र एयर फ्रान्सको एक विमाननजिकै पुगको बताइएको छ।

फ्रान्सका अधिकारीहरूका अनुसार जुन ठाउँमा क्षेप्यास्त्र खसेको थियो, त्यो स्थानमा करिब १० मिनेटअगाडि मात्रै उक्त विमानले उडान भरिरहेको थियो। जापानको राजधानी टोक्योबाट पेरिस गइरहेको उक्त विमानमा ३ सय ३० भन्दा धेरै यात्री थिए।

यद्यपि एयर फ्रान्सले उसको विमान खतराको स्थितिमा नभएको बताएको थियो। तर सावधानीका रूपमा उसले उडान निषेध क्षेत्रको दायरा उत्तर कोरियाको वरपरको इलाका सम्म बढाएको छ। जापान र अमेरिकाले दिएको अनुमानित आँकडामा उक्त विमान क्षेप्यास्त्रबाट १ सयदेखि १ सय ५० किलोमिटरको नजिक रहेको उल्लेख गरेको छ।

अमेरिकाका अधिकारीले त्यस क्षेत्रमा व्यावसायिक उडानमा रहेका विमानहरूलाई क्षेप्यास्त्रको खतराका बारेमा लगातार जानकारी दिइरहेको हुन्छ। बोइङ ७७७ को उडान मार्गअनुसार जुन बेला उक्त विमान जापानको होकाइडो द्विपको पश्चिममा थियो। त्यतिबेला उत्तर कोरियाको क्षेप्यास्त्र हवामा थियो।

अमेरिकी रक्षा विभाग पेन्टागनले उक्त क्षेप्यास्त्र व्यस्त हवाई क्षेत्र भएरै गएको बताएको छ। पेन्टागनका प्रवक्ता क्याप्टेन जेफ डेविसले भने- 'यसलाई आकाशतर्फ प्रहार गरिएको थियो र यो जापानको इकोनोमिक जोनमा खस्यो। यो क्षेत्र व्यापारिक पानीजहाज र माछा मार्ने जहाजले प्रयोग गरिरहेको हुन्छ।

एयर फ्रान्सले क्षेप्यास्त्र कहिले पनि विमानको उडान मार्गमा नआएको र शुक्रबारको सेवा समस्यारहित रहेको जनाएको छ। सन् २०१४ मा मेलेसिया एयरलाइन्सको फ्लाइट एमएच १७ बाट पूर्वी युक्रेनमा कथितरूपमा रुसमा बनेको बक क्षेप्यास्त्र प्रहार भएको थियो। उक्त घटनामा विमानमा यात्रा गरिरहेका सबै २ सय ८३ यात्रीको मृत्यु भएको थियो। उक्त विमान आम्स्टर्डमबाट क्वालालम्पुरका लागि उडानमा थियो।

उत्तर कोरियाले गत हप्ता परीक्षण गरेको अन्तरमहाद्विपीय क्षेप्यास्त्रको क्षमता अमेरिकाको मुख्य भूमिलाई निसाना बनाउन सक्ने आकलन गरिएको छ। उक्त परीक्षणलाई लिएर अमेरिकाले कडा चेतावनी दिँदै नयाँ प्रतिबन्ध लगाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाको क्षेप्यास्त्र तथा परमाणु हतियार कार्यक्रमलाई रोक्न युद्धको विकल्प खुला रहेको चेतावनी दिएका थिए। बिहीबार अमेरिकी विदेशमन्त्री रेक्स टिलरसनले अमेरिका उत्तर कोरियाको शत्रु नभएको तर उनको गतिविधिका कारण कारबाहीका लागि बाध्य भइरहेको बताएका थिए।



युनाइटेड अरब इमिरेट्स (यूएई)को दुबई शहरमा रहेको विश्वकै अग्लोमध्येको एक ८६ तले आवासीय भवनमा शुक्रबार बिहान १ बजे एक्कासि लागेको आगो। आगलागीबाट १ हजार १ सय फुट अग्लो टर्च टावर नामको सो भवनका दर्जनौं तलामा ठूलो क्षति भए पनि त्यहाँ रहेका मानिसलाई भने तत्काल उद्धार गरिएकाले सकुशल रहेको जनाइएको छ। आगो बिहान ३:३० बजेसम्ममा नियन्त्रणमा लिइएको थियो। आगलागी कसरी शुरू भयो भन्ने कुरा खुलेको छैन। बिहानको समय भएकाले आगलागीबाट त्यहाँ रहेका मानिस आतंकित भएका थिए। *तस्वीर : एजेन्सी*

# जर्मनीमा दूषित अण्डा फ्याँकियो

सिड्नी, (एजेन्सी)



चर्चित सुपरमार्केट आल्डीले जर्मनीस्थित आफ्ना सम्पूर्ण स्टोरहरूबाट बेच्न राखिएका सम्पूर्ण अण्डा फ्याँक्न लगाएको छ। किरा फटेंग्राका कारण ती अण्डा दूषित हुन पुगेको सरकारी सूत्रले शुक्रबार जनाएको छ।

प्रयोगशाला परीक्षणबाट नेदरल्यान्डबाट आयातीत ती अण्डामा मानिसको मृगौला, कलेजो र थाइराइड ग्रन्थीलाई हानि नोक्सानी पुऱ्याउन सक्ने फिप्रोनिल नामक रसायनिक पदार्थ भेटिएको जनाइएको छ। कुखुरामा जुम्रा र चिलाउने समस्या समाधानका लागि फिप्रोनिलको प्रयोग गरिने गरिन्छ।

एकजना जर्मन अधिकारीले जर्मनीमा कम्तीमा पनि १ करोडवटा यस्ता दूषित अण्डा विक्री भइसकेको बताएका छन्। लायर स्याक्सोनीका लागि कृषि मन्त्री क्रिश्चियन मियरले यदि बालबालिकाले यस्ता अण्डा दिनको दुईवटा खाने गर्दा निकै खतरा हुने जर्मन टेलिभिजनलाई बताएका छन्।

हाल यस सम्बन्धमा अनुसन्धान जारी रहेकाले नेदरल्यान्डका करिब १ सय ८० वटा कुखरा पालन केन्द्र पछिल्ला केही दिनयता अस्थायी समयका लागि बन्द गरिएको छ। डच सरकारी न्यायालयका अधिकारी मारिएके भान डर मोलेनले ती अण्डा प्रदूषित हुनुको कारण पत्ता लगाउन अनुसन्धान जारी रहेको बताएका छन्।

यसैगरी युरोपेली सुपरमार्केटहरूले यस्ता दूषित अण्डाहरूको विक्री वितरणमा रोक लगाइसकेको छ। तर जर्मनीमा मात्र ४ हजारवटा स्टोर सञ्चालन गर्दै आइरहेको आल्डीले पहिलोपटक अण्डा विक्रीमा रोक लगाएको हो।

बेलायतस्थित आल्डी यूकेका प्रवक्ताले आफ्ना स्टोरमा सम्पूर्ण अण्डा बेलायती रहेकाले दूषित नभएको स्पष्ट पारेका छन्। रोयटर्सले पोल्ट्री फार्म सफा गर्ने क्रममा प्रयोग गरिएको प्रदूषित डिटर्जेन्ट पाउडरबाट अण्डा दूषित भएको हुन सक्ने जनाएको छ।

तर पोल्ट्री वर्ल्डले हाल प्रयोगमा रहेका किटनाशक औषधिलाई अझै बढी प्रभावकारी बनाउने उद्देश्यले त्यसमा जानीजानी फिप्रोनिल मिसाइएको दाबी गरेको छ। विश्वकै सबैभन्दा ठूलो अण्डा निर्यातकर्ता रहेका नेदरल्यान्ड युरोपमा पनि सबैभन्दा बढी अण्डा आपूर्ति गर्ने राष्ट्र हुन्। नेदरल्यान्डले वर्षेनी उत्पादन गर्ने १० अर्बवटा अण्डामध्ये ६५ प्रतिशत निर्यात गर्दै आइरहेको छ।

# दक्षिण कोरियाली जासुसी निकायद्वारा अनियमितता प्रयास स्वीकार

सोल, (एजेन्सी)



दक्षिण कोरियाको जासुसी निकायले सन् २०१२ को राष्ट्रपतीय निर्वाचनको परिणाममा आफूले अनियमितता गर्न खोजेको शुक्रबार स्विकारेको छ। आन्तरिक अनुसन्धानबाट करिब ३० वटा टोलीले कन्जेरभेटिभ उम्मेदवारलाई जिताउन दुई वर्षभन्दा लामो समय अथक प्रयास गरेको पत्ता लागेको छ।

राष्ट्रपति पार्क गेयुन ह्येले त्यसबेला लिवरल प्रतिद्वन्द्वी मुन जाय इनलाई पराजित गरेकी थिइन्। तर अहिले भ्रष्टाचारको अभियोगमा पार्कले मुद्दा खेपिरेहकी छिन् भने उनको स्थानमा मुन स्थापित भएका छन्।

हाल अनुसन्धान गरिँदै गरेका पूर्वगुप्तचर प्रमुख वोन सेइ हूनले मुद्दा सुनुवाइको क्रममा दोस्रोचोटी सो चुनावमा अनियमितता गर्न खोजेको स्विकारेका छन्। उनलाई सन् २०१५ मै अदालतले तीन वर्ष लामो कारावास सजाय सुनाएको थियो। तर उनले आफूलाई लगाइएको अभियोगविरुद्ध अपिल गरेकाले मुद्दालाई पुन: नयाँ ढंगले हेर्न शुरू गरिएको हो।

तत्कालीन राष्ट्रिय गुप्तचर सेवा (एनआईएस) का अनुसन्धानकर्ताहरूले इन्टरनेट विशेषज्ञहरू झिकाएर सामाजिक सञ्जालको पोस्टिङको मत सर्भेक्षणलाई यताउता पार्न खोजेको बताइएको छ।

त्यतिबेला पार्क झिनो मत अन्तरले मात्र जितेकी थिइन्। तर पार्कको पार्टीका प्रवक्ता कांग ह्यो सांगले उक्त चुनावपछि पनि एनआईएसले निरन्तर राजनीतिमा हस्तक्षेप गर्ने प्रयास गरेको बताएका छन्। पार्कलाई गत अप्रिलमा भ्रष्टाचार, पदीय अधिकारको दुरुपयोग, राजनीतिक हस्तक्षेप र राष्ट्रिय गोप्य सूचना चुहावट गरेको जस्ता अभियोग लगाइएको थियो।

साथै उनलाई आफ्नी एक निकटतम मित्र चोइ सुन सिललाई राजनीतिक फाइदा दिलाउने लोभमा विभिन्न व्यापारिक कम्पनीहरूबाट अवैध ढंगले पैसा संकलन गर्न लगाएको आरोप पनि लागेको थियो। तर उनले ती अभियोगहरू अस्वीकार गरेकी थिइन्।

# सम्बन्ध विच्छेदको कारक परेवा

जाकार्ता, (एजेन्सी)



प्रेमको प्रतीक मानिने परेवा इन्डोनेसियामा अब सम्बन्ध विच्छेदको प्रमुख कारण बनिरहेको छ। देशमा सम्बन्ध विच्छेदको आवेदनमा अत्यधिक वृद्धिको प्रमुख कारण परेवाप्रतिको प्रेम भएको सञ्चारमाध्यमले जनाएको छ।

इन्डोनेसियाको केन्द्रीय प्रान्त जाभाको धार्मिक अदालतका एक अधिकारीले उनको कार्यलायमा जुलाईमा सम्बन्ध विच्छेदका लागि ९० आवेदन प्राप्त भएको जकार्ता पोस्टलाई बताएका छन्। देशमा सम्बन्ध विच्छेदनको आवेदन गत जुनको तुलनामा धेरै वृद्धि भएको ती अधिकारीले बताए। जुनमा सम्बन्ध विच्छेदका लागि १३ आवेदन प्राप्त भएको थियो।

उनले भने- 'अधिकांश आवेदक पत्नीहरू हुन्। उनीहरूले आफ्ना पति परेवा मोहमा फसेकाले आर्थिक उन्नति हुन नसकेको बताएका छन्।'

परेवा उडाउने खेल इन्डोनेसियामा अत्यन्त लोकप्रिय छ, जसमा भाग लिनेहरूले नगद पुरस्कार पनि प्राप्त गर्छन्। ती परेवालाई पाइलट भन्ने गरिन्छ। आफ्ना पति सबै समय घरको सट्टा परेवासँग बिताउने गरेकाले इन्डोनेसियामा महिलाहरू आफ्ना पतिसँग रुष्ट छन्।

आर्थिक संकटले उनीहरूको स्थिति झन् खराब बनाएको छ। धेरैजसो महिला काम गर्छन् तर पुरुष बेरोजगार छन्।

एक महिलाले उनका पतिले कहिलेकाहीँ मात्रै जितेको पैसा दिने गरेको र तर सामान्यतया उनी चुरोट किन्न पनि पैसा माग्ने गरेको जकार्ता पोस्टलाई बताएकी छिन्।

गृहमन्त्री शर्माले बताउनुभयो- 'जनताको सुरक्षासँग सम्बन्धित कुरालाई लिएर यहाँ धेरै प्रकारका फोहरमैला जम्मा भएका छन्। सबैभन्दा बढी ठगी हुने र धेरै मान्छेले दु:ख पाउने भनेकै यहीँ रहेछ, बढी संख्यामा आपराधिक घटना हुने, दलालले ठग्ने र बेचबिखन हुने जस्ता विकृति देखिएकाले त्यसविरुद्ध सरकारले क्लिन अभियान सञ्चालन गर्न लागेको हो।'

# काठमाडौं क्लिन अभियान शुरू गर्ने गृहमन्त्रीको उद्घोष

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री जनार्दन शर्माले सबै खाले विकृति हटाउन 'क्लिन काठमाडौं अभियान' सञ्चालन गर्ने सोच सरकारले अघि सारिएको बताउनुभएको छ।

गृह मन्त्रालयमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा गृहमन्त्री शर्माले बताउनुभयो- 'जनताको सुरक्षासँग सम्बन्धित कुरालाई लिएर यहाँ धेरै प्रकारका फोहरमैला जम्मा भएका छन्। सबैभन्दा बढी ठगी हुने र धेरै मान्छेले दु:ख पाउने भनेकै यहीँ रहेछ, बढी संख्यामा आपराधिक घटना हुने, दलालले ठग्ने र बेचबिखन हुने जस्ता विकृति देखिएकाले त्यसविरुद्ध सरकारले क्लिन अभियान सञ्चालन गर्न लागेको हो।'

सुरक्षाकर्मी, स्वयंसेवी नागरिक तथा केही प्राविधिक र प्रविधिको सहयोगमा एकीकृत ढंगले अभियान सञ्चालन गरिने तथा काठमाडौंको ठमेल र पोखराको लेकसाइडमा २४ घण्टा व्यवसाय सञ्चालन गर्न सक्ने गरी सुरक्षा प्रबन्ध मिलाइएको बताउँदै गृहमन्त्री शर्माले अब कुनै पनि बहानामा राजमार्ग बन्द गर्न नसक्ने प्रयास भइरहेको उल्लेख गर्नुभयो।

गृह मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै गृह प्रशासन सुधारसम्बन्धी ८४ बुँदे मार्गचित्र प्रस्तुत गर्नुभएका मन्त्री शर्माले आफ्नो मार्गचित्र केही लागू भइसकेको र केही कार्यान्वयनका लागि नीति निर्माणको चरणमा रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार संघीय प्रहरी ऐन मस्यौदाको चरणमा रहेको तथा स्थानीय प्रशासन, विपद् व्यवस्थापन, प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य विधेयकलाई प्राथमिकताका आधारमा छलफल गरी टुंग्याउने काम भइरहेको छ।

काठमाडौं उपत्यकामा राजनीतिक दलगायत विभिन्न संघसंगठनका तर्फबाट आआफ्ना गुनासो र विरोध प्रदर्शन गर्न रत्नपार्कस्थित शान्तिवाटिकामा पूर्वाधारसहित विरोध प्रदर्शनस्थल तोक्ने कि भन्नेबारेमा कुराकानी भइरहेको उहाँले बताउनुभयो।

# भरतपुर-१९ मा हिजैबाट गणना

## पहिलेभन्दा २७ मत कम खस्यो, गणनास्थलमा तारजाली

**नेपाल समाचारपत्र**

चितवन

भरतपुर महानगरपालिका वडा नं १९मा शुक्रबार भएको पुन: मतदानमा ७५ दशमलव ६१ प्रतिशत मतदान भएको निर्वाचन आयोगले जनाएको छ।

मतगणना गर्दागर्दै भएको विवादमा मतपत्र च्यातिएपछि सर्वोच्च अदालतको आदेशअनुसार शुक्रबार पुन: मतदान भएको हो। पुन: मतदान भएका ३ वटा मतदानस्थलका ६ वटा केन्द्रमा गरी २ हजार ८ सय ७० मत खसेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ।

१९ वडामा कुल ३ हजार ७ सय १७ मतदाता रहेका थिए। यसअघि वैशाख ३१ गते भएको निर्वाचनमा २ हजार ८ सय १७ मत खसेको थियो। अहिले भने पहिलेको तुलनामा २७ मत कम खसेको छ।

शुक्रबार बेलुका नै निर्वाचन आयोगमा मतपेटिका ल्याइएकाले साँझबाट मतगणनाको तयारी भएको जनाइएको छ। यसपालि भने मतगणनास्थलमा सीसी टीभी र तारजालीको व्यवस्था गरिएको छ। दलीय प्रतिनिधिहरूको गतिविधिलाई निगरानी गर्नका लागि सीसीटीभी जडान गरिएको जिल्ला निर्वाचन कार्यालय चितवनका प्रमुख हरि ढकालले जानकारी दिनुभयो।

मतगणनामा सहभागी हुने दलका प्रतिनिधिको पहुँच मतपत्रसम्म नहोस् भन्नका लागि तार जालीसमेत लगाइएको छ।

# जगन्नाथ धामको रथयात्रा

प्रताप बानियाँ, म्याग्दी

म्याग्दीको बेनी नगरपालिका-५ गाजेनमा अवस्थित ऐतिहासिक तथा पुरातात्त्विक महत्त्व बोकेको जगन्नाथ मन्दिरको शुक्रबार रथ यात्रा भएको छ। जगन्नाथ मन्दिरधाम गुठी सञ्चालन तथा व्यवस्थापन समितिको आयोजनामा श्रावण शुक्लपक्ष द्वादशी तिथिको अवसर पारेर जगन्नाथको रथयात्रा गरिएको हो।

कार्यक्रमका अतिथि, मन्दिरका पुजारी, सहभागी भक्तजन, गुठी व्यवस्थापन समितिका पदाधिकारी, स्थानीयबासीलगायतले भजनकीर्तनका साथै भगवान् जगन्नाथको मूर्तिसहितको रथयात्रा गरेका हुन्।

जगन्नाथको रथयात्रा भजनकीर्तन गरी मन्दिर परिसरमा परिक्रमा गराइएको थियो। सर्वसाधारण सबैले जगन्नाथको दर्शन गरून् भन्ने उद्देश्यसहित हरेक वर्षको श्रावण शुक्लपक्ष द्वादशी तिथिका दिन जगन्नाथको रथयात्रा गराउने प्रचलन छ। यस दिन जगन्नाथ मन्दिरमा सरकारी भोजको आयोजना गरी खिर खाने प्रचलन रहेको आयोजकले जनाएको छ।

भगवान् जगन्नाथको दर्शनका लागि अन्य समयमा व्यक्तिहरूले १ सय हात साफा ल्याएर आएमा मूर्ति हेर्ने अवसर दिइने परम्परा रहेको थियो। त्यसभन्दा बढीको ल्याएमा पनि मूर्ति देखाउनुपर्ने र तँछाडमछाड हुने भएकाले समितिमार्फत् पुरानो चलनलाई परिवर्तन गरी श्रावण शुक्लपक्ष द्वादशी तिथिको दिन रथयात्राको आयोजना गर्न थालिएको बताइएको छ।



रथयात्रा कार्यक्रममा बेनी नगरपालिकाका प्रमुख हरिकुमार श्रेष्ठले मठमन्दिर र धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन गर्नुपर्ने बताउँदै नगरपालिकामार्फत आवश्यक सहयोग गरिने बताउनुभएको छ। नगर उपप्रमुख सन्जु बरुवालले धार्मिक क्षेत्रको विकासका लागि नगरपालिकाले वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गरिने बताउनुभयो। कार्यक्रममा जगन्नाथको महत्त्व र सरकारी भोजका विषयमा पण्डित दण्डपाणि पौडेलले प्रकाश पार्नुभएको थियो।

शुक्रबार सरकारी भोजको समेत आयोजना गरिएको हुँदा ३५ पाथी चामलको खिरसमेत पकाइएको थियो भने कार्यक्रममा स्थानीय आमा समूह, युवा क्लबलगायतले सहभागिता जनाएका थिए।

यस वर्षको रथयात्रामा म्याग्दीसहित विभिन्न जिल्लाबाट भक्तजनहरू जगन्नाथ मन्दिर दर्शनका लागि आएको आयोजकले बताएको छ।

विसं १५५० मा राजा दिलिपबम मल्लले जगन्नाथको स्थापना गरी आफू सोही ठाउँमा अलप भएको किम्बदन्ती उल्लेख रहेको छ। नेपालमै फरक स्वरूपको आजभन्दा ५ सय २४ वर्ष पुरानो जगन्नाथ मन्दिरभित्र जगन्नाथ, डिम्ब महाराज, गणेश, रामलक्ष्मण, कृष्ण, बलराम, नृसिंह, चतुर्बाहुका मूर्तिहरू रहेका छन्। राजा मल्लले भारतको उडिसा राज्यबाट जगन्नाथ बाबाको मूर्ति ल्याएर स्थापना गरेको बताइन्छ। जगन्नाथकै कारण गाजने गाउँमा कुखुरापालन र मदिरा उत्पादन निषेध गरिएको छ।

# सखाप हुँदै खेतीयोग्य जमिन

कृष्णाउदास खनाल, वीरगन्ज

पर्साको बेल्वा गाउँपालिकाका कृषक नागेन्द्र साहको परिवार पाल्ने खेत आँखैअगाडि दुईदिन परेको वर्षासँगै आएको बाढीले बगाएर सखाप बनाइदियो। उनी स्थानीय नदीको उचित व्यवस्थापनका लागि सरकारसँग माग गर्दै थिए। त्यसो त पीडा उनको मात्रै होइन, उनकै छिमेकी हरि साह, राजदेपवा साहलगायतको पनि उस्तै छ। खेतीयोग्य जमिन बाढीले कटान गर्न थालेपछि उनीहरूको निद हराम भएको हो। सामान्य कुलोको समेत व्यवस्थापन नहुँदा आफूहरूको उठिबास हुने अवस्था आएको पीडितहरूले गुनासो गरे। भर्खर लगाएको धानको बिरुवा पानीले बगाएपछि स्थानीयहरू चिन्तामा परेका छन्।

लगातार दुई दिनको वर्षाको पानीले पर्साको बेलवा गाउँपालिका वडा नं. ४ प्रसौनीमा करिब एक बिगाहा जग्गा कटान गरेको छ।

गाउँमा रहेको कुलो स्थानीयले भरेपछि पानीको उचित निकास नहुँदा खेतहरूमा पानी जम्मा भई स्थानीय नागेन्द्र साह, हरि साह र राजदेवा साहको जग्गाहरू कटान गरेको नेकपा एमाले बेलवा गाउँपालिकाका सचिव सुलेमान अन्सारीले बताउनुभयो।

समयमै पानी नियन्त्रण गर्न अस्थायी बाँध बाँधिएकाले पानी गाउँ नपसेको र ठूलो दुर्घटनाबाट जोगिएको समेत अन्सारीले बताउनुभयो। अहिले १५ घर परिवार उच्च जोखिममा रहेको तथा लगातार एक हप्ता पानी परेमा सो गाउँका सयौं घरहरू डुवानमा पर्ने अन्सारीले बताउनुभयो।

यद्यपि बेलाव गाउँपालिकाका कार्यकारी अधिकृत अमित गिरीले गाउँपालिकासँग बाँध निर्माण गर्न बजेट नभएको बताउनुभयो। तर यसबारे पर्साका प्रमुख जिल्ला अधिकारीलाई ध्यानाकर्षण गराउने र प्रजिअकै अध्यक्षतामा रहेको दैवी प्रकोप उद्धार केन्द्रमार्फत तत्काल समस्या समाधान गर्न पहल गर्ने बताउनुभयो।

उहाँले छिट्टै नापी नक्सा निकाली ऐलानी जग्गा मिचेका र खोला नाला अतिक्रमण गर्नेहरूमाथि कारबाहीको प्रक्रिया अगाडि बढाउने जानकारी दिनुभयो। सार्वजनिक कुलो या नालीको अतिक्रमण गरिएका कारण मानव बस्तीसमेत जोखिममा परेको उहाँको दाबी छ।

# पदाधिकारी बैठकमा अध्यक्षहरूको आलोचना

काठमाडौं, (नेस)

काठमाडौंमा जारी राष्ट्रिय जनता पार्टी नेपालको पदाधिकारी बैठकमा अध्यक्ष मण्डलका सदस्यहरूको चर्को आलोचना भएको छ। साथै आगामी निर्वाचनमा जाने वा नजाने विषयमा मत बाझिएको छ।

बुधबारबाट काठमाडौंस्थित राजपाको केन्द्रीय कार्यालयमा जारी बैठकमा करिब ८० जना पदाधिकारीले आफ्नो विचार राखेका छन्। अधिकांश पदाधिकारीले यथास्थितिमा निर्वाचनमा सहभागी नहुन अध्यक्षमण्डलका सदस्यहरूलाई आग्रह गरेको महासचिव मनिष सुमनले *नेपाल समाचारपत्र*लाई बताउनुभयो। सुमनले यथास्थितिमा निर्वाचनमा गए पार्टीप्रतिको जनताको विश्वास कम हुने अधिकांश पदाधिकारीले तर्क गरेको बताउनुभयो।

यता अर्का महासचिव केशव झाले अधिकांश पदाधिकारीहरूले निर्वाचनमा जानुपर्ने तर्क गरेको बताउनुभएको छ। झाले निर्वाचनमा नगए संगठन समाप्त हुने तर्क केही पदाधिकारीले राखेको बताउनुभयो।

बैठकमा पेस भएको विधानमा अध्यक्षहरूले आफूलाई निरंकुश बनाउने खालका प्रावधान राखेको भन्दै अध्यक्षमण्डलका सदस्यहरूको आलोचना भएको छ। राजपाका नेता डा. सुरेन्द्र झाले सबै अधिकार अध्यक्षहरू आफैमा राखेको देखिएकाले पार्टीको विधान र अध्यक्षहरूको विरोध भएको बताउनुभयो।

शुक्रबार सक्ने भनिएको बैठक शनिबारसम्मका लागि लम्बिएको छ। शनिबार दिउँसो ११ बजे पुन: बस्ने बैठकमा बाँकी पदाधिकारीहरूले बोलेपछि अध्यक्षहरूले बोल्ने कार्यक्रम रहेको छ।

# 'सञ्चार नपुगेको स्थानमा विकास असम्भव'

हेटौंडा, (नेस)

लोकतन्त्र संस्थागत गर्न सञ्चार क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेमा जोड दिइएको छ। प्रेस चौतारी नेपालको आयोजना तथा एफईएसको सहयोगमा 'लोकतन्त्रको सशक्तीकरणमा सञ्चार क्षेत्रको भूमिका' विषयक हेटौंडामा आयोजित कार्यक्रमका सहभागीले यस्तो बताएका हुन्।

कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य तथा सांसद् लालबहादुर यादवले सञ्चारक्षेत्र लोकतन्त्रको आधारशीला भएको बताए। राष्ट्रिय भूमिकासाथ लोकतन्त्रको पहरेदारीमा भूमिका खेल्न उनले सञ्चार क्षेत्रलाई आग्रह गरे। सञ्चार क्षेत्रले सभ्य समाज निर्माणका लागि महत्त्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ। सञ्चार नपुगेको स्थानमा विकास सम्भव नहुने उनले बताए।

नेकपा एमाले केन्द्रीय सदस्य केदार न्यौपानेले संविधान कार्यान्वयन गर्न सञ्चारक्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्ने बताए। नेता र सबै पार्टी खराब भनेर लेख्ने परिपाटी त्यागन आग्रह गर्दै उनले भने- 'अहिलेका समाचार हेर्दा सबै नेता र पाटी खराब भनेर हेर्ने र लेख्ने दृष्टिमा परिवर्तन हुन जरुरी छ।' 'केही व्यक्ति र केही पार्टी पो खराब होलान्, सबै त खराब हुँदैनन्।' -उनले भने। सत्य नबोल्ने र सत्य नलेख्ने हो भने लोकतन्त्र संस्थागत हुन नसक्ने उनको भनाइ छ। कार्यक्रममा नेकपा एमाले केन्द्रीय प्रचार विभाग सचिव विष्णु रिजालले लोकतन्त्रलाई संस्थागत गर्न सबैको भूमिका महत्त्वपूर्ण हुने बताए।

# पूर्वप्रम भट्टराईको शल्यक्रिया

भक्तपुर, (नेस)

नयाँ शक्ति पार्टीका संयोजक डा. बाबुराम भट्टराईको शुक्रबार मूत्रथैलीको सफल शल्यक्रिया गरिएको छ।

गठ्ठाघरस्थित नागरिक कम्युनिटी अस्पतालमा अपराह्न भर्ना हुनुभएका पूर्वप्रधानमन्त्री डा. भट्टराईको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. राकेश बर्माको नेतृत्वको चिकित्सक टोलीले सफलतापूर्वक शल्यक्रिया गरेको अस्पतालका निर्देशक श्रीभक्त कासिछ्वाले जानकारी दिनुभयो।

# सवारी कर उठाउँदै गाउँपालिका

हेटौंडा, (नेस)

मकवानपुरगढी गाउँपालिकाले सवारी पटके करको ठेक्का बन्दोवस्तसम्बन्धी बोलपत्र आह्वान गरेको छ। गाउँपालिकाको असार २९ गतेको गाउँसभाले पास गरेको अर्थिक विधेयक, २०७४ अनुसार आव २०७४/०७५ को बाँकी अवधिका लागि ठेक्का आह्वान गरिएको हो।

# नयाँ वरिष्ठ अधिवक्ता छनोट

काठमाडौं, (नेस)

लाइसेन्स नम्बर २ हजार ८ सय ४५ सम्मका सबै अब वरिष्ठ अधिवक्ता हुने भएका छन्। शुक्रबार प्रधानन्यायाधीश, न्यायाधीशसहितको फुलकोर्टको बैठकले २ हजार ८ सय ४५ लाइसेन्स नम्बरसम्मकालाई वरिष्ठ अधिवक्ता बनाउने निर्णय गरेको सर्वोच्च अदालत स्रोतले जानकारी दिएको छ। सर्वोच्चका अनुसार आइतबारसम्म सम्भवत: २ हजार ८ सय ४५ नम्बरसम्मका सबै अधिवक्ता वरिष्ठ अधिवक्ता बन्नेछन्। पहिले वरिष्ठ अधिवक्ताको संख्या लाइसेन्स नम्बर १ हजार ८ सय २४ सम्म थियो।

## शव...

पशुपति क्षेत्र विकास कोषले दुई वर्षअघि सञ्चालनमा ल्याएको इलोक्ट्रोनिक शवदाह गृह बन्द हुँदा मृतकका आफन्तले थप सास्ती पाएका छन्। दुई वर्षअघि कोषले दुईवटा इलेक्ट्रोनिक शवदाह गृह सञ्चालनमा ल्याएको थियो। मेसिनको मर्मत गर्नका लागि भन्दै एक महिनाअघि कोषले दस जनाको टोलीलाई घुम्न भारतको कोलकाता पठाएको थियो। तर, टोली फर्किए पनि इलेक्ट्रोनिक शवदाह गृह भने सञ्चालनमा आउन सकेको छैन।

पशुपति क्षेत्र विकास कोषले भारतको कलकतास्थित इन्टोमेन कम्पनीसँग खरिद गरेको मेसिनको तीन वर्ष ग्यारेन्टी रहेको छ। कम्पनीले मर्मत सम्भार गर्नुपर्ने सम्झौता गरे पनि कोषको बेवास्ताको कारण मेसिन मर्मतमा ढिलाइ हुँदै आएको बताइएको छ।

पशुपति क्षेत्र विकास कोषले शवदाह गृह सञ्चालनमा आएपछि के-के सामान चाहिन्छ कहिले कहिले मर्मत गर्ने सबै जानकारी भएर पनि बेवास्ता गरेको जोरपाटीका स्थानीय माधव पुडासैनीले बताउनुभयो। कोषले वार्षिक रूपमा मेसिन मर्मत र सामान खरिद गर्नका लगि बजेट छुट्याएर सामान खरिद गरे पनि मर्मत गर्न पनि विभिन्न बहानाबाजी गरिरहेको उहाँले बताउनुभयो।

दाउराबाट जलाउँदा एउटा शव जलाउन ३ घण्टा समय लाग्छ। समय धेरै लाग्ने र झन्झटिलो हुने भएकाले कोषले मेसिनसहित झन्डै १३ करोडमा इलेक्ट्रोनिक मेसिन सञ्चालनमा ल्याएको थियो। समय थोरै लाग्ने र शव जलाउन खर्च पनि कम हुने भएकाले पछिल्लो चरणमा मृतकका आफन्तहरूले इलेक्ट्रोनिक शवदाह गृहमा शव जलाउँदै आएका थिए। इलोक्ट्रोनिक मेसिनमार्फत शव जलाउँदा ४५ मिनेटमा सकिने कोषले बताएको छ। गत वर्ष केही दिन मात्र समस्या आएको थियो। तर यस वर्ष एक महिना बितिसक्दा समेत कोषले मर्मत गर्न सकेको छैन। पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक रमेश उप्रेतीले मेसिन मर्मत गर्ने कम्पनीले सामान ल्याउन ढिलाइ गरेको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'हामीले छिटो गर्नुपर्‍यो भनेका छौं, मर्मत गर्ने कम्पनीले भोलि भोलि भनिरहेको छ।'

शव जलाउने कार्यमा सलग्न हुँदै आएका एक कर्मचारीका अनुसार इलेक्ट्रोनिक शवदाह गृहमा दैनिक १२ देखि १४ शव लगाइने गरे पनि बन्द हुँदा त्यसको असर आर्यघाटमा परेको हो। कोषले इलेक्ट्रोनिक शवदाह गृहमा शव जलाउँदा १० वर्षमुनिकालाई २ हजार र त्यसभन्दा माथिका लागि ४ हजार रुपियाँ शुल्क लिने गरेको छ।

त्यसैगरी दाउराबाट शव लगाउँदा महँगो हुने भएकाले पनि पछिल्लो समयमा मृतकका आफन्तहरूले इलोक्ट्रोनिक शवदाह गृहमा लैजाने गरेका छन्। दाउरामार्फत शव जलाउँदा दसदेखि १४ हजार रुपियाँ खर्च हुने गरेको कोषले बताएको छ।

## पहिरोबाट...

त्यस्तै, देवीस्थान-१ की ७५ वर्षीया खगिसरा सिंजाली र ढोरपाटन नगरपालिका-५ पाखापानीका अन्दाजी ५४ वर्षीया ओम प्रकाश कामी (विक)को मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका डीएसपी अनिल खड्काले बताउनुभयो। खड्काले पाखापानीको पहिरोमा पुरिएका कामीकी छोरी र पत्नीको जीवितै उद्धार गरिएको बताउनुभयो।

उहाँले देवीस्थानका अधिकांश बस्तीबीच भागबाट चर्किएको हुँदा जुनसुकै समयमा पनि पहिरो खस्न सक्ने भएकाले उनीहरूलाई सुरक्षित स्थानमा सारिएको बताउनुभएको छ। देवीस्थानका अन्य सल्लाबोट, देउराली टोल, गौखर्क र नुनथालाका १ सय ५० घरधुरी पहिरोको उच्च जोखिममा रहेका छन्।

## आयल...

लेखाले अख्तियारलाई पठाउन लागेको पत्रमा टेण्डर प्रक्रियाबाट खरिद गरिएको जग्गामा जग्गा धनी अर्को र बिचौलिया अर्को भएको देखिएकाले आवश्यक अनुसन्धान गरी कारबाही गर्न भनिएको छ।

जग्गा प्राप्तिको सरकारी कम्पनीको प्रक्रिया छलेर गोलमटोल रुपमा टेन्डर गर्दै झन्डै १ अर्ब रुपियाँ अनियमितता गरेको आरोप निगमका अधिकारीमाथि समितिका सांसदहरूले लगाएका छन्। निगमले ७ प्रदेशमा तेल भण्डारणका लागि किनेको जग्गा खरिद प्रक्रियाको अध्ययन गर्दा झापा, चितवन र भैरहवामा सार्वजनिक जग्गा खरिद ऐन कार्यान्वयन नगरिएको, जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐन २०३४ लाई मिचेको लेखा समितिले ठहर गरेको छ।

संसद्को उपभोक्ता हित संरक्षण समितिले जनाएअनुसार ७ प्रदेशमा इन्धन भण्डारणका लागि सार्वजनिक जग्गा खरिद गर्ने भनी दिएको निर्देशन विपरीत निजी क्षेत्रको जग्गा खरिद गरेको पाइएको छ। यसअघि निगमका पदाधिकारीहरू लेखा समितिमा गएर आफूहरूले सो प्रकरणमा अनियमितता नगरेको जनाएका थिए।

## कहाँ...

शुक्रबारको व्यवस्थापिका संसद् बैठकमा ४ सय ७७ सांसदले हाजिरी गरेका थिए तर बैठकमा निर्णयार्थ विधेयक पेस हुँदा जम्मा ९७ जना थिए। जसका कारण शुक्रबार पारित हुनुपर्ने तीनवटा विधेयक अलपत्र परेका छन्। संसद् सचिवालयका अनुसार संसद् बैठक शुरू हुँदा हाजिर गर्ने सांसदहरूको संख्या ४ सय ७७ तर कोरम यकिन गर्दा ९७ मात्र सांसद् बैठक कक्षमा भेटिए।

बैठकमा जातीय भेदभाव तथा छुवाछुत कसुरसम्बन्धी विधेयक संशोधन दर्ताका लागि अनुमोदनअघि नेमकिपाका डिल्लीप्रसाद काफ्लेले कोरमको प्रश्न उठाउनुभएको थियो। काफ्लेको ध्यानाकर्षणपछि सभामुख ओनसरी घर्तीले तीन मिनेट जनाउ घन्टी बजाएर कोरम यकिन गर्न सचिवालयका कर्मचारीलाई निर्देशन दिनुभएको थियो।

संविधानको धारा ९४ को व्यवस्थाअनुसार प्रस्ताव निर्णयार्थ पेस गर्दा कम्तीमा एक चौथाइ सदस्य हुनुपर्छ। संसद्मा हाल कायम रहेको संख्याअनुसार प्रस्तावअघि बढ्न १ सय ४८ सांसद् हुनुपर्छ। हाल सदनमा ५ सय ९२ सांसद् छन्। सांसद्ले संसद् बैठकमा उपस्थित भई हाजिर गरेबापत बैठक भत्ता स्वरुप १ हजार रुपियाँ पाउने व्यवस्था छ। तर, महत्त्वपूर्ण विधेयक पारितकै दिन सांसद् बेपत्ता भएका हुन्।

कोरम नपुगेपछि थारु आयोग, मधेसी आयोग र मुस्लिम आयोगको विधेयक पनि अलपत्र परेका छन्। संसद्को अर्को बैठक आइतबार १ बजे बस्नेछ।


**प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको सिलसिलामा रायसुझावको लागि जारी गरिएको सार्वजनिक सुचना**

(प्रकाशित मिति : २०७४/४/२१)

**प्रस्तावकको नाम** : पिके हाइड्रोपावर प्रा. लि., चावहिल-७, काठमाडौं ।
**प्रस्तावको नाम** : लिखु खोला जलविद्युत आयोजना ।

ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिका वडा नं. ३, ४ र ७ (साबिक रावादोलु, खिजीकाती र खिजीचण्डेश्वरी गाविसहरु) र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ३, ४ र ५ (साबिकको कुबुकास्थलि र प्रिति गा. वि. स) भएर बग्ने लिखु खोलामा पिके हाइड्रोपावर प्रा. लि. द्वारा प्रस्तावित लिखु खोला जलविद्युत आयोजनाको लागि खिजीदेम्बा गाउँपालिका वडा नं. ७ (साबिक रावादोलु ९) स्थित साप्सु खोला र लिखु खोलाको दोभान भन्दा करिब ३०० मिटर माथि लिखु खोलामा बाँध बाँधी खोलाको २२ दशमलब ९ घ.मि./प्र.से. पानीलाई करिब ४,२१० मिटर लामो सुरुङबाट लगेर सोही गाउँपालिकाको वडा नं. ३ चण्डेश्वरी नजिक लिखु खोलाको बायाँ किनारमा प्रस्तावित विद्युतगृहबाट ३० मेगावाट बिजुली उत्पादन गरिनेछ र त्यहाँबाट निस्कने पानीलाई करिब १५ मिटर लामो टेलरेस नहरद्वारा पुन लिखु खोलामा नै खसालिनेछ । उत्पादित बिद्युतलाई करिब २२.५ कि.मि. लामो १३२ के.भी. क्षमताको प्रसारण लाइनद्वारा नयाँ खिम्ति स्वीचयार्ड/सबस्टेसनमा जोडिने लक्ष रहेको छ ।

यस आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा रहेको छ । आयोजना निर्माण गर्दा वातावरण तथा स्थानीयबासीहरुमा पर्नसक्ने प्रभाव एवं सो सम्बन्धमा कुनै रायसुझाव भए यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी उपलब्ध गराई दिनुहुनको लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) अनुसार यो सुचना प्रकाशित गरिएको छ । रायसुझावको प्रतिलिपी सम्बन्धित मन्त्रालयमा पनि पठाउन सकिनेछ ।

**आयोजना कार्यान्वयनबाट प्रभाव पर्न सक्ने स्थानहरु**: ओखलढुङ्गा जिल्लाको खिजीदेम्बा गाउँपालिका ३, ४ र ७ (साबिक रावादोलु, खिजीकाती र खिजीचण्डेश्वरी गाविसहरु) र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका वडा नं. ३, ४ र ५ (साबिकको कुबुकास्थलि र प्रिति गा.वि.स.)

**राय सुझाव पठाउने ठेगाना:**

**पिके हाइड्रोपावर प्रा. लि.**

चावहिल – ७, काठमाडौं, पो. ब. न. : ५९४७, काठमाडौ, नेपाल ।
फोन: ९७४१०४८१०७, इमेल : lila.sunuwar5@gmail.com



# अर्थ

कृषिमा उपलब्ध गराइने अनुदानको प्रभावकारी व्यवस्थापन, बाली बीमा प्रवर्द्धन, प्रभावकारी कृषि सूचना तथा सञ्चार प्रणालीको विकासलाई पनि उक्त मार्गचित्रमा समेटिएको छ। त्यस्तै कृषि ऋणको प्रभावकारी कार्यान्वयन, वैज्ञानिक भूमि व्यवस्थापन, भूमि बैंक स्थापना तथा करार खेतीको विकास, कृषि यान्त्रिकरण प्रवर्द्धन तथा कृषि उपजको उत्पादन पछिको क्षती न्यूनीकरणका लागि पनि जोड दिइएको छ।




JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ साउन २१ अगस्ट ५ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०१।५४ | १०१।५४ |
| युरो १ का रु. | १२०।३० | १२०।३० |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३४।५४ | १३४।५४ |
| स्विस फ्रन्क १ का रु. | १०४।७६ | १०४।७६ |
| अस्ट्रलियन डलर १ का रु. | ८०।५७ | ८०।५७ |
| क्यानाडियन डलर १ का रु. | ८०।५६ | ८०।५६ |
| सिङ्गापुर डलर १ का रु. | ७४।६८ | ७४।६८ |
| जापानी यन १० का रु. | ९।१८ | ९।१८ |
| चिनियाँ युआन १ का रु. | १५।१० | १५।१० |
| साउदी अरब रियाल १ का रु. | २७।०७ | २७।०७ |
| कतारी रियाल १ का रु. | २७।८८ | २७।८८ |
| थाई भाट १ का रु. | ३।०५ | ३।०५ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।६५ | २७।६५ |
| मलसियन रिङ्गिट १ का रु. | २३।७३ | २३।७३ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०१ | ९।०१ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।५३ |
| डनिस क्रानर १ का रु. | १६।१७ |
| हङकङ डलर १ का रु. | १२।९९४ |

**नोट**: वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# हकप्रद र बोनसबाटै बीमा कम्पनीहरूको पुँजी वृद्धि

**नेपाल समाचारपत्र**

काठमाडौं

बीमा कम्पनीहरू यतिबेला चुक्ता पुँजी वृद्धिको चटारोमा जुटेका छन्। बीमा समितिले बीमा व्यवसाय सम्बन्धी निर्देशिका जारी गर्दै चुक्ता पुँजी वृद्धि गर्न निर्देशन दिएसँगै बीमा कम्पनीहरू सोका लागि लागि परेका हुन्।

बीमा कम्पनीहरू मर्जर तथा एक्विजिसनका लागि तयार नहुँदा उनीहरूका लागि बोनस शेयर, हकप्रद तथा एफपीओ नै चुक्ता पुँजी बढाउने हतियार हुने देखिएको छ। यसकारण आर्थिक वर्ष २०७४/७५ मा बीमा कम्पनीहरूका कारण शेयर बजारमा बाढी ल्याउने पक्का देखिएको हो।

बीमा समितिको निर्देशनअनुसार बीमा कम्पनीले आव २०७४/७५ को असार मसान्तसम्ममा तोकिएको चुक्ता पुँजी पुऱ्याइसक्नु पर्नेछ। निर्देशनअनुसार जीवन बीमा कम्पनीले चुक्ता पुँजी २ अर्ब रुपियाँ पुऱ्याउनु पर्नेछ भने निर्जीवन बीमा कम्पनीका लागि सो १ अर्ब रुपियाँ तोकिएको छ। वृद्धि गर्ने समय १ वर्ष बाँकी रहँदा अहिले बीमा कम्पनीले धमाधम आफ्ना पुँजी वृद्धि योजना बीमा समितिमा पेस गर्न थालेका हुन्।

निर्देशन अनुसार बीमा कम्पनीहरूले अबको २ साताभित्र दिनभित्र पुँजी वृद्धिको स्पष्ट कार्य योजना र खाकासमेत पेस गरिसक्नुपर्नेछ।

बीमा कम्पनीले समितिमा बुझाएको कार्ययोजना अनुसार सबै बीमा कम्पनीले बोनस र हकप्रद शेयर जारी गरेर चुक्ता पुँजी पुऱ्याउने भएका हुन्। तीमध्ये १ जीवन बीमा कम्पनीले मात्र अहिलेसम्म तोकिएको चुक्ता पुँजी पुऱ्याइसकेको छ। अहिलेसम्म तोकिएको २ अर्ब चुक्ता पुँजी पुऱ्याउने जीबन बीमा कम्पनीमा नेपाल लाइफ इन्स्यौरेन्स मात्र रहेको छ।

यस्तै एसियन लाइफ इन्स्यौरेन्सले १८ करोड ७४ लाख रुपियाँ बराबरको बोनस शेयर जारी गरेर २ अर्ब पुऱ्याउने योजना समितिमा पेस गरेको छ। कम्पनीको ५० प्रतिशत हकप्रद शेयर पनि यतिबेला धितोपत्र बोर्डको पाइपलाइनमा छ।

यस्तै सूर्य लाइफ इन्स्यौरेन्सले ८८ करोड ८३ लाख रुपियाँ बराबरको एफपीओ अथवा हकप्रद जारी गरेर या विदेशी कम्पनीसँग समन्वय गरेर २ अर्ब रुपियाँ चुक्ता पुऱ्याउने योजना लिएको छ। लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) ले २९ करोड रुपियाँ बराबरको हकप्रद जारी गर्दैछ भने प्राइम लाइफले २०६९ सालदेखिको वासलात स्वीकृत भएपछि नाफा र शेयरधनी कोष एकीनपछि तोकेको चुक्ता पुँजी पुऱ्याउने योजना बनाएको छ।

यता, राष्ट्रिय बीमा संस्थानले भने कार्य योजना तयार गरेर स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाएको जानकारी दिएको छ। त्यस्तै प्राइम लाइफले २५ प्रतिशत बोनस शेयर दिने प्रस्ताव गरिसकेको छ।

नेसनल लाइफ इन्स्योरेन्सको र मेट लाइफ (एलिको) ले भने बीमा समितिमा पुँजी वृद्धिको योजना हालसम्म बुझाएका छैनन्। नेसनलले भने साउन २७ गते साधारणसभा गरी बोनस शेयर र बोनसपछि कायम हुने पुँजीबाट हकप्रद जारी गर्ने प्रस्ताव गरिसकेको छ।

यसैगरी निर्जीवन बीमा कम्पनीहरूले पनि पुँजी वृद्धिका लागि हकप्रद र बोनस शेयरकै सहारा लिने भएका छन्। तीमध्ये लुम्बिनी जनरल इन्स्यौरेन्सले चालू आर्थिक वर्षमा १२ करोड ७० लाख रुपियाँ बराबरको बोनस शेयर जारी गरेर १ अर्ब रुपियाँ पुऱ्याउने भएको छ।

त्यस्तै एनबी इन्स्योरेन्सले पनि ४३ करोड २० लाख रुपियाँ बराबरको बोनस शेयर र ४ करोड ४६ लाख रुपियाँ बराबरको हकप्रद ल्याउने योजना बीमा समितिमा पेस गरेको छ। एनएलजी इन्स्यौरेन्सले १२ करोड ३ लाख रुपियाँको बोनस र २९ करोड ५१ लाख रुपियाँ बराबरको हकप्रद जारी गरेर पुँजी वृद्धि गर्ने भएको छ।

यस्तै प्रुडेन्सियल इन्स्यौरेन्सले १० करोड ७८ लाख रुपियाँ बराबरको बोनस शेयर जारी गर्नेछ भने नेको इन्स्यौरेन्सले २३ करोड ५३ लाख रुपियाँ बराबरको हकप्रद जारी गरेर पुँजी पुऱ्याउने योजना बनाएको छ। शिखर इन्स्यौरेन्सले पनि बोनस शेयर दिएर पुँजी वृद्धि गर्दैछ भने प्रिमियर इन्स्यौरेन्सले पनि ४३ करोड ६३ लाख रुपियाँ बराबरको बोनस सेयर जारी गने भएको छ।

हिमालयन जनरल इन्स्यौरेन्सलेले चालू आवको पहिलो त्रैमासभित्रै १ अर्ब २ करोड ७२ लाख रुपियाँ चुक्ता पुँजी पुऱ्याउने बीमा समितिलाई अवगत गराएको छ। यसले अहिले ६६ लाख २० हजार कित्ता हकप्रद शेयर आवेदन खुला गरेको छ। यो हकप्रद बिक्रीपछि कम्पनीले तोकिएको चुक्ता पुँजी पुऱ्याउने बताइएको छ। युनाइटेड इन्स्यौरेन्सले बीमा समितिबाट आव २०७२/७३ को वासलात स्वीकृत भएपछि योजना पेस गर्ने जनाएको छ।

नेपाल इन्स्यौरेन्स, ओरियन्टल इन्स्यौरेन्स, नेसनल इन्स्यौरेन्स, राष्ट्रिय बीमा कम्पनी र सिद्धार्थ इन्स्यौरेन्सले भने पुँजी वृद्धिको योजना अहिलेसम्म पेस गरेका छैनन्। उनीहरूले सो को लागि समय थप गर्न समितिसँग आग्रह गरेको समितिले बताएको छ। एभरेष्ट इन्स्यौरेन्स र प्रभु इन्स्यौरेन्सले पनि बोनस शेयर र हकप्रद जारी गरेर पुँजी वृद्धि गर्ने योजना बनाएका छन्।

## लगानी बोर्डको उपाध्यक्षमा अर्थमन्त्री



काठमाडौं, (नेस)

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले लगानी बोर्डको उपाध्यक्षको जिम्मेवारी पाउनु भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार कार्कीलाई सो जिम्मेवारी दिनुभएको हो।

प्रधानमन्त्री देउवाले मन्त्री कार्कीलाई लगानी बोर्ड ऐन, २०६८ को दफा ३ बमोजिम बोर्डको उपाध्यक्षको जिम्मेवारी तोक्नुभएको हो। लगानी बोर्ड ऐनअनुसार प्रधानमन्त्रीले तोकेको व्यक्ति बोर्डको उपाध्यक्ष हुने व्यवस्था छ।

## सुन्धारामा इजी मोबाइल सेन्टर

काठमाडौं, (नेस)

सुन्धाराको सीटीसी मलमा इजी मोबाइल केयर सेन्टर सञ्चालनमा आएको छ। मलको चौथो तल्लामा नेपालमा नै पहिलोपटक मोबाइलसम्बन्धी सम्पूर्ण सेवा सुविधा एकै थलोबाट उपलब्ध गराउने गरी सञ्चालनमा आएको हो।

# संघीय संरचनाअनुसारको कृषि योजना

**हेमन्त जोशी, काठमाडौं**

कृषि विकास मन्त्रालयले संघीय संरचनामा कृषि आधुनिकीकरणका लागि कृषि विकास मन्त्रालयको मार्गचित्र २०७४ तयार पारेको छ। कृषिमन्त्री रामकृष्ण यादवले संघीय संरचना अनुरुप कृषि क्षेत्रको तत्कालीन, मध्यकालीन र दीर्घकालीन सोचसहितको रुपरेखा तयार गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिएपछि मन्त्रालयले उक्त प्रारुप तयार पारेको हो।

मुलुकको अर्थतन्त्र तथा ग्रामीण रोजगारीमा महत्त्वपूर्ण योगदान दिँदै आएको कृषि क्षेत्रलाई संघीय संरचनाको ढाँचामा कसरी लैजान सकिन्छ भनेर मन्त्रालयले उक्त मार्गचित्र तयार पारेको हो। यसअघि कृषिमन्त्री यादवको निर्देशनमा मन्त्रालयको तत्कालीन, मध्यकालीन र दीर्घकालीन सोच सहितको रुपरेखा ५ दिनभित्र पेश गर्न मन्त्रालयका सहसचिव डा. योगेन्द्रकुमार कार्कीको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरेको गरिएको थियो। उक्त कार्यदलले भौगोलिक परिवेश, उपलब्ध स्रोत साधन र प्रविधि, आन्तरिक तथा बाह्य बजारले उपलब्ध गराएका अवसरहरू लगायत राष्ट्रिय कृषि नीति, कृषि विकास रणनीति र कृषि क्षेत्रका नीतिगत व्यवस्थालाई समेटेर उक्त मार्गचित्र तयार पारिएको संयोजक कार्कीले बताउनुभयो।

नेपाल समाचारपत्रसँग कुरा गर्दै कार्कीले भन्नुभयो-'संवैधानिक व्यवस्थाअनुसार मुलुकको तीन तहको संघीय स्वरुप ग्रहण गर्ने क्रममा रहेको र सो अनुरुप कृषि क्षेत्र सम्बद्ध अधिकार सूचीको तीन तहमा विस्तृतीकरणको प्रत्याभूति कृषकहरू माझ दिलाउने र कृषि प्राविधिकहरूको मनोबल उच्च राख्दै कृषि क्षेत्रको विकासलाई गति दिन हामीले उक्त प्रारुप तयार पारेका हौं।' डा. कार्कीले २०७२ मंसीरमा मन्त्रालयले शुरु गरेको कृषि क्षेत्रका लागि मार्गदर्शन र २० वर्षे कृषि विकास रणनीतिलाई पनि नेपालको नयाँ संविधानको भावना अनुरुप संघीय संरचनामा कार्यान्वयन गर्दै लैजाने बताउनुभयो। 'कृषि विकास रणनीतिले व्यवस्था गरे अनुरुपका 'फ्ल्यागसिप' कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने तथा स्थानीय निकायमा कृषि विकास कार्यक्रमको प्रभावकारी सञ्चालनका लागि कृषि विकास कार्यक्रम संचालन दिग्दर्शन तयार पारिने पनि उहाँले बताउनुभयो।

उक्त मार्गचित्रमा प्रादेशिक कृषि बजारहरूको विकास, विस्तार र आधुनिकीकरणका लागि मुलुकको हालको मागको अवस्था तथा संघीय संरचना अनुसार प्रत्येक प्रदेशमा कम्तिमा एक/एक वटा आधुनिक सुविधा सम्पन्न ठूला बजारको विकासका गर्दै लगिने कुरा उल्लेख गरिएको छ। त्यस्तै पोखरामा कृषि थोक बजार स्थललाई आधुनिकीकरण गर्नका लागि डीपीआर तयारी र वीरगन्जको नगवा र मकवानपुरको हेटौंडामा थोक बजार स्थापनाका लागि गुरुयोजना तयार पार्ने र हाल सञ्चालनमा रहेको मुख्य कृषि उपज बजारको स्तरोन्नती गरिने कुरा उक्त मार्गचित्रमा उल्लेख गरिएको छ।

समग्र कृषि क्षेत्रको विकासका लागि राष्ट्रिय कृषि नीति तथा कृषि विकास रणनीतिलाई मूल नीति मानी कृषि व्यवसाय प्रवर्द्धन विधेयक, कृषि बजार विधेयक लगायत विधेयकहरू निर्माण तथा हाल कार्यान्वयनमा रहेको नीति तथा नियमावलीलाई कृषि विकासमा अनुकुल हुनेगरी सुधार गरिनेछ। उक्त मार्गचित्रमा समावेशी कृषि विकासको अवधारणा अनुसार कृषि विकासमा सबै वर्ग, क्षेत्र तथा समुदायको पहुँच तथा अपनत्वका लागि मुक्त कमैया, हलिया, कम्लरी, महिला, दलित, पिछडिएका वर्गलाई कृषि कार्यका लागि विशेष अनुदानका कार्यहरू स्थानीय तहबाट सञ्चालन गरिने व्यवस्था मिलाइने छ।

कृषकका आवश्यकता सम्बोधन हुनेगरी विकेन्द्रित अनुसन्धान प्रणालीको विकास तथा रणनीतिले लक्षित गरे अनुसार कृषकको माग अनुसारका बाली तथा खेती प्रविधिको विकास तथा विस्तारका लागि वर्तमान अनुसन्धान प्रणालीलाई विकेन्द्रिकृत गरी क्षेत्रगत अध्ययन, अनुसन्धान, एवम् प्रविधि विकास तथा प्रसार केन्द्रका रुपमा विकास गरिने कुरा उक्त मार्गचित्रमा उल्लेख गरिएको छ। हाल संचालनमा आएका बोर्ड, संस्थान एवं समितिको भूमिकालाई विश्लेषण गरी अनावश्यक संरचना खारेजी तथा आवश्यक संरचनाको विकास तथा विस्तार गरिने पनि उक्त मार्गचित्रमा उल्लेख गरिएको छ।

हाल कार्यान्वयनमा रहेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायत आयोजनाको प्रभावकारी कार्यान्वयन, कृषि उपजको उत्पादकत्वमा वृद्धिका लागि नयाँ कार्यक्रम ल्याउने तथा कृषिजन्य वस्तुको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि जोड दिने कुरा पनि उल्लेख गरिएको छ।



२०७४, साउन
शनिबार
२१

धितोपत्र बोर्डका सदस्यले दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नहुने, शेयरमा लगानी गर्न नहुने, सञ्चार माध्यमसँगको सम्बन्ध, बोर्डका कामकाज वा समाचार प्रकाशन गर्न पाउने छैनन्।

अर्थ

# तमोर जलाशययुक्त आयोजना तत्काल अगाडि बढाउन दबाब

**नेपाल समाचारपत्र**

काठमाडौं

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले तल्लो हेवाखोला र काबेली 'ए' जलविद्युत् आयोजनाका कारणले ७ सय ६२ मेगावाट क्षमताको तमोर जलाशययुक्तजस्तो ठूलो आयोजनालाई रोक्न नहुने बताउनुभएको छ। शुक्रबार काठमाडौंमा तमोर जलाशययुक्त आयोजना सरोकार समूह, तमोर जलाशययुक्त आयोजना संयुक्त सरोकार समिति र जलस्रोत तथा ऊर्जा पत्रकार समाज नेपालले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो।

मुलुकमा प्राकृतिक रुपमा उपलब्ध स्रोत साधनको उपयुक्त प्रयोगका लागि आवश्यक योजना र त्यसको उपयोग हुन नसक्दा मुलुक अध्यँरोमै रहेको र अध्याँरोमा मुलुकको विकास र आधुनिकीकरण हुन नसक्ने ओलीले बताउनुभयो। कार्यक्रममा बोल्दै ओलीले साना आयोजना बनाएर ठूलो आयोजना डुबाउने कि ठूला आयोजना बनाएर साना आयोजना डुबाउनु उपयुक्त हो ? भन्दै प्रश्न गर्नुभयो।

कार्यक्रममा ऊर्जा मन्त्रालयका सहसचिव दिनेशकुमार घिमिरेले आयोजना निर्माणका लागि अनुमति लिएका निजी क्षेत्रका आयोजनाको समस्या समाधानका लागि प्रस्ताव आउनुपर्ने बताउनुभयो। 'विद्युत् ऐन २०४९ अनुसार पहिला आवेदन दिनेलाई आयोजना निर्माणका लागि अनुमति दिने व्यवस्था अनुसार अनुमति पाएका तल्लो हेवाखोला र काबेली 'ए' आयोजनालाई पनि व्यवस्थापन गरेर तमोर जलाशययुक्त आयोजना निर्माण गर्न सकिन्छ।'-घिमिरेले भन्नुभयो। ऊर्जा मन्त्रालयको प्रतिबद्धता अनुरुप विद्युत् प्राधिकरणले कम्पनी मोडलमा तमोर जलाशययुक्त आयोजना निर्माणको काम अगाडि बढाउनुपर्ने भए पनि हेवाखोला र काबेली आयोजनाको व्यवस्थापन अहिले चुनौतीका रुपमा देखिएको छ।

कार्यक्रममा प्रदेश नम्बर १ को समृद्धिका लागि उच्च सम्भावना बोकेको तमोर जलाशययुक्त आयोजनालाई उच्च प्राथमिकताका साथ अघि बढाउनुपर्ने उक्त क्षेत्रका सभासद्हरूले धारणा राखेका थिए। पूर्वमन्त्री डा. मीनेन्द्र रिजालले मुलुकलाई लोडसेडिङमुक्त गर्न र विद्युत्मा आत्मनिर्भर बनाउन तत्काल ठूला जलाशययुक्त आयोजना अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो। तमोर जलविद्युत आयोजनाले निर्माणाधीन काबेली 'ए' र तल्लो हेवाखोला जलविद्युत् आयोजना विस्थापित गर्ने हुँदा ती आयोजनाको वार्षिक विद्युत् उत्पादन क्षतिपूर्ति उपलब्ध गराएर तमोर आयोजना तत्काल अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो।

बूढीगण्डकी आयोजनाभन्दा तमोर जलाशययुक्त आयोजना आर्थिक रुपले सस्तो, सामाजिक रुपले कम विस्थापन, वातावरणीय हिसाबले न्यून वातावरणीय प्रभाव र वार्षिक ऊर्जा उत्पादनका हिसाबले करिब आधा लागतमा बूढीगण्डकी आयोजना समान ऊर्जा उत्पादन हुने देखिन्छ। बूढीगण्डकी आयोजनाबाट १० हजार ४ सयभन्दा बढी घर विस्थापित हुने देखिएकोमा तमोर जलाशययुक्त आयोजनाबाट १ सय २६ घरधुरीमात्र विस्थापित हुने देखिन्छ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले सन् १९८५ मा गरेको कोशी नदी जलाधार विकास गुरुयोजनामा उल्लेख गरेको १३ वटा ठूला आयोजनामा तमोर जलाशययुक्त आयोजना पनि एक हो। नेपाल विद्युत प्राधिकरणले गरेको प्राविधिक अध्ययन अनुसार नदीमा २ सय ५ मिटर अग्लो बाँध बनाएर ७ सय ६३ मेगावाट विद्युत् उत्पादन गर्न सकिने छ। उक्त प्रतिवेदनअनुसार आयोजनाको बाँध २ सय ५० मिटरसम्म बढाउने हो भने यसको विद्युत् उत्पादन क्षमता १२ सय मेगावाट र ३ सय मिटर अग्लो बाँध बनाउँदा जडित क्षमता २ हजार ५ सय ६५ मेगावाट हुन आउँछ। यसबाट वार्षिक ४ हजार ९ सय ६८ दशमलव ५६ गिगावाट आवर विद्युत् निकाल्न सकिन्छ।

मन्त्रिपरिषद्बाट पारित राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशक सम्बन्धी अवधारणापत्र, २०७२ मा प्रस्तावित ११ वटा जलाशययुक्त आयोजनामा यस आयोजनालाई ८औं प्राथमिकतामा राखिएको छ। उक्त अवधारणापत्र अनुसार यस आयोजनाको क्षमता ६ सय ९२ मेगावाट रहने र वि.सं. २०८२ भित्र सम्पन्न गरिसक्ने लक्ष्य लिइएको थियो। प्राधिकरणले विभिन्न क्षमतामा अध्ययन गर्दा यो आयोजना ७ सय ६३ मेगावाट भन्दा ठूलो बनाउँदा मात्र आकर्षक हुने देखिएपछि यसको क्षमता ७ सय ६३ मेगावाट कायम गर्न गत फागुन १९ गते ऊर्जा मन्त्रालयलाई आवेदन गरेको थियो।

# सोलारबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारणमा

**नेपाल समाचारपत्र**

काठमाडौं

सौर्य ऊर्जाबाट उत्पादित बिजुली राष्ट्रिय प्रसारणलाइनमा जडान गर्न कामको शुक्रबार थालनी भएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल इन्जिनियर्स एसोसिएसन तथा ऊर्जा अध्ययन केन्द्र, इन्जिनियरिङ अध्ययन संस्थानको संयुक्त सहकार्यमा इन्जिनियर एसोसिएसनको भवनमा जडित सौर्य ऊर्जाबाट उत्पादित विद्युत् नेट मिटरिङ गर्ने कार्यको ऊर्जामन्त्री महेन्द्रबहादुर शाही र जनसंख्या तथा वातावरणमन्त्री मिथिला चौधरीले संयुक्त रुपमा शुरूआत गर्नुभयो।

नेपाल विद्युत प्राधिकरणले गत वैशाखमा नेट मिटरिङ कार्यविधि पास गरेपछि सोही कार्यविधि अनुरुप केन्द्रीय प्रसारण लाइनमा जडान गर्न कार्यको शुरुआत भएको नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष हरेराम श्रेष्ठले बताउनुभयो। एसोसिएसनले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट ४० लाख रुपैँयाको आर्थिक सहयोग प्राप्त गरी उक्त सौर्य ऊर्जा उत्पादन गरेको हो। एसोसिएसनको भवनबाट १५ दशमलव ६ किलोवाट सौर्यविद्युत राष्ट्रिय प्रसारणलाइनमा जोडिएको एसोसिएसनले जनाएको छ।

कार्यक्रममा ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले विदेशी लगानी जुटाउन र गफभन्दा परिणममुखी काम गर्नुपर्ने बेला आएको बताउनु भएको छ। मन्त्री शाहीले विदेशी लगानी ल्याउनका लागि सहज खालको वातावरण बनाउनुपर्नेमा जोड दिनुपर्ने बताउनुभयो। 'हामीले सकेसम्म राष्ट्रिय गौरवका आयोजना राष्ट्रिय लगानीमानै निर्माण गर्नुपर्छ सकिँदैन भने विदेशी लगानी भित्र्याउन सहज वातावरण बनाउन आवश्यक रहेको।' मन्त्री शाहीको भनाइ थियो।

वैकल्पिक ऊर्जाको विकास गर्न सके विद्युत् अभावलाई सम्बोधन हुने ऊर्जासचिव अनुपराज उपाध्यायले बताउनुभयो।

## पूर्णिमा विकास बैंक लिमिटेड
## Purnima Bikas Bank Ltd.

*(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)*

रजिष्टर्ड कार्यालयः सिद्धार्थनगर नगरपालिका, वडा नं ८, रूपन्देही, नेपाल
फोन नं ०७१-५२०८५६, फ्याक्स नं ०७१-५२३०५७
Email: info@purnimabank.com, URL:www.purnimabank.com

### हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

श्री पूर्णिमा विकास बैंक लिमिटेडको मिति २०७४/०२/१५ गतेसम्म कायम साविक शेयरधनीहरूका लागि ४ शेयर बराबर नयाँ १ शेयर (४ : १) को अनुपातमा प्रति शेयर रू.१००/- अंकित दरको ८,८०,९६२.८२ कित्ता हकप्रद शेयरको निष्कासन तथा बिक्री खुल्ला गरिएको र उक्त हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाउने अन्तिम मिति २०७४/०४/२२ गतेसम्म रहेको हुँदा हकप्रद शेयरका लागि दरखास्त बुझाउन बाँकी शेयरधनी महानुभावहरूले **मिति २०७४/०४/२२ गते बैंकिङ्ग समयसम्म** हकप्रद शेयर खरिदका लागि दरखास्त बुझाई आफ्नो हक कायम गर्नु हुन अनुरोध छ ।

| सि.नं. | हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु |
|---|---|
| १. | श्री पूर्णिमा विकास बैंक लिमिटेड, भैरहवा, रुपन्देही तथा यसका सम्पूर्ण शाखा कार्यालयहरु । |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री सिद्धार्थ बैंक लिमिटेडका देशभरीका शाखा कार्यालयहरु । |

**भोली अन्तिम दिन**
**(मिति २०७४/०४/२२ गते बैंकिङ्ग समयसम्म)**

अन्य विस्तृत जानकारीको लागि **मिति २०७४/०३/१ गतेको "आर्थिक अभियान"** दैनिकमा प्रकाशित बैंकको हकप्रद निष्काशन सम्वन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:**

Siddhartha Capital Limited
Investing happiness

पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

# धितोपत्र बोर्डद्वारा आचारसंहिता लागू

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले कर्मचारीको आचारसंहिता लागू गरेको छ। बोर्डले धितोपत्र बजारमा सुशासन कायम गर्ने उद्धेश्यले सो लागू गरिसकेको जानकारी दिएको हो। लागू गरिएको आचारसंहिताको नाम 'नेपाल धितोपत्र बोर्डका बोर्ड सदस्यको आचारसंहिता, २०७४' रहेको छ।

धितोपत्र बोर्ड नियमनकारी निकायका भएका कारण बोर्डका सदस्यहरू सुशासित भए मात्र समग्र बजारमा सुशासन कायम गर्न सकिने भन्दै बोर्डका सदस्यका लागि आचारसंहिता लागू गरेको जानकारी दिएको छ। बोर्डले सूचीकृत संगठित संस्थाको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका तयार पार्ने क्रममा रहेको सन्दर्भमा सो लागू गरिएको हो।

बोर्ड सदस्यका लागि आचरण तथा व्यवहार, इमान्दारीता तथा गोपनीयता, वित्तीय अनुशासन, पदको दुरुपयोग, कार्य जिम्मेवारी अनुसार कार्य सम्पादन गर्नुपर्ने गरी आचारसंहिता बनाइएको हो। आचारसंहितामा बोर्डका सदस्यले दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नहुने, शेयरमा लगानी गर्न नहुने, सञ्चार माध्यमसँगको सम्बन्ध, बोर्डका कामकाज वा समाचार प्रकाशन गर्न नहुने आदि व्यवस्था समावेश गरिको छ।

आचारसंहिता अनुसार बोर्ड सदस्यले आफ्नो कार्यकालमा बोर्डबाट अनुमतिपत्र प्राप्त संस्थाको संस्थापक शेयरमा लगानी गर्न तथा आफ्नो कार्यकालमा दोस्रो बजारमा धितोपत्र खरिद बिक्री गर्न पाउने छैनन्।

त्यस्तै बोर्ड सदस्यले आफूले प्रतिनिधित्व गरेको संस्थाको अतिरिक्त बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी, सूचीकृत संगठित संस्था वा धितोपत्र दर्ता तथा निष्काशन प्रक्रियामा रहेका संगठित संस्थामा सञ्चालक, सल्लाहकार तथा पारिश्रमिक तथा शुल्क पाउने गरी पूर्णकालिन पदाधिकारीको रुपमा रहन नपाउने भएका हुन्।

बोर्ड सदस्य धितोपत्र व्यवसायी, सूचीकृत संगठित संस्था वा धितोपत्रको दर्ता तथा निष्काशन गरेका संगठित संस्थाको आधारभूत शेयरधनी वा पदाधिकारी रहेमा त्यस्तो व्यवसायी, सूचिकृत संगठित संस्था वा धितोपत्र दर्ता तथा निष्काशन गरेका संगठित संस्थाको सम्बन्धमा बोर्डलाई जानकारी दिई त्यस्तो संस्था सम्बन्धी हुने छलफल तथा निर्णयमा सहभागी हुन पाउने छैनन्।

त्यस्तै बोर्ड सदस्यले ओहदाको कर्तव्य पालना गर्दा आफूलाई ज्ञात हुन आएको कुनै कुरा वा बोर्ड वा अन्य माध्यमबाट प्राप्त गरेको वा आफूले लेखेको वा संकलन गरेको कुनै सूचना, कागजात वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट बोर्डको अहित हुने गरी बोर्ड बाहिरका व्यक्ति तथा कुनै पनि किसिमका सञ्चारका माध्यमलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपले संकेत वा प्रकट गर्न नपाउने भएका छन्।

बोर्ड सदस्यले अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी, सूचीकृत संठित संस्था वा धितोपत्र दर्ता तथा निष्काशन प्रक्रियामा रहेका संगठित संस्थालाई कुनै प्रकारको सेवा प्रदान गरेको भए बोर्डलाई सोको जानकारी दिनुपर्नेछ। साथै त्यस्तो संस्थाका सम्बन्धमा बोर्डमा हुने छलफलमा स्वार्थ बाझिने हुँदा त्यस्तो छलफल तथा निर्णयमा भाग लिन नपाईने आचासंहितामा उल्लेख छ।

त्यसैगरी बोर्ड सदस्यले बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी, सूचीकृत संगठित संस्था तथा कारोबारमा आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको व्यक्तिगत तथा पारिवारिक फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाउने छैनन्।

## शेयरधनीहरुको शेयर प्रमाणपत्र हराएको तथा हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

यस कम्पनीले शेयर रजिष्ट्रारको कार्य गरिरहेका तपसिल वमोजिम विवरण भएका बैंक/कम्पनीहरुका शेयरधनीहरुको मृत्यु भएको जानकारी निजका हकवालाले दिएको हुँदा नीजको नाममा कायम रहेको शेयर प्रमाणपत्रहरु नीजको हकवालाको नाममा नामसारी गरि पाउँ भनी रित पूर्वक निवेदन पेश गरेको साथै शेयर प्रमाणपत्रहरु हराएकोले प्रतिलिपि प्रमाणपत्र उपलब्ध गराई पाँउ भनी निवेदन पेश गरेको हुँदा सो माथि कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित मितिले ३५ (पैत्तिस) दिन भित्र स-प्रमाण सहित एस क्यापिटल लिमिटेड लालकोलनीमार्ग, लालदरवार, काठमाण्डौमा निवेदन दिनु हुन अनुरोध गरिन्छ । अन्यथा उक्त मिति पछि सो शेयरहरु आवश्यक प्रकृया पूरा गरि निवेदनमा माग भए बमोजिमका हकवालाको नाममा नामसारी तथा प्रतिलिपि शेयर प्रमाणपत्र जारी गरिने ब्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद पछि तथा रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
Lumbini General Insurance Company Limited
ज्ञानेश्वर, काठमाण्डौ, नेपाल
फोन नं. : ०१-४४११७०७, फ्याक्स नं.:०१-४४११६९२

**प्रतिलिपि शेयर प्रमाण-पत्र जारी हुने:**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | लक्ष्मी भट्टराई, १०, गैडाकोट । | २३१०५,२६८९० | ५२ |
| २. | चित्र बहादुर श्रेष्ठ, काठमाडौं । | ८८६ | ३० |

कृषि विकास बैंक लिमिटेड
AGRICULTURAL DEVELOPMENT BANK LIMITED
रामशाहपथ, काठमाण्डौं
फोनः ४२५२३५९, फ्याक्स : ४२६२९२९

**हकवालाको नाममा नामसारी दाखिल खारेज हुने सम्वन्धमा:**

| सि.नं. | मृतक शेयरधनीको नाम | मृत्यु भएको मिति | शेयर प्र.प.नं.र शेयर संख्या | हकवालाको नाम तथा नाता |
|---|---|---|---|---|
| १. | राम कुमार शर्मा/१०१ | २०७१/१०/०१ | ५००९५,३०१७१७,५००८४२(१००) | सरला रिमाल न्यौपाने/८३८४/७७६४(पत्नी) |
| २. | सिंगी नामग्याल तामाङ्ग/२९४ | २०५८/०१/१० | ५१४५६०,३१५७९४,६६२३८(१७८) | कामी तामाङ्ग/२९६(छोरा) |
| ३. | कान्छी बन्जारा/४९७०/५०१ | २०७४/१२/१४ | ५७९३७,५०७२०४,६६७३३७(५२) | चित्र प्रसाद बन्जारा/४९११/५००(पती) |
| ४. | खुस बहादुर कोइराला/९००/६१५ | २०५७/०३/०९ | ४८८७५४,३६९४०२८९४४२,६५८०१९(१८७) | हारदिक माया कोइराला/४१२८/८९९(पत्नी) |
| ५. | तिलकराम पन्थ/१४३८ | २०७२/११/१६ | ९७५४२,५४३७५२,६८३३१४,३४५३१०(२७३) | गोमाकला पन्थ/२२२६(पत्नी) |
| ६. | अप्सरा भट्ट/६२९७५ | २०७३/१०/१६ | ३१२३७५,५११११९२,६२४१३,६६९५९३(५७) | विष्णु प्रसाद भट्ट/३४९११(पति) |
| ७. | लक्ष्मण राना मगर/१३५१/१६८० | २०७२/१२/२९ | ५४७८४९,१०२२२९,३४९५९१,२५१७२१(५६३) | मिरा देवी राना मगर/४३७६/४०२३(पत्नी) |
| ८. | टंक प्रसाद अधिकारी/३०५५ | २०७०/१०/१५ | ७६१३५,५२३६७०,३२५०१५,६७५७०५(१३०) | नारायणी देवी अधिकारी/४७६५(पत्नी) |
| ९. | टंकनाथ गजुरेल/४३२९ | २०६९/०८/०५ | ६१३४१,३११४२२,५१०२५६,६६९०४३(७५) | गणेश प्रसाद गजुरेल/२५३८७(छोरा) |
| १०. | मधुसुदन शर्मा आचार्य/८२/१४२४ | २०६४/०७/१४ | ५३३९४८,३३५४०२,८७०९२,६७९८३६(२०२) | माधवी शर्मा आचार्य/९१३८/१४२५(पत्नी) |
| ११. | भक्त बहादुर थापा/२११७ | २०६०/०९/१० | ६७७९३५,५२८९८८,३३०३९४,८१८६२(२६७) | चन्द्र कला थापा/१३८(पत्नी) |
| १२. | यम बहादुर उप्रेती | २०६७/०२/०२ | ५२८०८१,३२९४८१,८०९१०,८२५४७७(४४) | किसान लाल उप्रेती/४३६२/६४१३(छोरा) |
| १३. | राम बहादुर खड्का/४१०९४ | २०६४/०४/११ | ११५४०,२६५३८४,४६५०२०,७६३००७(७२) | सुर्य माया खड्का/४१०९५(पत्नी) |
| १४. | अम्बिकादेवी खरेल/२७७११४४० | २०६९/०८/२२ | ६४४८७०,४५८३९४,२५८६७५,४४२२७५६४३५(१८१) | गंगा प्रसाद खरेल/१४३९(पति) |
| १५. | नानुली महर्जन/१६९८ | २०७३/११/१० | हितग्राही नं:१३०११००००२२२८६७(८१) | शंखलाल महर्जन/२/१५८४(पति) |
| १६. | लाल बहादुर प्रधान/३५०३ | २०७०/०३/१४ | ४६६८५०,७६४८१४,२६७२६२,१३५९२,६४९१८७(३२०) | गोपाल बहादुर प्रधान/१०७९(छोरा) |
| १७. | यदुमणी गौतम/१५०४ | २०७३/०४/०५ | ८०८७४,५२८०४५,३२९४४५(१३६) | शोभा गौतम/५०१०४०/३६०९१(छोरी) |
| १८. | रुकमणी देवी पौडेल | २०६८/०४/०८ | २५४२,६४४०४०,२५६९१५७५४७०४,४५६६५५(६५) | महेश्वर प्रसाद पौडेल/०४/०१/७०/२२८४१(पति) |
| १९. | कृष्ण राज अधिकारी/१२८६ | २०६६/०३/२० | ७३७७९,३२२८१५,५२१५०८(१२५) | गिरीराज अधिकारी/७८५८(छोरा) |
| २०. | शशीधर चौलागाई/२५१९ | २०६२/१२/०८ | ३८७४९,२९१११२७,४९०४१७(३६) | चिन्तामणी चौलागाई/२४१७(छोरा) |
| २१. | शेरमान श्रेष्ठ/३९२२ | २०७०/०३/०८ | ४९६७९३,२९७५८७,७९४५५५,४५६१५(२१८) | तिल कुमारी श्रेष्ठ/३९७३(पत्नी) |
| २२. | उर्व विक्रम थापा/३१/१७२१ | २०७२/०२/२३ | २५०२२२,२८९७३७,४८९०४६,७८६८६१(४५) | रमेश विक्रम थापा/२०१०५४/३११५(छोरा) |
| २३. | कोमल नाथ कोईराला | २०४७/०८/१९ | ४५०२९,४९६२४१,२९७०२७,६६१५३४(९४) | सूर्यनाथ कोईराला/३२०/२१५८(छोरा) |
| २४. | रुप नारायण तिमिल्सिना | २०४४/०४/०५ | ८१५६०४,७०१४९,३१९४१६,५१८१३७,६७३३०१(६५) | नरहरी तिमिल्सिना/११५७२४(छोरा) |
| २५. | पुण्य प्रसाद पौडेल/१२१/४५३८ | २०६७/११/२२ | ८१२५३४,६६७८५,३१६२८२,५१५०४०(४७) | भिमा देवी पौडेल/१२१/४५३८(पत्नी) |
| २६. | खड्ग नारायण श्रेष्ठ/३४१५२६७३ | २०५९/१०/३१ | ७५३४९९,४५५४४५,२५५६८८,६४३४६५,१२३१(६५) | जानुका देवी श्रेष्ठ/१०४५/५४(पत्नी) |
| २७. | योवनाथ आचार्य/१५७२ | २०७१/०१/१६ | ५०२३९४,८०००७४,५२०३१,६६४५९३,३०३३३२(१३२) | मिठाराम आचार्य/८२७८(छोरा) |
| २८. | देवी दत्त घिमिरे | २०५२/१२/२१ | ४७४५२,२९९३१५,४९८४९५,७९६२५६(९१) | चिरन्जीवी घिमिरे/१४४(छोरा) |
| २९. | टिकाराम सापकोटा/५३०८ | २०६५/०९/२७ | ८०५३१,६७७४५२,८२५११६,३२९११४,५२७७१९(६५) | बसुन्धरी सापकोटा/७३६८(पत्नी) |
| ३०. | चित्र बहादुर खड्का/१९९८/६१ | २०७३/०१/२० | ६७०६२९,५१२९७२,६४४९५,३१४१८३,८१०४८१(६५) | बुद्धि बहादुर खड्का/२४१०५१/८३५२(छोरा) |
| ३१. | फुलचन गणेश/७०८४००७१ | २०७१/०७/०७ | २०८८,२५६४९८,४५६२४६,६४३७११,७५४२९७(६५) | मोहन लाल गणेश/७०८४८(छोरा) |
| ३२. | राम कृष्ण वर्मा भेटवाल/९/१२०९ | २०५९/०७/१६ | १३९५१,४६७१६२,२६७५८०,६४९३५८,७६५१२५(११६) | सुभाष वर्मा भेटवाल/६०७३(छोरा) |
| ३३. | रत्नमाया पोखरेल/५७७ | २०५५/१०/०५ | ७७९७६,३२६७०८,५२५३३१,६७६४१८,८२४५८९(१९८) | लक्ष्मण पोखरेल/१२११०(छोरा) |
| ३४. | देवी नारायण श्रेष्ठ/६५४/२९४ | २०६५/०४/१८ | ७०७६,२६११५६,४६०८४६,६४५९८४,७५८८६५(१५६) | सुनिल श्रेष्ठ/०११०४६/२५(छोरा) |
| ३५. | मित्रलाल भट्टराई/३९८ | २०५९/०४/२८ | ५२६२११,८२३६१८,३२७५९६,७८९२६ ५२६७३०,८२४१३३,३२८११८,७९४८६, ६७७०६५, ६७६८७५(१३०) | लोक प्रसाद भट्टराई/२७ (छोरा) |
| ३६. | तेज बहादुर थापा/९(१३८९) | २०६९/०५/१२ | ५७३३२,३०७७७६,५०६६९५,६६७०९२,८०४२९१(१७८) | राम मैया थापा/९(१३८७)(पत्नी) |
| ३७. | आसा माया मानन्धर/२७१०५८ | २०४०/०१/०७ | ५०६३४,३०२१५५,५०१२६१,६६३९०४,९७८९७६(२४२) | राम बहादुर मानन्धर/१०५८/७२५९६(छोरा) |
| ३८. | गोविन्द प्रसाद रौनियार/२८२४२९३७ | २०७३/११/२२ | ४७७८८१,७७५७८४,२५४२३,२७८४०६(४५) | देवेन्द्रप्रसाद रौनियार/४४१८२६४२(छोरा) |
| ३९. | कृष्ण प्रसाद दाहाल/४८६१/१२२ | २०७३/१२/०४ | २९६३८,६५५५७०,२८२४८८,४८१८९९,७७९७७९(११३) | दाताराम दाहाल/२९३४६(छोरा) |
| ४०. | कल्पना दाहाल/१९१/१२२१ | २०६१/०६/०४ | ६५५५७३,७७९७८८,२८२४९७,४८१९०८,२९६४८(६८) | दाताराम दाहाल/२९३४६(छोरा) |
| ४१. | मेघराज पाण्डेय/२९९ | २०६२/०२/३० | ५४५९५९,६८४०५६,३४७५३८,९९८७३(२७०) | विदुषा पाण्डेय/१७/२५४१(पत्नी) |
| ४२. | सरस्वती चौधरी/१५ | २०७२/०६/१४ | ६५००१४,६९३३४०,२६९०२०,१५५०५, ३६१७०८,११८५७२(३३७) | सुरत लाल चौधरी/६५८४(पति) |
| ४३. | श्याम बहादुर श्रेष्ठ/४४४००५० | २०७३/०४/२६ | ७८०८५६,६५६०४६,४८२९८५, २८३५९३,३०८११(६८) | सावित्री देवी श्रेष्ठ/४४९००४८(पत्नी) |
| ४४. | कृष्ण प्रसाद अर्याल/१२२०१ | २०६९/०८/०३ | ७८७४७,३२७४२८,५२६०४५,६७६७९३८२३४५३(९०) | एक नारायण अर्याल/२३६८(छोरा) |
| ४५. | इन्द्र प्रसाद बजगाँई/१७६७ | २०४६/१०/०२ | ३८६५५,२९१०३७,४९०३२८,६५८९५८,७८८१३३(६५) | माधव प्रसाद बजगाई/१७६६(छोरा) |
| ४६. | चन्द्र देव शर्मा | २०६४/०१/१८ | ८३७९०,३३२२४५,५३०८१७,८२८१९१(४४) | लोगेश्वरी उपाध्याय/५/८७३२/५६०(पत्नी) |
| ४७. | भैरव बहादुर श्रेष्ठ/१९११/२१४ | २०५९/१०/०५ | ८११५७१,६७११८४,५१४०६८,३१५२९१,६५६९६(६८) | नानीमाया श्रेष्ठ/३४१०(पत्नी) |
| ४८. | हर्ष बहादुर राना/१८६ | २०५६/०६/२४ | ३४३८१९,८३९५९८,५४२२७७,९५९८५(६०) | इन्द्र कुमार राना/३४४१७(छोरा) |
| ४९. | सत्य नारायण श्रेष्ठ/२४४३/३० | २०६१/०४/१६ | ७९९३६६,६६४१३४,५०१६६२,३०२५७३,५१११४६(२४६) | राजेश नारायण श्रेष्ठ/४३३१(छोरा) |
| ५०. | प्रभात खरेल/२७१०६०/३००२३ | २०६७/०२/१४ | ८५२९४९,६९१४६६,११५००३,५५५९८१,३५८७६३(२६४) | मिलन खरेल/३६९(बाबु) |
| ५१. | रिठा बहादुर श्रेष्ठ/४६० | २०४८/०७/१२ | ५१५०८३,३१६३२६,६६८३४(३६) | भोज कुमार श्रेष्ठ/१०००४(छोरा) |
| ५२. | नारायण लाल श्रेष्ठ/३३३३२ | २०७१/०५/१६ | ५२८१७,५०२९९१,३०३९५०,८००६४५,६६४९४५(६५) | नानी छोरी श्रेष्ठ/२८/०१/०७०/०४२३७(पत्नी) |

**प्रतिलिपि शेयर प्रमाणपत्र जारी हुने:**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | शरदा सिग्देल,६,हटिया,मकवानपुर । | ३७६२१ | १४८ |
| २. | खिमानन्द गिरी,६,स्याङ्जा । | ७३३३४ | ३० |
| ३. | नरेश राई,३,पाँचथर । | २१३५९६ | ४० |
| ४. | शंकर प्रसाद आचार्य,६,छैमले,काठमाण्डौ । | ५०९३४ | ५२ |
| ५. | सुरेन्द्र लाल जोशी /ललितपुर । | ५३१५५ | १९४ |
| ६. | शान्ति राई,४,इलाम । | २६५९ | ६१ |
| ७. | भैरब प्रसाद वस्ती,४,गोरखा | ७७६०७ | ३१ |
| ८. | देश बहादुर चापागाई,६,धनकुटा । | १५३९६ | ३१ |
| ९. | गोपाल सिङ सङ्ईता लिम्बु,४,संखुवासभा । | २४२०१ | ७१ |
| १०. | बुद्धि बहादुर थापा,७,चौघडा,नुवाकोट । | ६४२५८ | ३१ |
| ११. | शान्ता कुमारी कार्की,२,खलगां,जाजरकोट । | ८८४३५ | ७१ |
| १२. | गंगा बहादुर बस्नेत,१०,मोरङ्ग । | ३७१३७ | ३० |
| १३. | इन्द्र प्रसाद भट्टराई,३,तनहूँ । | ७३४३३ | १०१ |
| १४. | हरी प्रसाद दाहाल उपाध्याय,१,सर्लाही । | ७२५३४८ | ४३ |
| १५. | शत्रुध्न प्रसाद शाह,६,धनुषा । | ६८५९७१ | ५६५ |
| १६. | जगदीश प्रसाद शाह,९,जनकपुर । | ६५५८३८ | ४९ |
| १७. | रोम प्रसाद धमला,४,ओखलढुङ्गा । | २९६४६ | ३१ |
| १८. | रुमिता जोशी,२२,काठमाण्डौ । | १४१८४२,३८११०७ | ७४ |
| १९. | शान्ता विश्वकर्मा,३,वेल्हारा,उदयपुर । | २२४३३ | ३० |
| २०. | रञ्जु शुक्ल,८,चितवन । | १६४३०९ | ४० |
| २१. | हरी शिव श्रेष्ठ,९ दमौली । | ७३९२७ | ३० |
| २२. | विष्णुमाया धिमाल,६,सुरुङ्ग,झापा । | ५५९२ | ३० |
| २३. | सुर्य नारायण चौधरी,२,सुनसरी । | १८८९९ | १८ |
| २४. | विष्णुमाया देवी पनेरु,४,कंचनपुर । | १७६१६५ | २५० |
| २५. | भरतराज उप्रेती,८,सिन्धुपाल्चोक । | ४१५८० | ३१ |
| २६. | शर्मिला अधिकारी,१६,काठमाण्डौ । | ५२१६५ | ३१ |
| २७. | रामकृष्ण डंगोल,७,नुवाकोट । | ६३९२५,३१३७०० | १५५ |
| २८. | बैज नाथ प्रसाद राय थारु,६,पर्सा । | ४०६९१ | ३१ |
| २९. | होमनाथ लम्साल,३,भरतपुर,चितवन । | ४४००७ | १४७ |
| ३०. | राधा पोखरेल शर्मा,५,कपिलवस्तु । | ७८९४८ | ३१ |
| ३१. | चन्द्र कुमारी भट्टचन,८,म्याग्दी । | ८१३३४ | ३० |
| ३२. | शेर बहादुर भट्टचन,८,म्याग्दी ।( निवेदक चन्द्र कुमारी भट्टचन ) | ८१३७६ | ३० |
| ३३. | निर्मल गौतम,२,ललितपुर । | २१८०७५,४३८०५९,६२८३८९ | ४९ |
| ३४. | टेकराज ढुङ्गाना,५,नुवाकोट । | ६३५५१ | ३२ |
| ३५. | नगीना देवी शाह,९,सप्तरी । | २१३६९७ | ३० |
| ३६. | बसुन्धरा मगरनी,७,तनहुँ । | ७३५५४ | ३० |
| ३७. | प्रदिप कुमार सेढाइँ,३,नुवाकोट । | ७३१०२ | ८१ |
| ३८. | धुब प्रसाद सिग्देल,३,सिन्धुपाल्चोक । | ६४८४९,३१४५०९ | ३३ |
| ३९. | गणेश मान ख्याजु,६,भक्तपुर । | ५५३९८ | ७१ |
| ४०. | हरिराम यादव,१,सर्लाही । | ३५०१६ | ३१ |
| ४१. | कुमार लाल यादव,३,मोरङ्ग ।(निवेदक :भुवनेश्वर यादव) | १३१९१ | ४३ |
| ४२. | हरि प्रसाद रिजाल,९,नवलपरासी ।(निवेदक :देवकी रिजाल) | ९६६०१ | १०१ |
| ४३. | राम प्रसाद सापकोटा,६,दोलखा । | १८६८१७ | ४० |
| ४४. | राधा खत्री,६,धादिङ्ग । | ३९१६८५ | ४ |
| ४५. | गौरीशंकर गौतम,१,काभ्रेपलाञ्चोक । | ५९२१५ | ३० |
| ४६. | आशिष खत्री,३,धादिङ्ग । | ३९१६८४ | ४ |
| | केदार बहादुर खत्री,३,धदिङ्ग । | ३९१६८६ | ४ |
| ४८. | भगवती श्रेष्ठ,९,सिन्धुली । | ३७०८० | ६१ |
| ४९. | नरनारायण पन्थी,८,कपिलवस्तु । | ९३९८८ | ३० |
| ५०. | चिनगुद थारु,६,कपिलवस्तु | ९३८६६ | ३२ |
| ५१. | सेमन्तराज अधिकारी,४,विराटनगर । | १२७९४ | ३१ |
| ५२. | कवि प्रसाद पराजुली,४,काभ्रे । | ५७७७२ | ३१ |
| ५३. | काइली लामा,४,सिन्धुपाल्चोक । | १३७४३५ | ४० |
| ५४. | सरीता प्रधान,७,झापा । | १८२४३१,४१३८८२,६०६८८९ | ४९ |
| ५५. | खम्ब बहादुर बस्नेत-१,मोरङ्ग । | ११६६४ | ४१ |
| ५६. | रामशरण बस्नेत,१५, गोरखा । | ६७६१४८ | १०१ |
| ५७. | बिष्णु माया पराजुली,७, झापा ।(निवेदक :श्याम पराजुली) | ५२२५ | १४५ |

गरिमा विकास बैंक लिमिटेड
GARIMA BIKAS BANK LIMITED
महेन्द्रपुल, पोखरा, नेपाल ।
फोन नं.: ०६१-५३३६९४, फ्याक्स नं.: ०६१५-३३६९६
**साविकको निलगिरी विकास बैंक,शुभेच्छा विकास बैक र गरिमा विकास बैंक लिमिटेड**

**प्रतिलिपि शेयर प्रमाण-पत्र जारी हुने:**

| क्र.सं | शेयरधनीको नाम र ठेगाना | शेयर प्रमाणपत्र नं. | शेयर संख्या |
|---|---|---|---|
| १. | महेश थापा, ७, तनहु । | २२०७ | १९६ |
| २. | अन्जु श्रेष्ठ, १९, ललितपुर । | ३८९५८ | ४ |

**शेयर रजिष्ट्रार**

ACE CAPITAL LIMITED
**एस क्यापिटल लिमिटेड**
**एस डेभलपमेण्ट बैंक लिमिटेडको सहायक कम्पनी**
(नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त)
(निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभुति, शेयर रजिष्ट्रेशन, लगानी ब्यवस्थापन तथा सिडिएससिबाट समेत निक्षेप सदस्यताको कार्य गर्न इजाजत प्राप्त)
**लालकोलनीमार्ग, लालदरबार, काठमाण्डौ, फोनः ४४२६१६१, फ्याक्सः ४४२६१३३**
E-mail: acecapital@ace.com.np ~ URL: www.acecapital.com.np




# अन्ततः नेयमार पीएसजीमा पुगे



लन्डन, (एजेन्सी)

नेयमारको क्लब स्थानान्तरको चर्चा केही सातादेखि चल्दै आएकोमा बिहीबार यसले आधिकारिकता पाएको छ।

नेयमारलाई पेरिस सेन्ट जर्मेन (पीएसजी) ले २२ करोड २० लाख युरोमा बार्सिलोनाबाट किनेको छ। यो अहिलेसम्मकै ट्रान्सफर विन्डोमा विश्व रेकर्ड रकम पनि हो। २५ वर्षीय ब्राजिली खेलाडीले म्यानचेस्टर युनाइटेडले पउल पोग्बालाई किनेको विश्व रेकर्डलाई धेरै पछाडि पारेको छ। युनाइटेडले अगस्ट २०१६ मा युभेन्टसबाट पोग्बालाई ८ करोड ९० लाख पाउन्ड तिरेको थियो।

विश्व रेकर्डका साथ फ्रेन्च लिग पुगेका नेयमारले वर्षमा ४ करोड ५० लाख युरो कमाउनेछन्। त्यस्तै सातामा उनको तलब ८ लाख ६५ हजार युरो हुनेछ। शुरूआतमा पाँच वर्षको सम्झौता भएको नेयमारमाथि करिब ४० करोड पाउन्ड रकम लगानी हुने अनुमान लगाइएको छ। नेयमार निजी जेटमार्फत् पेरिस पुगेका हुन्। नयाँ क्लबमा उनको जर्सी नम्बर १० हुनेछ।

नेयमारले पीएसजीमा आबद्ध भएपछि बताए- 'युरोपका सर्वाधिक चाहेको क्लबमध्ये एक। पेरिस सेन्ट जर्मेनको इच्छा मलाई क्लबमा ल्याउनु हो। म नयाँ चुनौती लिन तयार छु। आजबाट मेरा नयाँ साथी खेलाडीलाई सकेसम्म सहयोग गर्न सक्नेछु।'

पीएसजीले शनिबार यस सिजनको पहिलो खेल अमिन्सविरुद्ध खेल्नेछ। यसै खेलमार्फत् नेयमारलाई समर्थकबीच परिचय गराउने पनि क्लबले जनाएको छ। पीएसजी गत सिजनको च्याम्पियन्स लिगको अन्तिम आठमा पुगेको थियो। तर सोही खेलमा नेयमारको प्रेरणामा बार्सिलोनाले पीएसजीलाई हराएको थियो। गत सिजनमा क्लबले मोनाकोसँग फ्रेन्च लिग उपाधि गुमाएको थियो।

अघिल्लो दिन मात्रै पनि पीएसजीले तिर्न लागेको रकम बार्सिलोनाले लिन अस्वीकार गरेको थियो। यसको जानकारी बार्सिलोनाले आफ्नो वेबसाइटमा दिएको थियो।

ला लिगा क्लबले पीएसजीविरुद्ध युएफामा उजुरी दिने पनि भनेको थियो। पीएसजीले भने बार्सिलोनाले कानुनअनुसार काम नगरेको विचार राखेको थियो।

**पैसाका लागि होइन**

नेयमारले बार्सिलोना छाड्नुको कारण मान्छेले सोचेजस्तो पैसा नभएको बरु इतिहास कोर्न पीएसजी गएको बताएका छन्। नेयमारले पीएसजी पुगेर पहिलोपटक गरिएको पत्रकार सम्मेलनमा उक्त कुरा बताएका हुन्। उनले भने- 'यी मान्छेलाई मेरो व्यक्तिगत जीवनबारे केही पनि थाहा छैन। म कहिल्यै पनि पैसाद्वारा प्रेरक भएको छैन। यदि पैसालाई पछ्याएको भए म कुनै देशको कुनै क्लबबाट खेलिरहेको हुन्थ्यो। मान्छेले यस्तो ठान्नु मलाई साँच्चीकै दुःख बनायो। मलाई खुसी छ कि पीएसजीले मलाई विश्वास गर्‍यो।'

## मन्त्रीलाई खेलाडी संघको ध्यानाकर्षण

काठमाडौं, (नेस)

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले नवनियुक्त युवा तथा खेलकुदमन्त्री राजेन्द्रकुमार केसीलाई बधाई दिनुका साथै खेलकुद र खेलाडीको हितका विषयमा ध्यानाकर्षण गराएको छ। खेलाडी संघका पदाधिकारीहरूले शुक्रबार खेलकुदमन्त्री केसीलाई सिंहदरबारस्थित मन्त्रालयमा भेटी बधाई दिएपछि संघका अध्यक्ष दीपक श्रेष्ठले पत्र बुझाएका हुन्। खेलाडी जीवनपछि आर्थिक कठिनाइबाट गुज्रिनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न खेलाडी र पूर्वखेलाडीलाई सरकारले सामाजिक सुरक्षा (शिक्षा, स्वास्थ्य, बिमा, यातायात, भत्ता) को व्यवस्था गर्नुपर्ने, अन्तर्राष्ट्रिय पदक जितेको प्रतियोगितालाई वर्गीकरण गरी नियमित रूपमा कति भत्ताका रूपमा उपलब्ध गराउने हो भन्नेमा व्यापक अध्ययन/अनुसन्धान गरी नीति बनाउनुपर्ने, नयाँ पुस्ताका खेलाडीलाई खेल क्षेत्रमा आकर्षण बढाउन र अभिभावकलाई पनि खेल क्षेत्रमा भविष्य छ भन्ने बोध गराउन सरकारले नीति ल्याउनुपर्ने तथा स्थानीयदेखि अन्तर्राष्ट्रिय खेलाडीको पहिचान खुल्ने गरी परिचयपत्रको व्यवस्था गरी सो परिचयपत्रको आधारमा विभिन्न क्षेत्रमा निश्चित सहुलियतको व्यवस्था गर्नुपर्नेतर्फ मन्त्री केसीलाई ध्यानाकर्षण गराइएको छ।

त्यस्तै खेल जीवनपछि पनि खेलाडीलाई स्वदेशमै बस्ने वातावरण बनाउन नीतिगत पहल गर्नुपर्ने तथा निर्धारित समयमा दक्षिण एसियाली खेलकुद (साग) जस्ता प्रतियोगिता नहुँदा प्रत्येक संस्करणमा एउटा पुस्ता नै पलायन हुने खतरा भएकाले १३औं सागको तयारी तत्काल शुरू गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराइएको थियो। पत्र बुझेपछि मन्त्री केसीले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीका विषयमा के गर्न सकिन्छ भन्नेमा खेलाडी र सरोकारवालासँग बसेर छलफल गर्ने बताउँदै संघले दिएको सुझावले केही त परिवर्तन आयो है भन्ने बोध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## धरहरा

### कति भाषण मात्रै...



नेताहरूको भाषणभूषण र नाराबाजी देखेर वाक्क भएको धरहराले हिजो राप्रपाका अध्यक्ष कमल थापा (कथा) भने फरक भंगीमा देखिएर रमाइलो लाग्यो। उहाँ आफ्नी पत्नीसहित रुद्राक्षको बिरुवा रोप्ने काममा व्यस्त हुनुभएको रहेछ। कति राम्रो काम। एउटा भए पनि बिरुवा थपियो। त्यसले वातावरण जोगाउन निकै ठूलो मद्दत गर्नेछ। मुलुकलाई केही न केही फाइदा त हुने भयो। खालि भाषण मात्रै गर्दा मुलुकको रामो वातावरणलाई प्रदूषित पार्ने बाहेक केही पनि काम हुँदैन। नेताहरू ठाउँठाउँमा गएर पार नलाग्ने र पूरा नहुने आश्वासन बाँड्दै हिँड्नुको सट्टा यस्तै रचनात्मक काममा लागे कति राम्रो हुन्थ्यो।

कोही भत्केको बाटो पुर्नका लागि कार्यकर्तासहित बाटोमा उत्रिऊन्। कोही पहिरो पन्छाउन जुटून्। कोही खेताला बनेर सर्वसाधारणको काम गर्न जाऊन्। अनि पो बढ्छ रौनक। खालि कार्यकर्तालाई पैसा बाँड्ने, सान सौकत देखाउने, बाटो जस्तासुकै हिलोधुलो होस् अगुवापछुवा लाएर ट्यारट्यार र टुरटुर पार्दै हिँड्न नलजाउने, जनताकोमा गएर झूटो आश्वासन मात्रै बाँड्ने काममा संलग्न नहुने हो कि ? लु न सल्लाहकार महोदयहरू कोही हुनुहुन्छ भने हाम्रा नेता महोदयहरूलाई यो कुरा सम्झाइदिनुपर्‍यो।



## दक्षिण एसियाकी पहिलो महिला प्रशिक्षक



कराची, (एजेन्सी)

पाकिस्तानको एक पुरुष फुटबल टोलीको प्रशिक्षकमा एक महिलालाई नियुक्ति गरिएको छ। महिला फुटबलर र मेनेजर रहिला जरमिनले कराची इलेक्ट्रोनिक नामको टोलीलाई प्रशिक्षण गर्ने भएकी हुन्। पुरुष टोलीलाई प्रशिक्षण दिनेमा उनी दक्षिण एसियाकै पहिलो महिला प्रशिक्षकसमेत बनिन्। अक्सर पुरुष टोली मात्रै होइन महिला टोलीका समेत प्रशिक्षक पुरुष नै हुने गर्छन्। तर पाकिस्तानी फुटबलले पुरुष टोलीका लागि महिलालाई नियुक्त गरेर आश्चर्य निर्णय लिएको भनेर मिडियाले जनाएको छ।

जरमिनले यसअघि जुनियर स्तरमा प्रशिक्षण गरिसकेकी छिन्। उनी लिजर लिगकी ब्रान्ड एम्बासेडर पनि हुन्। बलुचिस्तानमा रहने रहिलाले कलेजको हकी मैदानमा फुटबल खेल्ने गरेकी थिइन्। उनका धेरैजसो विदेशी फुटबलरहरू मनपर्ने खेलाडीमा पर्छन्। जसमा उनको सबैभन्दा मनपर्ने खेलाडी डेविड बेकहाम हुन्। उनीमाथि खेल्ने क्रममा बेकहामकै नकल गर्ने आरोप लाग्ने गर्थ्यो।

## पारा जुडो टोली भारत जाने

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय दृष्टिविहीन पारा जुडो प्रतियोगितामा सहभागी हुन ३ खेलाडीसहित ५ सदस्यीय नेपाली टोली शनिबार भारतको गुजरात जाँदै छ।

नेपाली टोली गुजराजको 'प्रेरणा' नामक संस्थाको निमन्त्रणामा सहभागी हुन लागेको हो। अगस्ट ५ देखि ७ तारिखसम्म हुने प्रतियोगिताको पुरुष ६० केजीमा प्रकाश पाण्डे, ६६ केजीमा आदित्स शेर्पा र ७३ केजीमा मनोज भट्टले आ-आफ्नो क्षमता प्रदर्शन गर्नेछन्। टोली नेतामा नेपाल जुडो संघका महासचिव धर्मकुमार श्रेष्ठ र प्रशिक्षकमा मोहन सुनुवार रहेका छन्। टोलीलाई लायन्स क्लबको काठमाडौं स्वनिगाले ट्र्याकसुट, ब्याग र जुत्ता प्रायोजन गरेको छ। उक्त सामग्री बिदाइ कार्यक्रममै हस्तान्तरण गरिएको थियो। टोलीलाई कीर्तिपुर नगरपालिकाका मेयर तथा नेपाल बहिरा तथा दृष्टिविहीन पारा जुडो संघका अध्यक्ष रमेश महर्जनले शुक्रबार बिदाइ गरे।

## सिर्जना र सरिता अन्तिम दुईमा

हेटौंडा, (नेस)

मकवानपुर तेक्वान्दो डोजाङको आयोजना हेटौंडामा दोस्रो मकवानपुर खुला आमन्त्रण तेक्वान्दो प्रतियोगिता शुरू भएको छ। प्रतियोगितामा महिला ४६ केजीतर्फ मध्यपुतना हेटौंडाकी सिर्जना थापामगर र बुटवलकी सरिता श्रेष्ठले अन्तिम दुईमा स्थान बनाए। पुरुष ५४ केजीतर्फ मध्यपुतना हेटौंडाका भीम लोहार र काठमाडौंका सतिश राईले फाइनलमा स्थान पक्का गरेका छन्। प्रतियोगितामा काठमाडौं, उदयपुर, धादिङ, बुटवल, इटहरी, चितवन, बारा, पर्सा, रौतहट, मकवानपुर र मध्यपुतना हेडक्वार्टरका खेलाडीको सहभागिता छ। प्रतियोगितामा कुल १ सय ६१ खेलाडीले १३ स्वर्णका लागि प्रतिस्पर्धा गरिरहेका छन्।

## अमिर पहिलो

काठमाडौं, (नेस)

अमिर ब्लोनले दोस्रो धनलक्ष्मी महर्जन स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताको जुनियर यु-१९ ब्वाइज सिंगल्समा शुक्रबार स्वर्ण जितेका छन्। सातदोबाटोमा भएको फाइनलमा अमिरले दीपक थापालाई ११-९, ८-११, १२-१० र १७-१५ को सेटमा पराजित गरे।

पुरुष सिंगल्समा साविक उपविजेता अमृत थापामगर र साविक विजेता अरहान्तकेशर सिंह फेरि उपाधिका लागि भिड्नेछन्। सेमिफाइनलमा अमृतले प्रवीणवीरसिंह कंसाकारलाई १३-१५, १०-१२, ११-५, ११-४ र ११-८ तथा अरहान्तले ज्ञानु चौधरीलाई ११-७, ११-५ र ११-३ ले हराउँदै उपाधि भेट पक्का गरेका हुन्।

मास्टर्स ४५ देखि ५४ वर्षसम्मको पुरुष सिंगल्समा प्रज्ज्वलप्रकाश प्रधानले दिलीपनरसिंह अधिकारीलाई ११-७, ११-५ र ११-३ को सोझो सेटमा पन्छ्याउँदै सुदीपबहादुर सिंहसँग फाइनल भेट पक्का गरे। पुरुष सिंगल्सको प्लेटतर्फ रत्नकाजी शाक्य र आकाश सुनुवार फाइनलमा पुगेका छन्।

## छनोट खेलाडीलाई सम्मान

राजविराज, (नेस)

१३औं दक्षिण एसियाली खेलकुद (साग) का भारोत्तोलन खेलतर्फ छनोट भएका जिल्लाका दुई जना खेलाडीलाई शुक्रबार स्थानीय कलाकारहरूले सम्मान गरेका छन्। राजविराजमा आयोजित कार्यक्रममा आयोजक स्थानीय कलाकार समूहले भारोत्तोलन खेलतर्फ छनोट भएका मनोज यादव र रामकुमार यादवलाई खादा र कदरपत्रबाट सम्मान गरेका हुन्। नेपालमा आगामी वर्ष हुने तय भएको १३औं दक्षिण एसियाली खेलकुदको भारोत्तोलनतर्फ छनोट भएका दुवै जना बन्द प्रशिक्षणका लागि आइतबार काठमाडौं प्रस्थान गर्ने कार्यक्रम रहेको सो अवसरमा भारोत्तोलन प्रशिक्षक पुन्तीलाल यादवले जानकारी दिए।

## भारतले ६ सय रन कटायो



**अश्विनले छक्का प्रहार गर्दै आफ्नो अर्धशतक पूरा गरेका थिए। तस्वीर : एजेन्सी**

कोलम्बो, (एजेन्सी)

भारतले श्रीलंकाविरुद्ध दोस्रो टेस्टमा पनि ६ सय रन कटाएको छ। कोलम्बोमा भएको खेलमा शुक्रबार भारतले ९ विकेटको क्षतिमा ६ सय २२ रन बनाएर पहिलो इनिङ समाप्तिको घोषणा गर्‍यो। यसअघि पहिलो टेस्ट गालेमा पनि भारतले पहिलो इनिङमा ६ सय रन बनाएको थियो।

भारतका तल्लो स्थानका खेलाडीले पनि सानदार ब्याटिङ गरेपछि विशाल रनतिर अग्रसर भएको थियो। रविचन्द्र अश्विनले ५४ रन बनाएका थिए। हार्दिक पाण्डेलले २० रन जोडे। उनीहरू आउट भएर पनि भारतले रन वर्षा गरिरहेको थियो। रिद्धिमान साहा र रवीन्द्र जडेजाले आठौं विकेटका लागि ७२ रनको साझेदारी गरेका थिए।

जसमा जडेजा ७० रनमा नटआउट रहे भने साहा ६७ रनमा आउट भएका थिए। यसअघि चेतेश्वर पुजारा १ सय ३३ रनमा र आजिन्क्य रहाणे १ सय ३२ रनमै आउट भएका थिए। रहाणेले १ सय ३ रनबाट ब्याटिङ शुरू गरे पनि उनी धेरै बेर टिक्न सकेनन्। जबकि पुजाराले अघिल्लो स्कोरमा केवल ५ रन जोडेका थिए। उनीहरूले चौथो विकेटका लागि २ सय १७ रनको साझेदारी गरे। श्रीलंकाका बलरमा रंगना हेराथले सर्वाधिक चार विकेट हासिल गरेका थिए।

जवाफमा घरेलु टोली श्रीलंकाको शुरुआत राम्रो भएन। उपुल थारांगा डकआउट भए डिमुथ करुणरत्ने २५ रनमा पवेलियन फर्केपछि श्रीलंका दबाबमा रहेको छ। दोस्रो दिनको खेल समाप्तिसम्म टोलीले २ विकेटको नोक्सानीमा ५० रन बनाएको छ।

**अश्विन विश्वका पहिलो क्रिकेटर**

अश्विनले दोस्रो दिन श्रीलंकाको पतन भएका दुवै विकेट लिएका थिए। उनले यसअघि ब्याटिङमा अर्धशतक पनि प्रहार गरेका थिए। उनी टेस्ट क्रिकेटमा २ हजार रन पूरा गर्न पनि सफल भए। उनी कम टेस्टमा (५१ टेस्ट) २ हजार रन र २ सय ५० विकेट लिने विश्वका पहिलो क्रिकेटरसमेत बनेका छन्। यसअघि न्युजिल्यान्डका रिचर्ड हेडलीले ५४ टेस्टमा सो उपलब्धि हासिल गरेका थिए।

## स्यान्टु र पुरुषोत्तम फाइनलमा



काठमाडौं, (नेस)

नेपाल प्रहरी क्लबका स्यान्टु श्रेष्ठ र नेपाल एपीएफ क्लबका पुरुषोत्तम वज्राचार्य नवौं पूर्णमान वज्राचार्य स्मृति राष्ट्रिय खुला टेबलटेनिस प्रतियोगिताको खुलातर्फ पुरुष सिंगल्समा शुक्रबार फाइनलमा प्रवेश गरेका छन्।

राष्ट्रिय च्याम्पियन स्यान्टुले एपीएफका अमरलाल मल्ललाई ११-५, ११-९, ११-७ र १२-१० तथा पुरुषोत्तमले प्रहरीका पूर्व राष्ट्रिय च्याम्पियन दीप साउनलाई ११-९, ९-११, ११-८, ९-११, ११-४, ५-११ र ११-५ को सेटमा पराजित गरे।

कलेजतर्फ भने स्यान्टुले पुरुष सिंगल्समा स्वर्ण जिते। कलेजको प्रतिस्पर्धामा प्राइम कलेजको प्रतिनिधित्व गरेका स्यान्टुले फाइनलमा लिभरपुल इन्टरनेसनल कलेजका रितिज जोशीलाई ११-६, ११-४ र ११-८ को सोझो सेटमा हराए। टाइम्सका मणिकुमार लामा र सीसीआरसीका आयुश महर्जनले तेस्रो स्थानमा चित्त बुझाए।

मिडियातर्फ पुरुष सिंगल्सको फाइनलमा ट्रि मिडियाका दीपक नेपालीले एनटीभीका मनोहरी थापालाई ११-८, ११-३ र ११-४ को सीधा सेटमा पाखा लगाउँदै स्वर्ण जिते। हाम्रो खेलकुदका दीपेश तिमल्सिना र एनटिभीका मदन आचार्य तेस्रो भए।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ